# पहुँचभन्दा पर

## अपाङ्गता भएका महिला र क्वेर व्यक्तिहरूको अनलाइन स्व-अभिव्यक्ति र यौनिकताको अन्वेषण



Body & Data

पहुँचभन्दा परः
अनलाइनमा अपाङ्गता भएका महिला र क्वेर व्यक्तिहरूको स्व-अभिव्यक्ति र यौनिकताको अन्वेषण


लेखकः शुभ कायष्ठ, ममता पोखरेल

नेपाली अनुवाद : कैलाश राई

सहपाठी समीक्षाः सरिता लामिछाने

सम्पादकः शुभ कायष्ठ

योगदानकर्ताहरू:  श्रीनिधि राघवन, टिगिस्ट एस्. हुसेन, भाले भाले

भाषा सम्पादन: रिता बरामु, कविता राई

ग्राफिक डिजाइन र चित्रकला: सुप्रिया मानन्धर



अनलाइनमा अपाङ्गता भएका महिला र क्वेर व्यक्तिहरूको स्व-अभिव्यक्ति र यौनिकताको अन्वेषण

बडी एण्ड डाटाद्वारा प्रकाशित

२०७७

Body & Data

APC ASSOCIATION FOR PROGRESSIVE COMMUNICATIONS

AMPLIFYCHANGE

# विषयसूची


संक्षिप्त रुप 4

आभार 5

मूल सारांश 6

परिचय 8

- यो अनुसन्धान किन ? 8
- अध्ययनको उद्देश्य 10
- अध्ययन विधि र अध्ययनको सीमा 12
- अध्ययनको नारीवादी नैतिक सिद्धान्त 13
- कार्यात्मक परिभाषा 13

पहुँचको दायरा (स्पेक्ट्रम) 15

यौनिकता र अपांगता भएको शरिर- मौन संस्कृति 19

- अयौनिक वा अतियौनिक रुपमा हेरिनु 20
- परिवर्तित समय 21
- यौनिकताबारे कुरा गर्दै 22
- सुरक्षित थलोहरू अपाङ्गता र यौनिकताबारे सघन छलफलका लागि प्रस्थान विन्दु हुन् 23

स्व-अभिव्यक्तिको लागि अपाङ्गता भएका व्यक्तिहरूद्वारा इन्टरनेटको प्रयोग 26

- अनलाइन व्यक्तित्वमा स्व-नियन्त्रण 27
- अपाङ्गता भएका शरिरहरुलाई अनलाईनमा कसरी प्रतिनिधित्व गराईन्छ 28
- प्रविधिले यौनिकताको अभिव्यक्तिमा कसरी सहजीकरण गर्छ 29
- एक व्यक्तिको बहु-पहिचानहरूको खोजी गर्ने थलो 30

अनलाइनमा सुरक्षित ठाउँको अभाव 34

- अपाङ्गता भएका महिलाहरूको अनलाइन हिंसा अनुभव 34
- इन्टरनेटबिनाको जिवन सुस्त हुनेछ 36

सम्मानजनक अनलाइन जीवनका लागि सुझावहरू 38

- सरकार तथा सरकारी निकायहरूका लागि सुझाव 38
- अपाङ्गता भएका समुदायका लागि सुझाव 39
- प्रविधि विज्ञ र प्रविधि विकासकर्ताहरूका लागि सुझाव 39
- वृहत समुदायलाई सुझाव 39
- अन्य आन्दोलनहरूका लागि सुझाव 40

# संक्षिप्त रुप

APC: Association of Progressive Communication

FGD: Focus Group Discussion

ICT: Internet and communication technologies

LGBTIQA+: Lesbian, Gay, Bisexual, Transgender and Queer, Intersex, Agender, Asexual and Ally community

NDWA: Nepal Disabled Women Association

NGO: Non governmental organization

PWD: Persons with disabilities

SRH: Sexual and Reproductive Health

SRHR: Sexual and Reproductive Health and Rights

UN CRPD: United Nations Convention on the Rights of Persons with Disabilities

WWD: Women with disabilities

# आभार

यो अनुसन्धान विभिन्न क्षेत्रका व्यक्तिहरूको काम र सहयोगको प्रतिफल हो र यस कार्यमा सम्मिलित सम्पूर्णप्रति हामी आभार प्रकट गर्न चाहन्छौ। सर्वप्रथम, अनुसन्धान सहभागीहरू जो अन्तर्वार्ता तथा उत्तरदाता सर्वेक्षणको हिस्सा रहे। तथ्याङ्क संकलनको विविध पक्षहरूको संयोजन गर्ने कविता रतुडी र तथ्याङ्क विश्लेषण एवं प्रतिवेदन लेखनको पाटो सम्हाल्ने ममता पोखरेललाई धन्यवाद। अनुसन्धान उत्तरदाताहरूसमक्ष पुग्न हामीलाई सहयोग गर्नुहुने नेपाल अपाङ्ग महिला संघ, नेपाल नेत्रहीन महिला छात्रावास र अपाङ्गता अभियन्ता रमा ढकालप्रति धन्यवाद।

प्रतिवेदनलाई यो स्वरुपमा ल्याइ पुर्याउन र तथ्यांक विश्लेषण तथा लेखन प्रक्रियामा सहयोग पुर्याउने श्रीनिधि राघवन र शुद्धाशुद्धी तथा साइटेसनको लागि दीक्षा खड्गीप्रति कृतज्ञता व्यक्त गर्दछौँ। सुप्रिया मानन्धरको सम्पादन र साजसज्जा तथा मोहक चित्रकलाहरू (इलस्ट्रेसन)को कदर गर्दछौँ।

अनुसन्धानको अवधारणा कोर्ने देखि प्रतिवेदन लेखन सम्मको प्रक्रियामा सघाउनुहुने एसोसिएसन अफ प्रोग्रेसिभ कम्यूनिकेसन (एपीसी)बाट भाले भाले र टिगिस्ट एस्. हुसेन र इरोटिक्स सेकेण्ड फेज प्वोइन्ट अफ भ्यू इन इण्डियाबाट फेलो पार्टनरहरू, घोषा एण्ड विमेन एण्ड मिडिया कलेक्टिभ इन श्रीलंका, र बंगलादेशका पार्सा सजिद प्रति आभार। यस अनुसन्धानलाई एपीसीमार्फत् आर्थिक सहयोग गर्नुहुने एम्प्लिफाइ चेन्जलाई पनि धन्यवाद दिन चाहन्छौँ। साथै प्रतिबेदनको नेपाली भाषामा अनुवाद गर्नु हुने कैलाश राईलाई पनि धन्यवाद ज्ञापन गर्दछौं।

शुभ कायष्ठ

# मूल सारांश

अपाङ्गता भएका महिला तथा क्वेर व्यक्तिहरूले नेपाली समाजमा ब्राम्हणवादी पितृसत्ता[1], क्वेयरफोबिया र 'सक्षमतावादी '(ableism) मान्यताहरूको कारण तहगत विभेदहरुको सामना गरिरहेका छन्। यसले अपाङ्गता भएका महिला तथा क्वेयर व्यक्तिहरूलाई यौनिकताको अवस्थाबारे स्वतन्त्र रुपमा अन्वेषण(खोज) गर्न, आफ्नो विचार राख्न, र विभिन्न जानकारी तथा सेवा सुविधाहरू लिन अवरोध पुर्याउँछ। अपाङ्गता भएका व्यक्तिहरूको सवालमा विभिन्न कानूनी प्रावधानहरूका बाबजुद यस्ता अवरोधहरू यथावत छन्। उनीहरूको छनौट र इच्छाहरूलाई लिएर निरन्तर रुपमा मूल्याङ्कन गर्ने र उपहासको विषय बनाउने गरिन्छ। अन्य व्यक्तिहरूलाई मात्र सोचेर निर्धारण गरेकै मापदण्ड अनुरुप अपाङ्गता भएका व्यक्तिहरूले व्यवहार गर्नुपर्ने, बोल्नु पर्ने,र प्रस्तुत हुनुपर्ने अपेक्षा राखिन्छ। सोहि मापदण्डभित्र बसेर अपाङ्गता भएका महिलाहरूको आधारभूत आवश्यकताहरू के के हुन् त् भन्ने अनुमान गरिन्छ जसले आम रुपमा यौन र यौनिकताको बिबिध पाटालाई बेवास्था गर्छ। अझ, अपाङ्गता भएका व्यक्तिहरूलाई पुरातनवादी मान्यतामा 'विचरा/ निम्छरो', सहायताको खाँचो परिरहने र 'एजेन्सी'को लागि असक्षम पात्रको रुपमा हेर्ने गरिन्छ। त्यस्तो दृष्टिकोणका कारण उनीहरूको बास्तबिक भोगाई र प्रतिरोधका कथाहरू मेटीइन्छ भने उनीहरूको शरिरमा निहित अंतर्बर्गीयतालाई(इन्टरसेक्सनालीटि) पाखा लगाइन्छ।

यस्तो अवस्थामा, अनलाइन स्थानहरु अपाङ्गता भएका महिला र क्वेर व्यक्तिहरूका लागि परिवार या बाहिरी दुनियाँको निगरानी र प्रतिबन्धबाट केहि हदसम्म मुक्त हुदै, आफैलाई चिन्ने र अभिव्यक्त गर्ने थलो भएको छ। अनुसन्धानका सहभागीहरूले फेसबुक म्यासेन्जरलाई कुराकानी गर्ने एक माध्यम बनाएका छन्। साझा चौतारीको रुपमा फेसबुक प्रयोग गरिरहेका छन्। अपाङ्गता भएका महिला तथा क्वेर व्यक्तिहरूले काम गर्न, सीपहरू सिक्न, शुभकामना आदानप्रदान गर्न, वा मनोरञ्जन लिनको लागि अनलाइन थलोको प्रयोग गर्ने गरेका छन्। उनीहरू आफुले सहज महशुश गर्न सक्ने ठाउँहरू पनि बनाएका छन्। जहाँ आफ्ना विचार, कविता वा तस्बीरमार्फत् आफूलाई पोख्न या आफ्नो आवेगहरुलाई व्यक्त गर्न सकुन्। उनीहरू आफ्ना साथीहरूको स-साना समूहहरू र सहकर्मीहरूबीच आफ्ना यौन जीवनबारे कुरा गर्छन्। यौन आनन्द आदानप्रदान गर्न, आफूलाई व्यक्त गर्न र डेटिङबारे जान्न/बुझ्नको लागि पनि उनीहरू इन्टरनेटको प्रयोग गर्छन्। जबकी उनीहरूका लागि यस्ता क्रियाकलाप अफलाइनमा निषेधित हुन सक्छ।

यौनिकता (अंग्रेजीमा सेक्सुआलिटी) भन्ने शब्दको बुझाई शिष्टता या अशिष्टताको मान्यताले भरिपूर्ण छ। जसले सोझै यौनलाई इंगित गर्दछ। यौनिक अभिव्यक्ति भन्न साथ् कसैको निजी यौन जीवनका कुराहरू बाहिर ल्याउनु हो भन्ने गलत बुझाइ छ। जबकी यौनिक अभिव्यक्तिभित्र यौन क्रियाकलाप मात्र नभई मानब जीवनका वृहत पक्षहरू समेटिन्छन्। यस अनुसन्धानका सहभागीहरू माझ पनि यौनिकता सम्बन्धि बुझाईमा विरोधाभाष रहेको हामीले पायौं। थोरै सहभागीहरूमा मात्रै उनीहरूको आफ्नै क्रियाकलापहरू यौनिक वा कामूक अभिव्यक्तिभित्रै पर्ने बुझाई रहेको थियो। यद्यपि, हाम्रा धेरैजसो सहभागीहरूले यौन तथा प्रजनन् अधिकारसम्बन्धी कार्यक्रम र सम्मेलनहरूको तस्बीर र सामाग्रीहरूलाई आफ्नो अभियानको हिस्सा मान्दै पोष्ट गर्दै आएको पाइयो। उनीहरूले त्यसलाई आफ्नो व्यक्तिगत अभिव्यक्तिभन्दा टाढा राखेर पूर्णतया आफ्नो अभियानको अंग मानेको भेटियो। उनीहरूले सौन्दर्य, यौनिकता एवं यौन स्वास्थ्यसम्बन्धी जानकारीहरू लिनको लागि समेत नियमित रुपमा इन्टरनेट प्रयोग गर्ने गरेको कुरा बताए। यी उदाहरणहरूले, "यौनिकता" र यौनिक अभिव्यक्तिलाई सीमित तरिकाबाट बुझ्ने गरिएको देखाउँछ।

अनलाइन थलोहरू जोखिमरहित र चुनौतिविहिन भने पक्कै छैनन्। हाम्रो अनुसन्धानले स्व-अभिव्यक्तिको लागि इन्टरनेट प्रयोग गर्न उपकरणहरू माथिको पहुँच र डिजिटल प्रविधिहरू चलाउने सीपको अभाव , महंगो डाटा, भाषिक कठिनाई र अपाङ्गतामैत्री सामाग्री, उपकरण र एप्लिकेसनहरू अपर्याप्त भएको जस्ता कुराहरू पत्ता लगायो। त्यसमाथि, सहभागीहरुले आफ्नो परिवार तथा पार्टनरहरूको अतिसंरक्षण र निगरानी लगायत सामाजिक-सांस्कृतिक पक्षहरूका कारण आफुले सहज रुपमा अनलाइन थलोहरू प्रयोग गर्न नसकेको बताए। त्यस्तै, सहभागीहरुले पोर्नोग्राफीमा आफ्नो समुहको प्रतिनिधित्व र अपाङ्गता मैत्री फर्म्याटको अभावका कारण यौनिकताको बिषयमा अझै खोज र अन्वेषण गर्न गाह्रो भएको कुरा पनि उठाएका थिए।

यस अनुसन्धानमा उत्तरदाताको रुपमा अपाङ्गता भएका अधिकारकर्मीहरूको सहभागिता रहेको थियो। उनीहरूले 'राम्रा' र 'खराब' अभिव्यक्तिबारे आफ्नो बुझाई राखेका थिए

1 ब्राह्मणवादी पितृसत्ता मुख्यत जातको आधारमा स्थापित र सँगसंगै व्यक्तिको लिंग, पेशा र आर्थिक अवस्थाको आधारमा ब्यबस्थित पितृसत्ता हो। जसमा निश्चित जात विशेषगरी ब्राह्मण समुदायका व्यक्ति अझ त्यसमा पनि ब्राह्मण पुरूषहरुको बर्चस्व र शक्ति धेरै हुन्छ। अन्य जातिका मानिसहरु बिशेष गरि दलित समुदायका ब्यक्ति यस्तो ब्यबस्थाको पिंधमा रहन्छन। यसमा महिलाहरुको यौनिकतालाई पनि जातको शुद्धता राख्ने नाममा अनेक नियम र नैतिक सिमा भित्र नियमन र नियन्त्रण गरेको पाइन्छ। यो शब्दलाई पहिलो पटक भारतिय इतिहासविद उमा चक्रवर्तीले दक्षिण एसियामा जातको आधारमा बर्गिकरण हुने सामाजिक व्यवस्थालाई अर्थ्याउने उदेश्यका साथ् प्रयोग गरेको पाइन्छ। (Katju, 2018)

जसमा केही आफ्नै र केही उनीहरूमाथि परम्परागत रुपमा थोपरिएका बिचारहरु थिए। आफ्नो समुदायका लागि सँधै उत्प्रेरकको रुपमा रहीरहनुपर्ने अपेक्षालाई प्रायःजसोले व्यापक रुपमा आत्मसात गरेको पाइयो। फलस्वरूप उनीहरूको अनलाइन व्यवहार पनि सोही अनुरुप हुदै गएको साथै त्यस्ता अपेक्षाले उनीहरुको स्वतन्त्र र अनवरत स्व-अभिव्यक्तिलाई पनि सीमित गरेको देखिन्छ। आम नेपाली समाजमा यौनिक अभिव्यक्तिको रुपमा त्यस्ता कुरा मात्रै स्वीकार्य हुन्छन् जुन लैंगिक द्वसंख्या ('हेटेरोनर्म्याटिभ')[2]को सामाजिक खाका र मान्यताभित्र अटाउंछन्। जस्तै- महिला पुरुषवीचको वैवाहिक सम्बन्ध। अपाङ्गता भएका महिला तथा क्वेर व्यक्तिहरूको यौनिक अभिव्यक्तिलाई अफलाइनमा निरुत्साही गरेको पाइयो। त्यही कुरा अनलाइनमा पनि झल्किन्छ। सहभागीहरूको आफ्नै सामाजिक समूहबाट मात्रै हैन अपाङ्गता अधिकार आन्दोलनबाट समेत उनीहरूलाई नैतिकताको कसीमा राख्ने काम भइरहेको छ। सहभागीहरुमा यौनिक अभिव्यक्तिको स्व-नियन्त्रण पनि व्यापक छ। अरुले गर्ने मूल्याङ्कन, उपहास र अतियौनिकको संज्ञाबाट बच्नका लागि उनीहरु आफुले आफ्नो अभिव्यक्तिलाई अंकुश लाउने काम गरिरहेका छन् वास्तवमा अनावश्यक यौनिक ध्यानाकर्षण (सहभागीहरूको शब्दमा 'नकारात्मक ध्यानाकर्षण') बाट बच्नको लागि उनीहरूले अ-आफ्ना यौन अभिव्यक्तिमा त्यस्तो स्व-नियन्त्रण लागू गरिरहेका छन्।

तथापि, अधिकांश सहभागीहरूले अपाङ्गता भएका महिला र क्वेर व्यक्तिहरूको यौनिकता सम्बन्धि कुराकानी र त्यसको स्वीकार्यता एकदमै महतवपूर्ण विषय हो भन्ने कुरामा जोड दिएका थिए। यौनिकता, आनन्द/सुख र सहमतिको कुराकानीले सामाजिक अस्वीकारोक्ति निम्त्याउँछ भन्ने पनि उनीहरूको धारणा रहेको थियो। त्यस्तो धारणा सहमतीमा आपसी आनन्द/सुख खोज्नका लागि समेत बाधक भएको छ। यौनिक आनन्दको लागि इन्टरनेटमा भएका सामाग्रीहरूको प्रयोग गरेर रमाउनेहरूले समेत अधिकारकर्मीको रुपमा विश्वासनीयता गुम्ने डरले अनलाइनमा त्यस्ता कुराहरू राख्ने गर्दैनन्।

अपाङ्गता भएका महिला र क्वेर व्यक्तिहरूले सामना गर्ने हिंसा वा दूर्व्यवहारहरू प्राय: जसो आक्रमक स्वरुपका हुने गर्छन्। उनीहरूमाथि महिला, क्वेर र अपाङ्गता भएकै पहिचानलाइ लिएर धेरै प्रहार गरिन्छ। उनीहरूले अतियौनिक टिप्पणी देखि यौनको लागि याचना गरिनेसम्मका दूर्व्यवहार खेप्नु परेको छ। केही दूर्व्यवहारहरू सुक्ष्म आक्रोशको स्वरुपमा हुने गर्छन्। जहाँ अपाङ्गता भएका व्यक्तिहरूलाई "सुन्दर" हुनुहुन्छ वा अपाङ्गता भएपनि "सफल" हुनुहुन्छ भन्ने खालको प्रशंसाको आडमा "अपाङ्गता भएझैं देखिंदैनन्" भनेर होच्याउने र उपहास गर्ने गरिन्छ। अरु आक्रोशहरू भावनात्मक श्रमको रुपमा बाहिर आउने गरेका छन्। जहाँ अन्य व्यक्तिहरूले अपाङ्गता भएका महिला र क्वेर व्यक्तिहरूबाट जवाफ पाउनको लागि बारम्बार आफ्ना अनेक जिज्ञासा, कौतुहलता र प्रश्नहरू तेर्स्याइरहन्छन्। सहभागीहरूले अनलाइनमा आफ्नो शारीरिक/अपांगताको अवस्थाबारे खुलाउने वा गोप्य नै राख्ने भन्ने छनौट गर्न पाएको कुरा पनि राखे। त्यसले उनीहरूलाई आफ्नो पहिचानको बिबिध पक्षहरुलाई पनि खोज्न मदत गर्यो। कतिले भने यस्तो छनौटको विकल्पलाई आफूतिर हुने अनावश्यक/अरुचिकर ध्यानाकर्षण हटाउन पनि रणनैतिक रुपमा प्रयोग गरेका छन्।

अपाङ्गता भएका महिला तथा क्वेयर व्यक्तिहरूले आफूलाई व्यक्त गर्न र आफ्नो यौनिकताको अन्वेषण(खोज) गर्नको लागि कसरी डिजिटल थलोको उपयोग गरिरहेका छन् भन्नेबारे सुक्ष्म कुराहरू दर्शाउँदै बडी एण्ड डाटाले 'पहुँचभन्दा परः अपाङ्गता भएका महिला र क्वेर व्यक्तिहरूको अनलाइन स्व-अभिव्यक्ति र यौनिकताको अन्वेषण' नामक यो अन्वेषात्मक अनुसन्धान गरेको छ। अपाङ्गता भएका महिला तथा क्वेर व्यक्तिहरूसँगको व्यक्तिगत गहन अन्तर्वार्ता र लक्षित समूह छलफल (फोकस ग्रुप डिस्कसन-एफजीडी)मार्फत यौनिक तथा स्व-अभिव्यक्तिको लागि उनीहरूले इन्टरनेटको प्रयोग कसरी गरेका छन् भन्ने कुरा बुझ्न यो अनुसन्धान गरिएको हो।

2 अंग्रेजी शब्द हेटेरोनर्म्याटिभ, नेपालीमा लैंगिक द्वसान्ख्यिकको मतलब यस्तो सामाजिक बुझाइ हो जसले समाजमा केवल दुई प्रकारका लिंग/यौनिकता भएका मानिसहरु (महिला र पुरुष ) मात्र हुन्छन् भन्ने ठान्छ र यी बिपरित लिंगीहरुको एक अर्का प्रतिको शारीरिक/यौनिक आकर्षण मात्र सामान्य र जायज मान्छ।र यसले अन्य लैंगिक तथा यौनिक बिबिधता भएका व्यक्तिहरुको अस्तित्व नकार्छ, अजीब ठान्छ वा प्राकृतिक/सामान्य होइन भन्ठान्छ। (Daily Dot, 2018 )

# परिचय

नेपालमा इरोटिक्स दक्षिण एशिया रिपोर्ट (सन् २०१७) को पहिलो चरणको अध्ययनले अफलाइनमा हुने लैंगिक सम्बन्ध(विभेद)का अनेक रूपहरू नै महिलाहरू विरुद्ध हुने अनलाइन हिंसामा पनि देखिएको कुरा औँल्यायो।[3] यस अध्ययनमा नेपालका लैंगिक समानता र यौनिक अधिकार वकालतकर्ताहरू माझ इन्टरनेटको प्रयोगबारे खोज गरिएको छ।

इरोटिक्स दक्षिण एशियाको दोस्रो चरणको अनुसन्धान सोही अध्ययनकै निरन्तरता हो। यो अध्ययन विशेषगरी नेपालमा मात्रै नभएर विश्वभरि नै प्रभावशाली पुरातनवादी संकथनहरूभित्र सीमित पारिइएका प्रतिनिधिमूलक व्यक्तिहरूको समूहका अनुभवहरूमा केन्द्रित गरिएको छ।

हामीले मात्रात्मक (क्वान्टिटेटिभ) अनुसन्धान शुरु गरेपछि नेपालमा अपाङ्गता भएका महिला तथा क्वेर व्यक्तिका अनुभवहरू समावेश गर्नु आवश्यक रहेको महसुस गर्यौं। तसर्थ हाम्रो गुणात्मक (क्वालिटेटिभ) अध्ययनले अपाङ्गता भएका महिला तथा क्वेर व्यक्तिहरूले आफ्नो यौनिकता अभिव्यक्त गर्ने एउटा थलोको रुपमा इन्टरनेटको प्रयोग कसरी गरिरहेका छन् र त्यसमा कस्ता चुनौति र जोखिम छन् त् भन्ने बारे पाठकहरूलाई एकखालको गहन बुझाई उपलब्ध गराएको छ। यो अध्ययनले विभेद र सीमान्तीकरणको जटिल तहहरूलाई खोतलेको छ जसले अपाङ्गता भएका सिमान्तकृत समुह अझ त्यस भित्र पनि महिला र क्वेर व्यक्तिहरुलाई बेवास्था गर्ने गर्छ।

## यो अनुसन्धान किन ?

संयुक्त राष्ट्र संघको अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धी (युएन सीआरपीडी)ले परिभाषित गरे अनुसार अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालिन अशक्तताद्वारा सृजित विभिन्न अवरोधहरूसँगको अन्तरक्रियाको कारणले समाजमा अन्य व्यक्तिहरू सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगमा सहभागी हुन बाधा भएको व्यक्ति समेतलाई जनाउँछ।

यस परिभाषा अनुसार अपाङ्गता भएको व्यक्ति भनिनको लागि जम्मा तीनवटा मुख्य कुरा हुन जरूरी छ।

- शारीरिक, मानसिक वा इन्द्रीय सम्बन्धी दिर्घकालीन अशक्तता भएको।
- समाज वा वरिपरिको वातावरणसँग अन्तरक्रिया गर्दा अवरोधको सामना गर्नुपरेको।
- समाजमा अन्य व्यक्ति सरह समान आधारमा सहभागी हुन नपाएको।[4]

उक्त महासन्धिसँग तालमेल राख्दै, नेपालको अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन २०७४ अपाङ्गतासम्बन्धी कल्याणकारी अवधारणाबाट अधिकारमुखी अवधारणातर्फ अघि बढेको छ। त्यस्तै, अंतर्बर्गीयता (इन्टरसेक्सनालिटी)[5]को पहिचान गर्ने, अपमानजनक कथनहरू हटाउने र त्यस्ता कथनहरूको प्रयोगलाई अपराधीकरण गर्नेतर्फ लम्किएको छ।[6]

महिला र बालिकाहरूले आफ्नो प्रजनन् स्वास्थ्य तथा अधिकारहरू र जुनसुकै हिंसाहरूबाट सुरक्षित रहने अधिकारको उपभोग गर्न संरचनात्मक एवं प्रणालीगत अवरोधहरू झेलीरहेका छन्। यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी सूचना तथा सेवाहरू उनीहरूका लागि कि पहुँचयोग्य छैनन्, कि चाहिँ उनीहरूको सामाजिक-सांस्कृतिक परिवेशले नै उपलब्ध ती सेवाहरू लिनबाट वञ्चित

---

3 Nepal. I., (2017). Exploring the use of the internet among gender equality and sexual rights advocates in Nepal. EROTICS South Asia exploratory research: Sex, rights and the internet

4 Preamble of the UN Convention on the Rights of Persons with Disabilities, 2006

5 अंग्रेजी शब्द 'इन्टरसेक्सनालिटी' लाई नेपालीमा अंतर्बर्गीयता भनिएको हो। यसले कुनै व्यक्तिको एकभन्दा बढी पहिचानहरूको आपसी सम्बन्धभित्र जेलिएका अनेक आयामहरू खोतलेर निकाल्छ। त्यस्ता पहिचानहरू, स्व-परिभाषित र पछि बन्दै गएका वा बन्दै जाने खालका हुन्छन्। अरूहरूसँगको अन्तर्क्रिया/अनुभवहरूबाट बन्दै जाने पहिचानहरू व्यक्तिले आफ्नै अर्थ र परिभाषासहित आत्मसात गर्ने गर्छ। तापनि त्यस्ता पहिचान अरूहरूको राजनीतिक, सामाजिक, आर्थिक र प्राविधिक निकायहरूबाट निर्देशित गरिएको, दिइएको, लादिएको, रुपान्तरण गरिएको, सिकाइएको हुन्छ।

6 (2018, February 20). Committee on the Rights of Persons with Disabilities reviews the report of Nepal. OHCHR. https://www.ohchr.org/EN/NewsEvents/Pages/DisplayNews.aspx?NewsID=22676&LangID=E

गरिरहेको छ।[7]&[8] अपाङ्गता भएका महिलाहरूको हकमा यो अवस्था अझ जटिल छ। शारिरीक अपाङ्गता भएका नेपालका महिलाहरूले त्यस्ता सेवा सुविधाहरू लिँदा विभेद झेल्नुका साथै उनीहरूमाथि दूर्व्यवहार पनि हुने गरेको छ।[9]

*अन्तर्वार्ताका सहभागी : अपाङ्गता भएका व्यक्तिहरूको शरिरबारे खासै कुराकानी हुँदैन। अपाङ्गता भएका व्यक्तिहरूको यौनिक जीवन ओझेलमा छ र त्यो उनीहरूको प्राथमिकतामा पर्दैन। उनीहरूका आमाबाबुका लागि पनि यो प्राथमिकताको कुरा होइन। अपाङ्गता भएका व्यक्तिहरूका लागि आधारभूत आवश्यकताका कुरा अरु नै हुन्। जस्तैः शिक्षामा पहुँच, रोजगारी आदि। केहीले एकदमै आधारभूत रुपमा पाउनुपर्ने कुराहरू पनि पाइरहेका छैनन्, त्यसैले।*

विश्वव्यापी अध्ययनले समकक्षी अन्य व्यक्तिहरूको तुलनामा अपाङ्गता भएका महिलाहरूको यौन तथा प्रजनन् स्वास्थ्य सेवाहरूको पहुँचमा बढी निषेध गरिएको तथ्य देखाएको छ।[10] अझ, उनीहरूले आफ्नो अपाङ्गताको प्रकृति अनुरुप विशेष स्वरुपको हिंसासमेत खेप्नुपर्दछ।

मुलुकी देवानी संहिता ऐन, २०७४ को पारिवारिक कानूनको दफा ७१ को उपदफा (२) र (३) मा भनिएअनुरुपः

(२) कसैले पनि देहायका कुनै अवस्थाको पुरुष वा महिलालाई झुक्याई विवाह गर्न वा गराउन हुँदैनः

(क) शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु (एचआइभी) वा हेपाटइटिस 'बी' रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको,

(ख) यौनाङ्ग नभएको, नपुङ्सक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भैसकेको,

(ग) पूर्ण रुपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रुपमा दृष्टिविहिन वा कुष्ठ रोगी भएको,

(घ) होश ठेगानमा नरहेको,

(ङ) विवाह भैसकेको,

(च) गर्भवती भएको,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको।

(३) उपदफा (२) बमोजिम झुक्याइ विवाह गरेको कारणबाट मर्का पर्ने व्यक्तिले त्यस्तो विवाह बदर गराउन र झुक्याई विवाह गर्ने वा गराउनेबाट मनासिब क्षतिपूर्ति दाबी गर्न सक्नेछ।

महिलाहरू पिँधमा पारिइने शक्ति संरचना यथावतै रहेको हाम्रो समाजमा त्यस्ता कानूनले अपाङ्गता भएका महिलाहरूलाई जोखिममा पार्ने गर्दछ। आफूले विवाह गरेको जोडी/पार्टनरको अपाङ्गताको अवस्थाबारे जानकार नभएको दाबी गर्दै व्यक्तिले त्यस्तो कानूनको दुरुपयोग गर्ने सम्भावना रहन्छ। न्यायपालिकामा अंकित महिला विरुद्ध हुने हिंसाको अभियोगका घटना अनुसार, उनीहरूले आफ्ना जोडी/पार्टनरसँग सहमतिमै विवाह गरेको भएपनि अपाङ्गता भएका महिलाहरूलाई दूर्व्यवहार हुन सक्ने सम्भावना कानूनमा देखिन्छ। यो कुरा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको धारा २३ ले "अपाङ्गता भएका व्यक्तिहरूको जोडीवीच स्वतन्त्र र पूर्ण सहमतिमा विवाह गर्न र परिवार बसाउने अधिकार छ" भनी प्रत्याभूत गरेको अधिकारको विरुद्धमा छ।

वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को 'दफा ६ को प्रजनन् स्वास्थ्य र गर्भावस्थासम्बन्धी गोपनीयता' अन्तर्गत उल्लेख छः "प्रत्येक महिलाको प्रजनन् स्वास्थ्य र गर्भावस्था सम्बन्धी विषय अनतिक्रम्य हुनेछ र निजको मञ्जुरीबिना त्यस्तो विषयको जानकारी अरु कसैलाई दिन वा सार्वजनिक गर्न हुँदैन। तर स्वास्थ्य उपचारको क्रममा सम्बन्धित विशेषज्ञहरूबीच त्यस विषयमा छलफल गर्न वा निजको एकासगोलका परिवारका सदस्य र अठार वर्ष उमेर पूरा नभएको वा होश ठेगानमा नरहेको व्यक्ति भए निजको संरक्षकलाई जानकारी गराउन बाधा पर्ने छैन।"

यस्तो कानुनी भाषाले अपाङ्गता भएका व्यक्तिहरूका अभिभावक वा हेरचाहकर्ताहरूले उनीहरूलाई "प्रदान" गरिएको अधिकारहरू माथि प्रतिबन्ध लगाउछ। यो भनेको कुनै व्यक्तिको मानसिक स्थितिको निदानमा आधारित गोपनियता हुनु सरहको प्राबधान हो जसले व्यक्तिहरूको आफ्नो शरिरबारे बुझ्ने र निर्णय गर्ने स्वायत्तताको सम्मान गर्दैन। यसले परिवार एवं अभिभावकहरूले सँधै अपाङ्गता भएका व्यक्तिहरूकै हितमा निर्णय लिन्छन् भन्ने धारणा पनि राख्दछ। जबकी अध्ययनहरूले अपाङ्गता भएका

7 Morrison, J., Basnet, M., Budhathoki, B., Adhikari, D., Tumbahangphe, K., Manandhar, D., Groce, N. (2014). Disabled women's maternal and newborn health care in rural Nepal: A qualitative study. Midwifery, 30(11), 1132–1139. http://doi.org/10.1016/j.midw.2014.03.012

8 Devkota, H. R., Murray, E., Kett, M., &Groce, N. (2017). Healthcare provider's attitude towards disability and experience of women with disabilities in the use of maternal healthcare service in rural Nepal. Reproductive Health, 14, 79. http://doi.org/10.1186/s12978-017-0330-5

9 Kayastha, S. (2016). Sexuality of women with physical disabilities: Experience and realities [Masters dissertation, Tribhuvan University]. Tribhuvan University Library.

10 Mantsebo.T. (2018 September 26). Sexual and Reproductive Health Rights for Women with Disabilities. Girl's Globe. https://www.girlsglobe.org/2018/09/26/sexual-and-reproductive-health-and-rights-for-women-with-disabilities/

महिलाहरूमाथि निकटतम् व्यक्ति एवं पार्टनरहरूबाट हुने हिंसा र घरेलु हिंसाको दर पनि उच्च[11] रहेको देखाएको छ।

नेपालको कानुनी क्षेत्रमा केही विकास र स-साना सकारात्मक कदमहरू चालिए पनि अपाङ्गता भएका महिलाहरूको सवाललाई अति कम मान्यता दिइएको छ। नेपालको समावेशिताको वृहत भाष्यहरूमा अपाङ्गतासम्बन्धी धेरै मुद्दाहरू गयल छन्[12]। यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार सम्बन्धि आन्दोलनमा अपाङ्गता भएका महिलाहरूको आवश्यकता र चुनौतीका मुद्दाहरू समावेश गरिएको केही उदाहरण छन्। यद्यपि, असमानता र सीमान्तीकरणमा आधारित नेपालका वृहत सामाजिक आन्दोलनहरू, जस्तै- आदिवासी जनजाति आन्दोलन, दलित आन्दोलन, युवा आन्दोलन र यौनिक तथा लैंगिक अल्पसंख्यक/विविधताको आन्दोलन लगायतले आफ्नै समुदायभित्र रहेका अपाङ्गता भएका महिलाहरूका सवालहरूलाई सामेल गरेका छैनन्। यी प्रत्येक आन्दोलनभित्र अंतर्बर्गीय दृष्टिकोणको अभाव रहेको हुँदा अपाङ्गता भएका महिलाहरूलाई अगाडी ल्याउन र उनीहरूको बहु-सीमान्तीकरणको अवस्थालाई सम्बोधन गर्ने ठाउँ साँघुरो छ।

यस्ता भावना तथा विचारहरू स्वयं अपाङ्गता भएका व्यक्तिहरूको आन्दोलनका अधिकांश सदस्यहरूले अभिव्यक्त गर्दै आइरहेका छन्। साउथ एशिया वुमन्स फण्ड कन्भर्जेन्स २०१७ (साउथ एशियन फेमिनिष्ट इभेन्ट) मा आदिवासी जनजाति अभियन्ता चिनिमाया माझीले महिलाभित्रको विविधतालाई ख्याल नगरीकन उनीहरूलाई कसरी एक समरुपी समूहको रुपमा हेर्ने गरिएको छ भन्ने कुरा राख्नुभयो। चिनिमायाका अनुसार, आदिवासी जनजाति महिला र अपाङ्गता भएका महिलाहरूलाई मूलधारको महिला आन्दोलन तथा आदिवासी जनजाति आन्दोलन र अपाङ्गता अधिकारको आन्दोलनमा समेत आफ्ना मुद्दाहरू समावेश गर्न अझैपनि कठिन छ।[13]

त्यस्तै, सरिता लामिछानेले युवाहरूका लागि कार्यरत संघसंस्थाहरूमा अपाङ्गता भएका युवा व्यक्तिहरूलाई रोजगार दिने, पहुचयुक्त ढाँचामा सामग्रीहरू निर्माण गर्ने, वेबसाइट बनाउँने र युवाहरुको परिचालन गर्ने सवालमा अपाङ्गता भएका युवाहरूको समावेशितालाई नकार्ने गरिएको कुरा आफ्नो लेख[14]मा लेख्नुभएको छ। उहाँ अगाडी थप्नुहुन्छ, अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गतासम्बन्धी मुद्दाबाहेकका अरु कुनै पनि मुद्दाहरू उठान गर्न लायक वा सक्षम मानिदैन। उनीहरूलाई संलग्न गराइहालेको खण्डमा पनि फगत 'टोकन'कै रुपमा सीमित राख्ने गरिन्छ।

अपाङ्गता महिला अधिकारकर्मी प्रतिमा गुरुङ लेख्नुहुन्छ :

> "अपाङ्गता भएका महिलाहरूको हकमा सबैभन्दा पहिले परिवारदेखि नै अन्तर्बर्गीय असमानताको सुरुवात हुन्छ जसले उनीहरूको जीवनलाई अभाव, निराशा, र एक्लोपनतर्फ धकेल्दै लैजान्छ। सामाजिक मर्यादाक्रममा तल खसाल्दै उनीहरूलाई प्राय:जसो 'अनावश्यक र अनुत्पादक मानव संसाधन'को रुपमा लिने र मौन राख्ने गरिन्छ। अपाङ्गता भएका महिलाहरूलाई सामाजिक सुरक्षाको अभाव छ। सरकारी सेवा सुविधाबाट वञ्चित छन्। उनीहरुको अधिकार र सेवा वितरणको सवालमा पनि त्यसको पहिचान र संवेदनशीलताको नै अभाव छ। यसैकारण अपाङ्गता भएको महिलाहरु 'वहिष्कृतभित्रका पनि वहिष्कृत' हुन पुगेका छन्।"[15]

अपाङ्गता भएका महिलाहरूले , १)'सक्षमतावादी' दुनियाँमा अपाङ्गता भएका शरिरहरूले खेप्ने वहिष्करण र २) पितृसत्तात्मक जगतमा महिलाहरूले भोग्ने वहिष्करणहरूको मिश्रित भोगाई खेपेका हुन्छन्।

## अध्ययनको उद्देश्य

यो अध्ययन नेपालको संरचनागत अन्यायको कारण अभावमा बाँचिरहेका अपाङ्गता भएका महिला र क्वेर अभियन्ता/अधिकारकर्मीहरूको जीवनको एक झलक हो। यसमा अपाङ्गता अभियन्ता/अधिकारकर्मीहरूले चाहे आफ्ना निजी जीवनमा होस् वा अभियानकै खातिर यौनिकताको खोजी र अभिव्यक्तिको लागि विभिन्न तरिकाबाट कसरी इन्टरनेट प्रयोग गरिरहेका छन् भन्ने गहन अनुभवका कथाहरू छन्। यस अध्ययनमार्फत् हामी महिला अधिकारसम्बन्धी आन्दोलनहरू, यौनिक तथा लैंगिक अधिकारका आन्दोलनहरू र प्रविधिकेन्द्रित छलफलको मूलप्रवाह र मूलधारका भाष्यहरूमा बेवास्ता गरिएका अपाङ्गता भएका महिलाहरूबारे प्रकाश पार्न चाहन्छौं।

यस अध्ययनमा अपाङ्गता अभियन्ता/अधिकारकर्मीहरूको भाषासँगको सहजता र यौनिकताको अवधारणा तथा

11 Women Enabled International. https://www.womenenabled.org/violence.html

12 Lord, A., Sijapati, B., Baniya, J., Chand, O., & Ghale, T. (2016). Disaster, Disability, & Difference: A Study of the Challenges Faced by Persons with Disabilities in PostEarthquake Nepal. Published by Social Science Baha and the United Nations Development Programme in Nepal: Kathmandu. https://ia801605.us.archive.org/28/items/DisasterDisabilityDifferenceMay2016/Disaster-Disability-Difference_May-2016.pdf

13 South Asian Women's Fund (SAWF) Convergence 2017, Kathmandu, Nepal, Notes from the session "Building Inclusive Movement"

14 लामिछाने, सरिता। सन् २०२०। युवा दिवस र सामाजिक मानसिकता। सरल पत्रिका, १५ अगष्ट। https://saralpatrika.com/content/33817/2020-08-15?fbclid=IwAR074-TrxwA3M4JK9jc6vfOzf2WNo1t3rKQp0-CGJ7rXkL4qmmHCFChqnxU#.XzdYhsL4qGY.facebook

15 (Gurung 2010: ii)

यौनिक अधिकार; अनलाइन थलोहरूमा उनीहरूका आवश्यकताहरू; अपाङ्गता भएका महिला र क्वेरहरूमाथि हुने अनलाइन हिंसा र साथ सहयोगको खाँचो पर्ने अरु क्षेत्रहरूको खोजी गरिएको छ। यसको मूल उद्देश्य अनलाइनमा अपाङ्गता भएका महिलाहरुको मुद्दा र त्यसको परिदृश्यको नक्सांकन गर्नु हो। र, नागरिकको रुपमा अपाङ्गता भएका महिलाहरूले आफ्नो अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गर्न वा अभियन्ता/अधिकारकर्मीको रुपमा अनलाइनमार्फत वकालतीय अभियानमा संलग्न हुनबाट उनीहरूलाई रोक्ने पक्षहरूबारे औँल्याउनु पनि हो। हामीले यस अध्ययनलाई अपाङ्गता भएका महिला र क्वेर व्यक्तिहरूको यौनिक तथा प्रजनन् स्वास्थ्य अधिकारसहित उनीहरूको यौनिक अभिव्यक्ति र यौनिकतासम्बन्धी वकालत कार्यमा केन्द्रित गरेका छौँ।

नेपालमा अपाङ्गता अधिकार आन्दोलन ब्राह्मण पुरुषहरूले शुरु गरे। आन्दोलनको नेतृत्व अझैपनि उनीहरूले नै गरिरहेका छन्। त्यस्तै, अपाङ्गता अधिकार आन्दोलनभित्र पनि महिला अधिकारका मुद्दाहरूलाई बढीजसो ब्राह्मण महिलाहरूले नै नेतृत्व प्रदान गर्दै आएका छन्। अपाङ्गता आन्दोलन समानताको सिद्धान्तमा आधारित छ। जुन अपाङ्गता भएका महिलाहरूलाई समान अवसर र पहुँच उपलब्ध गराउने एवं उनीहरूको हक अधिकार सुनिश्चित गर्नमा केन्द्रित छ। अपाङ्गता आन्दोलनले आफ्नो समुदायको विशिष्ट आवश्यकता र प्रावधानहरूलाई स्विकारेको छ। तथापि ती आवश्यकता र प्रावधानहरू यौन र यौनिकताको बिषयलाई भने गौण मान्छ र उनीहरूले आफ्ना आधारभूत आवश्यकता जेलाई मानेको छ त्यसको सेरोफेरोमा केन्द्रित छ। अपाङ्गता अधिकार आन्दोलनभित्रै रोजगारको अवसरलाई अधिक जोड दिइएको छ। अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको अपाङ्गताको बाबजुद 'सक्षम' बनाइएको र त्यस्तो आर्थिक आत्मनिर्भरताले उनीहरू सशक्त बन्न सघाएको अवधारणासँग शिक्षालाई गाँस्ने गरिएको छ।

पछिल्लो समय, अपाङ्गता भएको महिला अभियन्ता/अधिकारकर्मीहरूले आफूहरुले खेप्नुपरेको यौन हिंसा रोक्नुपर्ने र तिनको उचित संबोधन गर्नुपर्ने कुरा सहित अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन् स्वास्थ्यप्रति ध्यानाकर्षण गराउन थाले। यद्यपि, नेपालमा उठाइएको यौन तथा प्रजनन् स्वास्थ्य सरोकारका विषय लैंगिक द्विसांख्यिक (हेटेरोनर्म्याटिभ) ब्राह्मणवादी विवाह र मातृत्वको मान्यता मै सिमित छन्। नेपालको मूलप्रवाहको महिला अधिकार आन्दोलन महिलाहरुलाई हिंसाबाट सुरक्षित गराउने माग प्रति बढी केन्द्रित छ भने सामान्यतः महिलाका एजेन्सी'र स्वायत्तताका अरु आयामहरूलाई भने बेवास्ता गरेको पाइन्छ। अपाङ्गता अधिकार आन्दोलनमा पनि त्यस्तै विचारहरूले ठाउँ लिएका छन्। अन्य शरिरहरूसँग अपाङ्गता भएका शरिरहरूको निरन्तर तुलना गर्ने एकनासे प्रवृत्ति पनि रही आएको छ। अपाङ्गता अधिकार आन्दोलनले अन्य शरिरहरूले पाइरहेकै जस्तो सेवा सुविधाहरू आफुले पनि समान रुपमा पाउनु पर्ने माग गर्दै आइरहेका छन्। अन्य शरिरहरूद्वारा उनीहरुकै लागि बनाइएको यस्ता अधिकारहरु समानताको दृष्टिकोणमा आधारित भएको हुँदा अपाङ्गता भएका व्यक्तिहरुका निम्ति स्वत: सीमित हुन्छ। अर्को शब्दमा, अपाङ्गता आन्दोलनले अपाङ्गता भएका व्यक्तिको अन्य शरीरसँग तुलना नगरी , आफु अनुकुल वैकल्पिक/पृथक स्वरुपमा सक्षमतालाई परिभाषित गर्न सकेको छैन।

अपाङ्गता अभियन्ता/अधिकारकर्मी महिलाहरूका लागि यस्ता कुराकानीहरू ज्यादै जटिल हुन सक्छन्। अपाङ्गता भएका महिलाहरूलाई विवाहका लागि अनुपयुक्त वा अयौनिकको कोणबाट हेरिन्छ। त्यस्तो अवस्थामा अपाङ्गता भएका महिलाहरू विवाह योग्य हुन्छन् भन्ने मान्यता स्थापित गर्नु उनीहरूको यौन अधिकारलाई सार्थक गर्ने कामको पहिलो खुड्किलो हुनसक्छ। यद्यपि, "विवाह लायक" मानिनुले पनि महिलाहरुको स्वयत्तताको वृहत अवधारणालाई भने न्याय गर्दैन।[16]

हाम्रो अध्ययन अनलाइन थलोहरूमा अपाङ्गता भएका महिला र क्वेर व्यक्तिहरूको यौनिक प्रस्तुतीकरण/अभिव्यक्तिमा केन्द्रित छ। तापनि सहभागीहरूसँगका संवादमा उनीहरूले जोड दिएका कुराहरूबाट अन्य "आधारभूत" आवश्यकताका पक्षहरू समेत पत्ता लाग्यो। जसले अपाङ्गता आन्दोलनभित्रै रहेको अधिकारको उचनिच पदानुक्रमको अवस्था औँल्याउछ।

अपाङ्गता भएका व्यक्तिहरूले बहु-वहिष्करणसँग लड्नुपर्छ। चाहे त्यो सार्वजनिक सेवा सुविधाहरूमा पहुँचविहिनता होस्, शिक्षाको अभाव होस्, रोजगारीको अवसरको अभाव होस्, वा परिवार र समाजभित्रको विभेदहरू नै किन नहोस्। यस्तो पृष्ठभूमिमा, यौनिक तथा डिजिटल अधिकारलाई धेरै जसोले एक "सहुलियत" अथवा दोस्रो आवश्यकताको रुपमा हेर्ने गर्छन्। हाम्रो अनुसन्धानले समेत नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको यौनिक अभिव्यक्ति वा डिजिटल अधिकारसम्बन्धी काम नगण्य रुपमा मात्रै भएको पत्ता लगाएको छ। अन्तरबर्गीयताका दुई पाटो-अनलाइन र यौनिक अभिव्यक्तिको त कुरै छाडौँ। तसर्थ, यस्ता सवालहरूलाई अपाङ्गता आन्दोलनभित्रै अति कम प्राथमिकता दिइन्छ भनि बुझ्न सकिन्छ। प्रविधिसम्बन्धी केही छलफलहरू पनि अपाङ्गता भएका व्यक्तिहरूलाई लाभग्राही/सेवाग्राहीको रुपमा लिइ उनीहरूको पहुँचसँग मात्रै जोडेर संचालन गरिन्छ।

बडी एण्ड डाटाले डिजिटल अधिकारका मुद्दाहरूलाई राज्य र सामाजिक संरचनाबाट पछाडि पारिएका समुदायको दृष्टिकोणबाट उत्खनन गर्नमा जोड दिने गरेको छ। हामीसँग भएको सीप र ज्ञान अनुरुप अन्तरबर्गीयताको एक अवयव-

16 Banerjee.P. (2017 January 8). Disabled Women are not thought to be wife material by many. The Hindustan Times. https://www.hindustantimes.com/india-news/disabled-women-not-thought-to-be-wife-material-by-many/story-QMqdQ4CSo43GQg5diavRGL.html

अपाङ्गतालाई सक्दो समेट्ने कोशीस गर्दै आएका छौँ। डिजिटल अधिकारको क्षेत्र र प्राविधिक समूहहरूविच अपाङ्गता भएका व्यक्तिहरूमा इन्टरनेट माथिको पहुँच हुनुपर्ने बुझाई त छ तर त्यस्तो बुझाईले अपाङ्गता भएका व्यक्तिहरूलाई अन्ततः इन्टरनेट प्रयोगकर्ताकै रुपमा मात्र सीमित पारिएको छ। बडी एण्ड डाटामा, हामी कुनै पनि प्रविधि वा थलोहरूमा अपाङ्गता र 'सक्षमवादी' विचारहरूले कसरी स्थायित्व पाउँदै जान्छन् भन्ने कुराको खोजी गर्ने गर्छौं। हामीले गर्ने राष्ट्रिय नीतिहरूको विश्लेषण र वकालतीय कामहरुमा पनि अपाङ्गताको न्यायिक आन्दोलनबाट सिकेको कुराले हामीलाई सुसूचित गर्न मदत गर्दछ। समुदायले अनलाइनमा आफूलाई कसरी अभिव्यक्त गर्ने गर्दछ र उनीहरूलाई कसरी लिने गरिन्छ भन्ने कुरामा हामी ध्यान दिन्छौ। अपाङ्गता भएका व्यक्तिहरूलाई इन्टरनेट र ग्याजेटहरूमा पहुँचको कुरामा मात्रै हैन स्वायत्तपूर्ण तवरमा तिनको प्रयोग गर्नमा आइपरेका अन्य बाधाहरूबारे पनि छलफल गर्छौं। बडी एण्ड डाटाका कार्यकारिणी सदस्य सरिता लामिछाने एक अपाङ्गता अधिकारकर्मी हुन्। उनले हाम्रो रणनीति र कार्यक्रमहरू अपाङ्गता भएका व्यक्ति अनुकुल र पहुँचयोग्य बनाउनमा एकदमै महत्वपूर्ण सुझावहरू प्रदान गर्दै आउनु भएको छ। बडी एण्ड डाटाका अरु केही सहकर्मीहरूसँग पनि अपाङ्गता अधिकार समूहहरूसँग काम गरेको अनुभव छ।

यो अनुसन्धान परियोजना हाम्रो लागि अपाङ्गता, यौनिकता र प्रविधिजस्ता अन्तरबर्गीयताका पक्ष बुझ्ने एक महत्वपूर्ण संस्थागत कदम हो। यसका नतिजाहरू हाम्रा चालू रणनीति र निकट भविष्यका रणनीतिहरूमा समाबेश हुँदै जानेछन्।

## अध्ययन विधि र अध्ययनको सीमा

यो प्रतिवेदन अपाङ्गता भएका महिला र क्वेर अभियन्ताहरूको व्यक्तिगत कथा र जीवन्त अनुभवहरूबाट तयार पारिएको हो।

अध्ययनका लागि काठमाडौंमा रहेका अधिकारकर्मीहरु जसले आफुले आफैलाई महिला भनी पहिचान दिनुहुन्छ , उहाँहरुसंगको १६ वटा व्यक्तिगत गहन अन्तर्वार्ता र २ वटा लक्षित समुह छलफल गरिएको थियो। १६ जना अनुसन्धान उत्तरदाताहरू मध्ये १४ जना अपाङ्गता भएका महिला अधिकारकर्मी तथा दुईजना क्वेर अधिकारकर्मीहरू रहेका थिए। यौनिकताका सवालहरू र डिजिटल थलोहरूमा उनीहरूले सामना गर्नु परेको व्यक्तिगत अनुभवहरू बाहिर ल्याउन ती व्यक्तिगत अन्तर्वार्ता एवं लक्षित समूह छलफलहरु महत्वपूर्ण रह्यो।

दुईवटा लक्षित समूह छलफल र अन्तर्वार्ताहरू मार्फत बटुलिएका व्यक्तिगत अनुभवहरूको वृहत सन्दर्भ बुझ्ने पूरकको रुपमा काम गरेको छ। लक्षित समूह छलफलमा २२ जना (१२ जना र १० जनाको दुई समूह)को संलग्नता रहेको थियो।

लक्षित समूह छलफल अनुसन्धाता र सहभागीहरूबीच उचनीचरहित समान शक्ति सम्बन्ध कायम गर्ने र समूहलाई संवेदनशील मुद्दाहरूमा अझ खुला रुपमा बोल्न प्रोत्साहित गर्ने एक उपयोगी विधि हो। लक्षित समूह छलफलहरु अपाङ्गता भएका महिला अधिकारकर्मीहरूले महत्वपूर्ण ठानेका मुद्दाहरू केलाउन र एक अर्कासँग यौनिकताबारे सहजरुपमा छलफल गर्न महत्वपूर्ण र उपयोगी रहे। साथ साथै, यसले एउटा समुदायको रूपमा कसरी आफ्ना काम अगाडि लैजान सकिन्छ भनेर नयाँ विचारहरू निर्माण गर्न पनि मद्दत पुर्यायो।

तैपनि, हामीले छनौट गरेको व्यक्तिगत गहन अन्तर्वार्ता र लक्षित समूह छलफल जस्तो गुणात्मक (क्वालिटेटिभ) अध्ययन विधिको सीमा नभएको हैन। यसमा भन्नुपर्दा, लक्षित समूह छलफल र व्यक्तिगत गहन अन्तर्वार्ताहरू अज्ञात (अनोनिमस) तरिकाले हुन सकेनन्। परिणामतः यौनिकता जस्तो समाजमा बर्जित बिषयबारे सहभागीहरुको "संकुचित" प्रतिक्रिया नै आएका छन्। यो प्रतिवेदनको मुख्य भागमा पनि नेपालमा यौनबारे खुलेर कुरा गर्नु वर्जित भएकोले धेरैले त्यस्ता विषयमा आफ्ना नजिकका साथीहरूसँग पनि कुरा गर्दैनन् भन्ने देखिन्छ अझ अपरिचितहरूसँग कुरा गर्ने त कल्पनै नगरौ। लक्षित समूह छलफल र व्यक्तिगत गहन अन्तर्वार्तामा समेत सहभागीहरू शुरुशुरुमा बोल्न, यौन सुख/आनन्द र यौन (जसलाई 'अश्लील' भन्ने गरिन्छ)सम्बन्धी कुरा गर्न धकाएका थिए। कुराकानीहरूमा यौनसम्बन्धी कुरा हल्का ठट्टा/रमाइलो/हाँसो, मौनता र कहिलेकाहीँ अपाच्य वा अरुचिकर अभिव्यक्तिको रुपमा पनि आएका थिए। यद्यपि लक्षित समूह छलफल गहिराईमा जान थालेसँगै सहभागीहरू पनि खुल्दै गए।

हाम्रा अनुसन्धान उत्तरदाताको रुपमा रहेका अपाङ्गता अधिकारकर्मी सबैसँग आ-आफ्नै हाते मोबाइल फोन रहेको, सबैजना काठमाडौँ उपत्यकाभित्रै बसोबास गरिरहेका, र नेपालको अपाङ्गता अधिकार आन्दोलनसँग व्यक्तिगत वा संस्थागत सम्बन्ध भएकाहरू थिए। तैपनि, उनीहरूको अनुभव नेपालका अपाङ्गता भएका व्यक्तिहरूको समग्र जनसंख्याको सूचक भने होइन। उदाहरणको लागि, SINTEF ले टेक्नोलोजी एण्ड सोसाइटी सन् २०१६ मा नेपालका ५९ वटा जिल्लाहरूमा टेलिफोनबारेमा गरेको एक सर्वेक्षणले अपाङ्गता भएका व्यक्तिहरू मध्ये धेरैजसो अझैपनि आधुनिक प्रविधिको पहुँचमा नरहेको देखायो। उक्त अध्ययन अनुसार, अपाङ्गता भएका २ हजार घरधुरीबाट लिइएको तथ्याङ्कमा एक चौथाई अपाङ्गता भएकाहरूमा मात्रै कम्प्यूटरसम्बन्धी आधारभूत ज्ञान रहेको थियो भने तीन चौथाईले मात्र स्वतन्त्र रुपमा मोबाइल फोन चलाइरहेका थिए।[17]

17 Eide. A.H, Neupane. S, Hem. K.G. (2016). Living conditions among people with disability in Nepal. SINTEF Technology and Society. https://www.sintef.no/globalassets/sintef-a27656-nepal-printversionfinal.pdf/

बरु, यो अध्ययनले अपाङ्गता भएका व्यक्तिहरूमध्ये धेर जसो औपचारिक रुपमा शिक्षित र शहरी जनसंख्याको उपसमूहको अनुभव समेट्छ। र यो उपसमुहले भोगिरहेको विभेद,पहुँचको अभाव र चुप रहन बाध्य बनाइने जस्ता समस्याहरुबाट अड्कल लगाउन सकिन्छ कि नेपालमा यस्ता सुबिधा नपाइरहेको (विषेशाधिकार नभएका) अपाङ्गता भएका व्यक्तिहरूमाथि अझ बढी विभेद र अभाव हुने गर्छ।

यो अध्ययनको अर्को सीमा, अनुसन्धानको क्रममा हुन गएको अनुसन्धान कार्यको हस्तान्तरण हो। अन्तर्वार्ता लिने, संकलित विवरणात्मक तथ्यांकहरू ट्रान्सक्राइव गर्ने र ति ट्रान्सक्रिप्टहरूमा काम सम्पन्न गर्ने काम एक अनुसन्धाता मार्फत् सम्पन्न गरियो। अनुभव कथा एवं संकथनहरूमा अर्को अनुसन्धातामार्फत् काम सम्पन्न गरियो। हस्तान्तरणको यो प्रक्रियामा सहभागीहरुसँग कुराकानी गरिएका बखतका केही सुक्ष्म र प्रासङ्गिक सूचनाहरू गुम्न गएको हुनसक्छ भन्ने कुरा हामी स्वीकार गर्दछौं। यद्यपि त्यसो हुन नदिनको लागि हामीले हरसम्भव प्रयास गरेका थियौं।

## अध्ययनको नारीवादी नैतिक सिद्धान्त

हाम्रो अनुसन्धान नारीवादी नैतिक सिद्धान्तद्वारा निर्देशित छ। नारीवादी सिद्धान्तमा आधारित अनुसन्धान प्रक्रियाको एउटा विशेष पक्ष हुन्छ, जुन सुसूचित मन्जुरी भन्दा अझ बृहत हुन्छ [18]। व्यक्तिगत अनुभवहरूमा केन्द्रित व्यक्तिगत अन्तर्वार्ता र लक्षित समूह छलफलमा स्वयं छलफलकर्ताहरू आ-आफ्ना जीवन-अनुभवको विज्ञ हुन्छन्। तसर्थ अनुसन्धाताहरूले सहभागीहरूका सबै विचारहरूलाई पर्याप्त समय र महत्व दिनसक्ने माहौल होस् भन्ने लक्ष्य राखेका हुन्छन्।

यसको अर्को पक्ष, अध्ययनकै एक अंगको रुपमा अनुसन्धाताले आफ्नो अवस्थिति (पोजिसनालिटी) लाई स्वीकारेको हुन्छ। जहाँ अनुसन्धाताले "अनुसन्धान उत्तरदाताहरूसँगको सम्बन्धमा आफ्नो स्थान र अवस्थितिको स्व-परिक्षण (reflect) गर्ने"[19] गर्दछ। त्यस्तो स्व-परिक्षणले अनुसन्धातालाई आफुले अध्ययनको लागि छनौट गरेको बिषय आफ्नै विचार, अनुभव र ऐक्यबद्धताकै अभिव्यक्ति हुन् भनि बुझ्न सघाउँछ। बडी एण्ड डाटाले पहिले देखि नै डिजिटल अधिकारमा काम गर्नुको साथै विविध मुद्दाहरूमा अपाङ्गता अधिकारकर्मीहरूसँग नजिक रही काम गरिरहेको हुनाले अपाङ्गता भएका महिलाहरूको अनलाइन अनुभवहरूको खोजी गर्ने अध्ययन कार्य रोजेका हौं।

यस अनुसन्धानमा हामीले हाम्रा अनुसन्धान सहभागीहरू अनलाइन र अफलाइन दुनियाँमा कसरी सहभागी हुन्छन, र 'सक्षमतावादी' शक्ति संरचना र पितृसत्तालाई आफ्नै तरिकाले कसरी चुनौती दिइरहेका छन् भनेर खोतल्यौं। त्यसको लागि उनीहरूको व्यक्तिपरक र विविध जीवन्त अनुभवहरूलाई आधार बनाएका थियौं।

## कार्यात्मक परिभाषा

### सुरक्षित थलोः

यस अध्ययनको हकमा 'सुरक्षित थलो' भन्नाले त्यस्तो ठाउँ वा थलो हो जहाँ सीमान्तमा पारिइएका व्यक्तिहरू एक साथ भेला हुन्छन्, र संरचनात्मक विभेद र शक्ति प्रणालीको हेक्का राख्दै कसैले के कस्तो सोच्ला वा बुझ्ला भन्ने डर नराखीकन, डरधम्की वा आक्रमणहरूको सामना गर्नुपर्ला भनेर त्रसित नभइकन उनीहरूका आफ्ना अनुभवहरू साटासाट गर्ने गर्दछन्।

### यौनिकताः

यस अध्ययनको प्रायोजनको लागि- यौनिकता भनेको व्यक्ति आफूले यौनिक रुपमा अनुभव गर्ने र आफूलाई नै अभिव्यक्त/प्रस्तुत गर्ने तरिका हो, त्यसमा शारीरिक, कामुक, भौतिक, भावनात्मक, सामाजिक, वा आध्यात्मिक अनुभूति र व्यवहारहरू पर्छन्।[20]

"इन्टरनेटमा यौनिकताको अधिकारले आफूलाई अभिव्यक्त गर्नुका साथै आफ्नोबारे अन्वेषण गर्ने , पुष्टि गर्ने, प्रतिरोध गर्ने र रुपान्तरण गर्ने काम भन्ने बुझिन्छ। हामी सबैले यसलाई बुझ्नु र आत्मसात् गर्नु आवश्यक छ। यसमा हुने/रहने समर्थन-सहयोग अस्विकार गरिनु हुन्न र यो प्रत्येक वकालतकर्ता/अभियन्ताको राजनीतिक अभ्यासमा हुनुपर्छ। यस्तो तब हुन्छ, जब अंतर्बर्गीयता, ऐक्यबद्धता र रुपान्तरणकारी नारीवादी अवधारणाले हामीलाई अति फराकिलो र ओतप्रोतयुक्त सहभागितात्मक संवादहरूलाई इन्टरनेटमा समृद्ध बनाउन र विस्तार गर्न सघाउँछन्।"[21]

18 Jenkins.K, Narayanaswamy. L, & Sweetman.C. (2019). Introduction: Feminist values in research, Gender & Development, 27:3, 415-425, DOI: 10.1080/13552074.2019.1682311

19 IBID.

20 Human sexuality. (2019, April 8). In Wikipedia. https://en.wikipedia.org/wiki/Human_sexuality

21 vale, h. (2017). In plain sight: On sexuality, rights and the internet in India, nepal and Sri lanka. In APC's EROTICS South Asia exploratory research: Sex, rights and the internet (pp.11) https://www.apc.org/sites/default/files/Erotics_1_FIND.pdf


पहुँचको दायरा
(स्पेक्ट्रम)

# पहुँचको दायरा (स्पेक्ट्रम)

अपाङ्गता भएका व्यक्तिहरूका लागि- विषेशगरी दृष्टिगत गर्न, सञ्चार एवं संवाद गर्न, हिडडुल गर्न र उल्लेखनीय सिकाइहरूमा पहुँच बढाउनका लागि सहयोगी प्रविधिहरूको धेरै सम्भावना छ।[22] तर, त्यस्ता सहयोगी प्रविधिहरूको सम्भाब्यता भने त्यति महसुस गरिएको छैन।

पहुँचको सवालमा उपकरणहरू (जस्तै मोबाइल फोनलगायत)माथिको असमान पहुँच पनि पर्दछ। अपाङ्गता भएका व्यक्तिहरूको इन्टरनेट तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी एक अध्ययनले ३२ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरूको मात्रै मोबाइल फोनमा पहुँच रहेको देखाएको थियो। मोबाइल फोन नभएका ६५ प्रतिशतले आफूसँग मोबाइल फोन नहुनुको कारणमा आफ्नो अपाङ्गतालाई औँल्याएका थिए।[23] यद्यपि, सस्तो इन्टरनेट भएका देशहरूको सूचीमा नेपाल १३औँ स्थान[24]मा रहेको छ। तैपनि नागरिकको प्रतिव्यक्ति लागतको हिसाबले त्यसको मूल्य धेरै नै पर्छ।

इन्टरनेटमा अपाङ्गता भएका व्यक्तिहरूको धेरथोर पहुँच छ। तापनि अनलाइन दुनियाँ उनीहरूको आवश्यकतालाई सोचेर बनाइएको छैन। नेपालको सन्दर्भमा, सामाजिक आयामका पक्षहरू जस्तैः जात, लैंगिकता, यौनिक अभिमुखीकरण, नश्ल, उमेर, भाषिक अड्चन र आर्थिक अवस्थाजस्ता कुराहरू पनि बहिष्करणको कारक तत्व हुने गर्छन्।

अपाङ्गता अधिकार समूहहरूको क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरूको वकालत पश्चात नेपाल सरकारले दृष्टिविहिनहरूका लागि थोरै भएपनि सहुलियत दिएको छ। जस्तैः सहुलियत लिनको लागि उनीहरूले नेपाल टेलिकमको कार्यलयमा आफ्नो अपाङ्गता परिचयपत्र पेश गरेमा भ्वाइस प्याकमा सहुलियत प्रदान गर्ने गरेको छ। तथापि, भ्वाइस प्याक किन्न सक्ने उनीहरूको क्षमतामा मात्रै यो मामिला सीमित नरहेकोले अझै धेरै अड्चन बाकी नै छ। अपाङ्गता भएका व्यक्तिहरूका लागि उपलब्ध प्रविधिहरू माथिको पहुँच मात्रै चिन्ताको कुरा होइन। ती डिजिटल प्रविधिहरू प्रभावकारी तरिकाले चलाउन र चलाउन सिक्न उनीहरूलाई साथ-समर्थनको पनि खाँचो छ। उनीहरूका लागि, हार्डवेयर र त्यसलाई चलाउने सीप, दुबै कुरा आफु प्रतिकुल दुनियाँका सहयोगी साधन हुन्।

यस्तो पूर्वनिर्धारित संरचना भएको अनलाइन दुनियाँमा अपाङ्गता भएका व्यक्तिहरू कसरी पाखा पारिन्छन् भन्ने कुरा हाम्रो आफ्नै अनुसन्धानले देखायो। जब हामी हाम्रो मात्रात्मक (क्वान्टिटेटिभ) सर्भेमार्फत् अपाङ्गता भएका व्यक्तिहरूसम्म पुग्यौं, जम्मा ६ जना मात्रै उक्त सर्भेमा सहभागी हुन सके। धेरै संख्यामा अपाङ्गता भएका व्यक्तिहरूको आवाज समावेश गर्न हामीले व्यक्तिगत रुपमै भेटघाट गर्ने, साङ्केतिक दोभाषेको व्यवस्था गर्ने र अन्य आवश्यक सहयोग सहितको थप अर्को खाका निर्माण गर्नुपर्यो। अपाङ्गता भएका व्यक्तिहरूको इन्टरनेटमा पहुँचसम्बन्धी हुने कुराकानीहरू कसरी नीतिगत छलफलको अंग हुँदैन भन्ने बारेमा पनि हाम्रा सहभागीहरू प्रष्ट भए।

हाम्रा एक सहभागीले भने, इन्टरनेटमा पहुँच हुनुको मतलब त्यसमा सँधै सबैले समान पहुँच राख्छन् भन्ने होइन; कसरी उनीहरूले पहुँच राखीरहेका छन् , कहाँ पहुँच राखीरहेका छन् भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ।

इन्टरनेटमा पहुँच हुनु भनेको प्रायः केही निश्चित पूर्वाधारहरू हुनु पनि हो। जस्तो कि निश्चित सामाजिक-आर्थिक पृष्ठभूमि हुनु वा इन्टरनेट भएको कार्यस्थलमा रोजगार हुनु, वा इन्टरनेटको व्यवस्था भएको शहरी क्षेत्रको बसोबासी हुनु आदि।

नेपालमा अपाङ्गता, यसको सामाजिक-सांस्कृतिक मान्यताको विकासको सन्दर्भमा राष्ट्रिय अपाङ्ग महासंघले सन् २०१३ मा एक समीक्षा गरेको थियो। उक्त समीक्षाले अपाङ्गता भएका व्यक्तिहरू माथिको पूर्वाग्राही सोच "अनुदान र सेवा-सुविधा पाउनु पर्ने लाभग्राही"को रुपमा परिवर्तित हुँदै गएकोमा त्यसप्रति आभारी बन्नुपर्ने कुरा अगाडी ल्यायो।[25] समीक्षाको निष्कर्षमा उल्लेख गरिएको छ, परिणामस्वरूप "उनीहरुलाई सेवा सुविधा दिने राम्रो उदेश्यले योजना बनाएर उनीहरु समक्ष त् पुर्याइन्छ तर ती पर्याप्त परामर्श सहित भने बनाइएका हुदैनन् "।

22 Lamsal.R.R, Pathak. S, Nepal. S, Bomrel. M. (April 2019) Exploring ICT in Empowering Persons with Disabilities in Nepal. Deerwalk Journal of Computer Science and Information Technology. 1, 64-77,

23 Samarajiva. R. (2018). ICT access and use by Persons with Disabilities (PWD) in Nepal.AfterAccess. https://g3ict.org/publication/ict-access-and-use-by-persons-with-disabilities-pwd-in-nepal

24 Atlas and Boots. (2020). Countries with the cheapest Internet in The World,. https://www.atlasandboots.com/remote-work/countries-with-the-cheapest-internet-world/

25 National Federation of the Disabled(2013). Disability Rights Holistic Monitoring Report.Nepal. https://nfdn.org.np/holistic-report-of-disability-rights-monitoring/l

त्यसो त, अपाङ्गता आन्दोलनभित्रै परोपकारी ढाँचा अति आलोचित छ, किनभने अपाङ्गता भएका व्यक्तिहरूले जे "प्राप्त" गर्छन् उनीहरू त्यसकै "विषय" हुन् भनेर मान्ने गरिएको छ। "अपाङ्गताको व्यापकता"को हकमा परोपकारी ढाँचाले राष्ट्रियस्तरमा पनि विवाद सिर्जना गरेको छ।[26] जुन ढाँचा अन्तर्गत सरकार न्यून व्यापक दरका साथ अघि बढेको छ। त्यस्तोमा अपाङ्गता समुदाय केन्द्रित गैरसरकारी संस्था र स्वावलम्वन संस्थाहरूको कामहरूको गणना हुनैपर्छ। अपाङ्गताको मानवअधिकारमुखी अवधारणाले अपाङ्गतालाई मानव विविधताको एक हिस्साको रुपमा लिएको छ, जसको प्रत्येक स्वरुपलाई सम्मान र समर्थन गरिनुपर्दछ।[27] उक्त अवधारणाले असक्षम वातावरणको कारणले वहिष्करण हुन्छ भन्ने ठान्दछ। तसर्थ, वातावरण परिवर्तन गर्नु भनेको अपाङ्गता भएका व्यक्तिहरूलाई "दिइने" कुनैपनि कुरा होइन, बरु उनीहरूको अन्तर्निहित अधिकारको कुरा हो भन्ने बुझ्नुपर्दछ।

सामाजिक अवरोध, भेदभाव र बहिष्करणले अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा पूर्णरुपमा सामेल हुनबाट रोक्दछ। उनीहरूले यातायात, शिक्षा, रोजगारी, स्वास्थ्य सेवाको पहुँचमा अवरोध झेल्नुपर्छ। ७२ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू बेरोजगार रहेको र ५६ प्रतिशत रोजगार रहेकाहरूले समेत उनीहरूको "सामाजिक सहभागिता मर्यादित नरहेको" लगायतका व्यापक भेदभावबारे उल्लेख गरेका छन्।[28]

जब अपाङ्गता भएका व्यक्तिहरूले सूचना र सेवाहरू लिने बेला आउँछ, तब उनीहरूले धैरै कठिनाइहरू झेल्नुपर्छ।चाहे त्यो चिकित्सकहरूले नियमित रुपमा अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन् स्वास्थ्य सेवा प्रदान गर्न अस्वीकार गरेकोमा होस्, अपाङ्गता भएका व्यक्ति अनुकूल सूचना नपाएकोमा होस्, वा उनीहरूको शरिर र स्व-अभिव्यक्तिको छनौट माथि हुने एकनासे 'मूल्याङ्कन' होस् जताततै बाधा र समस्याहरू खेप्नुपर्छ। अपाङ्गता भएका व्यक्तिहरूका लागि अफलाइन स्व-अभिव्यक्ति र यौनिकताको अभिव्यक्ति एकनासे 'मूल्याङ्कन', भेदभाव र अझ भद्दा ठट्टा/उपहासको विषय बनाइन्छ।

अनलाइन थलोले अपाङ्गता भएका व्यक्तिहरूको स्व-अभिव्यक्तिको लागि सुरक्षित ठाउँ र अरु समूहहरूमा जाने वैकल्पिक फोरम प्रदान गरेतापनि अफलाइनमा हुने भेदभावहरूका थुप्रै स्वरूप अनलाईनमा समेत भेटिन्छन्। अपाङ्गता भएका व्यक्तिहरू अनलाइन थलोमा दुर्व्यबहारमा पर्छन् , त्यहाँ उनीहरुको आवश्यकता अनुकूल निर्मित सामाग्रीहरूको अभाव छ , प्रबिधिमाथी पहुँचको अभाबसंगै उनीहरुले अनलाइनमा दैनिक अनगिन्ती चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ। नेपालमा महिला तथा बालिकाहरू जहिल्यै हिंसाको चपेटामा पर्छन् भन्ने सांस्कृतिक धारणा छ। सोहीअनुरुप उनीहरूप्रतिको सुरक्षा र संरक्षणको दायित्व संरक्षणवादी दृष्टिकोणबाट निर्देशित छ। अति संरक्षणात्मक अभिभावकत्वको प्रवृत्ति हावी छ। यस्तो पृष्ठभूमिमा, अपाङ्गता भएका महिला तथा बालिकाहरूले इन्टरनेट प्रयोग गर्दा उनीहरूकै परिवार र हेरचाहकर्ताहरूबाट थप निगरानी खेपीरहेका छन्। यस्तो परिस्थितिमा, इन्टरनेटमा पहुँच भएपनि अनलाइनमा यौनिकतासम्बन्धी सामाग्रीहरू भेट्टाउन र आफ्नो यौनिकता व्यक्त गर्न उनीहरुका लागि चुनौतीपूर्ण छ।

हाम्रा अन्तर्वार्ता सहभागीहरूले इन्टरनेटमा पूर्ण रुपमा पहुँच राख्नको लागि अवरोध झेलिरहेको अनेक अनुभवहरू सुनाएका थिए। स्क्रीन रिडर प्रयोग गर्ने हाम्रा एक सहभागीले सुनाए:

> *"म अंग्रेजी शब्दहरू पढ्न सक्छु तर म नेपाली शब्द पढ्नै सक्दिन। अनि, पीडिएफ भर्सनमा भएको सामाग्री पढ्न अर्को एप चाहिन्छ। त्यसैले, सबैकुरा राम्रोसँग देख्न सकिदैन। जब मानिसहरूले तस्बीरहरू हाल्छन्, एपले त्यसलाई बुझ्दैन। त्यसले केवल यहाँ तस्बीर छ मात्रै भन्छ। तस्बीर केको बारेमा हो भन्ने कुरा हामीले जान्न पाउदैनौं।"*

उनले अझ थप्दै भने, स्क्रीन रिडर प्रयोगकर्ताहरूका लागि नेपाली भाषाका वेबसाइटहरू चलाउन गाह्रो छ। फलस्वरूप उहाँ र उहाँजस्ता थुप्रै दृष्टिविहिन वा न्यून दृष्टियुक्त व्यक्तिहरू थोरै वेबसाइटमा मात्र जान सक्छन र अत्यावश्यक सुचना लिनबाट बञ्चित छन्।

अनलाइन प्रयोगकर्ताहरुमा बहिरा व्यक्ति र सुस्त श्रवण भएका व्यक्तिहरूको समस्याहरू फरक छन्। एक अन्तर्वार्ताका सहभागीले इन्टरनेटमा अत्याधिक अंग्रेजी प्रयोग हुने र आफूलाई भने नेपाली भाषा सहज लाग्ने हुँदा त्यसमै जोड दिँदै आफ्नो चिन्ता जाहेर गरेका थिए। उनको भनाईः

> *"म ट्वीटर कसरी चलाउने भन्ने कुरा सिक्न चाहन्छु। त्यहाँ मैले के के कुराहरू पोष्ट गर्न सक्छु भन्नेबारेमा सुनेको छु। तर त्यहाँ [गरिने कुराकानीहरू] प्रायः अंग्रेजीमा हुन्छ। मलाई अंग्रेजी त्यत्ति आउँदैन। त्यसैले राम्रोसँग कुराकानी नभएको वा गलत कुरा सञ्चार भएको म चाहन्न। मैले त्यो सिक्दै सिकिन। किनभने म आफ्नो पूरा दिन फोनमै बिताउन चाहन्न, म धेरै चलाउदिन। काम पर्ने हुँदा प्रायःजसो फेसबुक, म्यासेन्जर, भाइवर र कहिलेकाही स्काइप चलाउँछु। अन्तर्राष्ट्रिय रुपमै स्काइपलाई मिटिङहरूको लागि प्रयोग गरिने हुँदा म*

26 – Ibid.

27 Introducing a human rights model of Disability. Disability Advocacy Resource Unit. http://www.daru.org.au/how-we-talk-about-disability-matters/introducing-the-human-rights-model-of-disability

28 National Federation of the Disabled (2013). Disability Rights Holistic Monitoring Report.Nepal. https://nfdn.org.np/holistic-report-of-disability-rights-monitoring/

*स्काइप चलाउँछु।"*

आफ्नो दैनिक जीवनका कुरा गर्न इन्टरनेट प्रयोग गर्दा, महिलाहरुले फेसबुक, ट्वीटर र अरु थलोहरू चलाउने गरेको बताए। यद्यपि, केहिले भाषिक अड्चनका कारण, खासगरी बहिरा व्यक्ति वा सुस्त श्रवण भएका महिलाहरूका हकमा धैरै हदसम्म सही संवाद नभएको कुरा राखेका थिए।

एक महिलाले आफूले इन्टरनेट चलाउँदा आफ्नो श्रीमानले त्यसमा कसरी मध्यस्थता/निगरानी गर्ने गर्छन् भन्ने कुरा बताए। अपाङ्गता भएका महिलाहरूका लागि यी बिरलै हुने अनुभव होइनन्। उनले भने:

*"म प्रायः मेरो सबै सिर्जना र चित्रकलाहरू इन्टरनेटमा राख्छु। उहाँ (श्रीमान्)ले मेरो (सामाजिक सञ्चालका) पोष्टहरू हेरेपछि मलाई आफ्नो काममा केन्द्रित होऊ भन्नुभयो। उहाँले नै मेरो लागि प्रायः यी कामहरु गर्नुहुन्छ। म आफ्ना विदेशी साथीहरूसँग अनलाइनमा र म्यासेन्जरमा भिडियो कलमा कुरा गर्छु। मेरा भारतका साथीहरू थुप्रै छन्। उनीहरू बैंगलोर, मुम्बइ र दिल्लीका हुन्। बहिरा साथीहरू पनि धेरै छन्। म उनीहरूसँग भिडियो कलमा कुरा गर्छु। उनीहरूले मसँग धेरै कुराहरू भन्ने गर्छन्। नेपालमा यस्तो हुँदैन।"*

त्यस्तैगरी अर्को एकजनाले, इन्टरनेटको प्रयोगमार्फत् आफू अपाङ्गता समुदायसम्म पुगेपनि अन्ततः श्रीमानले त्यस्तो गर्न रोकेको कुरा बताएका थिए।

*"मलाई कलासम्बन्धी कुराहरू इन्टरनेटमा खोज्ने इच्छा छ। म इन्टरनेट हेर्छु र प्रयोग गर्छु। अनि बहिराहरूको क्षेत्र (समुदाय)मा के भइरहेछ भन्नेबारे अनुसन्धान गर्छु। पहिले, जब म कलेज पढ्थे, त्यसबेला मैले सांकेतिक भाषामा कुरा गर्छु भनेको थिएँ, तर श्रीमान्)ले (कसैसँग) नगर्नू भन्नुभयो। मेरो आफ्नै समुदाय छ। मेरो समुदायमा मैले प्रयोग गर्न सक्नु पर्छ। उहाँले यो कुरा बुझ्न सक्नु भएन अनि हाम्रो विवाद पर्यो।"*

यी सबै इन्टरनेटको पहुँचसँग गाँसिएका सामान्य टिप्पणीहरू मात्र हुन्। यौन तथा प्रजनन् अधिकारसम्बन्धी सामाग्रीहरूमा अपाङ्गता भएका महिलाहरूका पहुँच हुनु भनेको धेरै जटिल कुरा हो। अन्तर्वार्ता लिने व्यक्तिसँगको अन्तर्वार्तामा, अपाङ्गता भएका एक महिलाले भने:

*सोधकर्ता: के तपाईलाई वेबसाइटहरूमा दिइएको जानकारीहरू साँच्चै प्रभावकारी छन् र यौनिकताबारेको सामाग्रीहरू पर्याप्त छन् भन्ने लाग्छ ?*

*उत्तरदाता: पर्याप्त छैन। कहिलेकाही मान्छेहरूले त्यसलाई एकदमै नकारात्मक तरिकाले अर्थ्याउँछन्। त्यसबारेमा थप भन्नको लागि ती सामाग्रीहरू समेत काफी छैनन्। जब हामी पोर्नसम्बन्धी कुरा गर्छौं त्यस्तो कुराहरू त्यहाँ जोडिनै सक्दैनन्। त्यस्तैगरी दृष्टिविहिन नभएकाहरूका लागि ती सहजै पहुँचयुक्त छन्। तर दृष्टिविहिनहरूका लागि आवाज पर्याप्त मात्रामा हुँदैन।*



# यौनिकता र अपांगता भएको शरिर- मौन संस्कृति

# यौनिकता र अपांगता भएको शरिर- मौन संस्कृति

एनि फोब हउ (Ani Phoebe Hao)ले हामीले पाउनुपर्ने डिजिटल संसारको परिकल्पना गरेका छन्। उनको परिकल्पनामा एउटा संसार छः “जहाँ हामीले हाम्रो अधिकारहरूभन्दा बढी पाउँछौं; जहाँ हामी आफ्ना पहिचानहरूमा रमाउन सक्छौ, जहाँ यौनिकतालाई अभ्यास गर्न सक्छौं, जहाँ नयाँ मानिसहरूसँग भेट्न सक्छौं, सूचनाहरूमा पहुँच राख्न सक्छौं। र, जोखिम र आनन्द/सुखबारे सुसूचित निर्णय लिन सक्छौं।”[29]

एनि फोब हउको यहि आदर्श मान्यताबाटै हाम्रो अनुसन्धान पनि निर्देशित छ। यद्यपि, यस्तो आकांक्षा र नेपालको वास्तविक धरातलबीच विशाल खाडल यथावतै छ। महिलाको सुखानुभूति र यौनिक अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धि छलफल त परको कुरा महिलाको यौन तथा प्रजननसँग गाँसिएका स्वास्थ्य समस्याका कुरा गर्न समेत नेपाली समाजमा गार्हो छ। यसबीच, अपाङ्गता भएका महिलाहरूको यौनिकताको कुरा गर्नु भनेको अकल्पनीय र अतिवादी कुरा गर्नु सरह हो।

सम्भवत, हामीले कस्तो माहौलमा अनुसन्धान गरेका छौं भन्ने कुरा एक सहभागीले भनेकै कुरालाई छोटकरीमा यहाँ राख्दा बुझ्न सकिएलाः

> *“दिदी, हामी यस्तो समाजमा बस्छौं जहाँ हामीले महिनावारी (जस्तो सामान्य) विषयमा पनि खुलेर कुरा गर्न सक्दैनौं, यौनिकता जस्तो विषयमा खुलेआम कुरा गर्नु भनेको एउटा सपना जस्तो हो, जुन भोग्न पाउनु धेरै टाढाको कुरा हो।”*

त्यस्तै, अरु सहभागीहरूले समेत उनीहरूको समूहहरूमा यौनिकताबारे किन कुराकानी भइरहेको छैन भनेर महशुश गरेको असुविधाहरू बारे बताए।

> *“हाम्रो सन्दर्भ यस्तो छ कि नेपालमा यौनिकताबारे महिलाहरूले खुलेर कुरा गर्न सक्दैनन्। अधिकारकर्मीकै रुपमा भएपनि, यस्ता आधारभूत स्वास्थ्यसम्बन्धी, जस्तै योनीबाट सेतो पानी बग्ने कुरा समेत गर्न सक्दैनौं, यौनिकताको बारेमा त कुरै छाडौं।”*

> *“[हामी यौन र यौनिकतासम्बन्धी धेरै कुराहरूमा जानकार छौं] तर यस्ता कुराहरू खुल्ला रुपमा गर्न गाह्रो छ।”*

> *“खासमा, त्यस्ता जानकारीहरू कोही कसैले पनि अरूहरूलाई भन्दैनन्, तर उनीहरू त्यससम्बन्धी लेखहरू भने पढ्ने गर्दछन्।”*

यौनिकताबारे कुराकानी गर्ने महिलाहरूको क्षमतालाई पितृसत्तात्मक दुनियाँमा कसरी खुम्च्याइन्छ भन्नेतर्फ ध्यान दिएर अपाङ्गता भएका महिलाहरूसँग हामीले छलफल गरेका थियौं। दक्षिण एशियाका अन्य धेरै समाजहरूमा झैं नेपालमा पनि प्रतिष्ठा, सम्मान र शुद्धताको पितृसत्तावादी धारणा महिलासँग जोडिएको छ। र, महिलाको यौनिक स्वतन्त्रता र प्रजनन् स्वास्थ्यलाई नैतिकताको कसीमा राख्ने गरिन्छ।

> *“नेपालमा यौन र यौनिकताबारे साथीहरूसँग कुराकानी गर्न एकदमै अप्ठ्यारो छ। म कसैसँग पनि कुरा गर्न सक्दिन। मेरो हकमा म आफ्नै श्रीमानसँग पनि कुरा गर्न सक्दिन। म श्रीमानसंगै बसेर धेरैजसो समय पोर्न हेर्ने गर्थे। खासमा उहाँले नै मलाई त्यस्तो हेर्न सिकाउनु भएको थियो। तर जब हामी छुट्टियौं, उहाँले मलाई एक चरित्रहीन केटी, जो पोर्न हेर्छ भन्ने आरोप लगाउनुभयो। हामी यस्तो देशमा बस्छौं जहाँ यौनिकताको कुरा गर्न मनाही छ।”*

नेपालको सामाजिक परिवेशमा यौन र यौनिकताबारे मज्जाले कुराकानी गर्नु सहज छैन। अझ, नेपालको अपाङ्गता अधिकार आन्दोलन उच्च ब्राह्मण पुरुषहरूले हाँकी रहेको परिबेशमा अभियानका एजेण्डाहरू उनीहरूले नै तयार पार्छन्। र, उनीहरूले आफ्नो एजेन्डा/ढाँचामा यौनिकताको विषय राख्दैनन्। राज्य कल्याणकारी/परोपकारी अवधारणामा र अधिकारवादी समूहहरू भने अधिकारवादी अवधारणा[30]मा आधारित छन्। तैपनि आन्दोलनभित्र अझैपनि महिला र बालिकाहरूको सवाललाई अन्तरबर्गीयताको कोणबाट हेर्ने गरिदैन।

दमनकारी प्रभुत्वशाली संकथनहरूको परिणामस्वरुप महिलाहरूलाई बोल्न, यौनिकताबारे अन्वेषण वा अभिव्यक्त गर्न निरुत्साहन गरिन्छन्। त्यसमा पनि अपाङ्गता भएका महिलाहरूलाई अझ बढी निरुत्साहित पारिन्छ। जसले गर्दा अपाङ्गता भएका व्यक्तिहरूले यौनिकताको सन्दर्भमा अझ धेरै रुढीवादी/पुरातन अपेक्षा र व्यवहारहरूसँग लड्नुपर्ने

29 Hao.A.P. (2019 DEcember 4). Internet Freedom is Not Enough - Cyberfeminists Are Fighting For a new reality. GENDERIT. ORG. https://genderit.org/articles/internet-freedom-not-enough-cyberfeminists-are-fighting-new-reality

30 See page 8 for further discussion on “rights based approach”

हुन्छ। अपाङ्गता भएका व्यक्तिहरूमा पितृसत्तावादको तहहरू विस्तार हुँदै जाँदा उनीहरूलाई लगातार दयाको पात्र/ निम्छरो वस्तु, सहयोगको खाँचो रहिरहने, र एजेन्सीको लागि असक्षम हुने पात्रको रुपमा हेर्ने गरिन्छ। विश्वव्यापी रुपमा अपाङ्गता भएका महिलाहरूको यौन तथा प्रजनन् स्वास्थ्यमा बलजफ्ती बन्ध्याकरण , जबरजस्ती गर्भपतन र व्यापक नियन्त्रण सहितका गतिविधिबाट नै यो कुरा देखिएको छ।[31] सन् २०१७ मा भएको संयुक्त राष्ट्संघको साधारण सभामा संयुक्त राष्ट्र संघको स्पेशल र्यापोर्टर क्याटलिना देभानदासले भनेका थिए:

"भेदभावपूर्ण कानून र नीतिहरूले अपाङ्गता भएका केटी तथा युवतीहरूको छनौट र शरिरमाथिको नियन्त्रणको अधिकारको उपभोग गर्ने, उनीहरूको अखण्डताको उल्लंघन गर्ने र मर्यादाबाट वञ्चित गर्ने लगायतका मौलिक अधिकारलाई कम आँक्ने गरेको छ। जबकी व्यवसायकर्मी र हेरचाहकर्ताहरूको चासोलाई भने प्रोत्साहन गर्ने गर्दछ।"

यसबाट अन्तर्वार्ताका सहभागीहरूले उनीहरूको यौनिकतालाई घरभित्रै र समाजमा कसरी हेरिन्छ भनेर हामीलाई बताएको कुरालाई अझ सुदृढ बनाउँछ। केवल अन्य शरिर भएकाहरू मात्रै सुखानुभूतिको क्रियाकलापमा संलग्न हुन सक्छन् वा त्यस्तो कार्यमा रुचि राख्छन् भन्ने धारणा राखेर अपाङ्ता भएको शरिरलाई सँधै अयौनिक प्राणीको रुपमा व्यवहार गरिन्छ। एक सहभागीले भने अनुरुपः

*"यो विषयलाई महत्वपूर्ण मानिदैन। अपाङ्गता भएकाहरूको पनि शारिरीक चाहना हुन्छ भन्ने कुरा कसैले सोच्दैनन्। उनीहरूलाई यौनको आवश्यकता छैन र उनीहरूलाई यौनको चाहना हुँदैन भन्ठानिन्छ। यौन भन्ने कुरा केवल अन्य व्यक्तिहरूका लागि मात्र हो। सायद यौनिकताबारे कुरा नगर्नुको कारण पनि त्यही नै होला। तर हामी यसको लागि आवाज उठाइरहेका छौँ।"*

यस्ता सामाजिक अपेक्षा र अंतर्बर्गीय शोषणहरूको कारण र कसैले गलत सोच्लान् भन्ने डरले यस्ता मुद्दाहरूमा बोल्न हिच्किचाउने गर्दछन्। एक अग्रज अपाङ्गता अधिकारकर्मीसँगको व्यक्तिगत अन्तर्वार्ताका बेला यो कुरामा जोड दिइएको थियोः

*उत्तरदाता: कोही व्यक्ति अपाङ्गता भएको छ भन्नुको अर्थ ऊसँग यौनिकता छैन भन्ने होइन। अपाङ्गता भन्ने कुरा कसैको यौनिकतासँग सम्बन्धित छैन। यी दुबै फरक कुराहरू हुन्।*

*सोधकर्ता: तपाईले यस्ता भावनाहरू कहिल्यै इन्टरनेटमा राख्नुभएको छ ?*

*उत्तरदाता: छैन।*

*सोधकर्ता: किन नराख्नुभएको ?*

*उत्तरदाता: यो चाहिँ यस्तो कुरा हुन्छ कि मानिसहरूले तपाईलाई फरक रुपमा हेर्न थाल्छन्। मानिसहरूले नराम्रो टिप्पणीहरू गर्छन्। त्यसैले यस्ता कुराहरू मैले सिक्नुपर्छ, जुन मैले सिक्न जरुरी छ, तर तिनलाई सामाजिक सञ्जालमा पोष्ट गर्दिन।*

*सोधकर्ता: किन ?*

*उत्तरदाता: मलाई लाग्छ मानिसहरूले नकारात्मक मूल्याङ्कन गर्छन्, त्यसैले।*

*सोधकर्ता: तर तपाई त संस्थाको अध्यक्ष पनि हुनुहुन्छ नि हैन ?*

*उत्तरदाता: अँ...अँ...*

*सोधकर्ता: तपाईसँग यस्तो दह्रो पहिचान छ।अनि फेसबुकमा भएका धेरै मानिसहरूलाई थाहा पनि छ होला कि तपाई प्रजनन् स्वास्थ्यमा काम गर्नुहुन्छ भनेर, अनि तपाईलाई यस्तो डर किन ?*

अन्तर्वार्ता दिने व्यक्तिः यो एउटा अचम्मको कुरा हो। हामीलाई थाहा छ कि यस्ता कुराहरू लुकेका छन् र समाजमा यसबारे धेरै कुरा पनि गरिदैन। हामीले यसलाई सामान्य कुराको रुपमा लिनुपर्छ,जस्तैः खानेकुरा, बास र लुगाफाटाहरू, यो आधारभूत आवश्यकताहरू मध्येको एक पनि हो। हामीले यसबारे हाम्रो साथीहरू माझ कुरा गरिरहेकै भएपनि यी विषयमा कुराकानी थाल्नै गाह्रो छ।

अपाङ्गता भएका मानिसहरू अयौनिक प्राणी हुन् भन्ने अपाङ्गता र यौनिकतासम्बन्धी प्रभुत्वशाली संकथनलाई त्याग्न सजिलो छैन। उनीहरूको यौनिकतालाई समाजमा रहेका जो कसैको यौनिकता सरह सामान्य मानिनु मुश्किल छ।

## अयौनिक वा अतियौनिक रुपमा हेरिनु

विश्वभर नै अपाङ्गता भएका शरिरहरूलाई अनाकर्षक र यौनकार्यका लागि बेकामे भनेर हेर्ने गरिएको छ। नेपालमा अपाङ्गता भएका महिलाहरूलाई प्रायःअयौनिक प्राणी जस्तो व्यवहार गरिन्छ। उनीहरू यौन सम्बन्ध राख्न नसक्ने, बच्चा जन्माउन र हुर्काउन असमर्थ हुन्छन् भन्ने मान्यता छ।"[32]

तसर्थ, जब अपाङ्गता भएका व्यक्तिहरू आफ्नो यौनिकता व्यक्त गर्न थाल्छन्, त्यो (अपाङ्गता भएका व्यक्ति अयौनिक

31 (2017 October24).Forced sterilization of young women with disabilities must end, UN rights expert says [White Paper]. OHCHR. https://www.ohchr.org/EN/NewsEvents/Pages/DisplayNews.aspx?NewsID=22289&LangID=E
32 Kayastha, S. (2016). Sexuality of women with physical disabilities: Experience and realities [Masters dissertation, Tribhuvan University]. Tribhuvan University Library.

हुने) आम बुझाइको बिपरित हुन जान्छ। जसले गर्दा यस्तो पूर्वाग्राही धारणाको ठ्याक्कै उल्टो उनीहरूलाई अतियौनिक प्राणीको रुपमा चित्रण गर्न थालिन्छ। जब उनीहरूलाई दुई विपरित अयौनिक वा अतियौनिक मध्ये जबर्जस्ति एक पहिचान रोज्न लगाइन्छ, हाम्रो अनुसन्धानका अधिकांश सहभागीहरूले कम सामाजिक जोखिमहरू हुने पहिचान रोजे। अर्थात अतियौनिक भन्दा अयौनिक प्राणीकै रुपमा हेरोस् भन्ने कुरा थियो। सहभागीहरूले आफुलाई अतियौनिक व्यक्ति भन्ठानेर नकारात्मक परिणाम झेल्नुभन्दा बरु अनलाइनमा आफ्नो यौनिक पहिचान सम्बन्धी कुरा गर्न मानेनन्। यो,धेरै हिसाबले, बाँच्नको लागि उनीहरूको एउटा रणनीति थियो।

महिलाहरूले आफूमा भएको यौन इच्छाहरूलाई मज्जाले स्विकार गर्दा लगातार रुपमा अतियौनिकको बिल्ला भिराइन्छ। यो वैवाहिक सम्बन्धमै बाधिएको महिलामाथि पनि हुन्छ। पितृसत्तात्मक कथनमा महिलाको यौन इच्छा र त्यसको अभिव्यक्तिलाई उनीहरूको चरित्रसंग जोडी हेरिन्छ र नकारात्मक टिप्पणी गरिन्छ। यहि कुरा पुरुषहरूले महिलाहरूलाई लज्जित पार्ने विषय बनाइन्छ। अपाङ्गता भएका महिला भए पछी अयौनिक नै हो भन्ने एक अपेक्षित मान्यता रहेको अवस्थामा अतियौनिकको आरोप लागे त्यो छबी अझ नराम्रो रहीरहन्छ।

यस्ता सुक्ष्म आक्रोशहरू (माइक्रोएग्रेसन्स)को नतिजा भनेको व्यापक स्व-नियन्त्रण हो। स्व-नियन्त्रणको बिषय यो अनुसन्धानको सबै कुराहरू जोड्ने एउटा कडी पनि हो। सहभागीहरूले आफ्ना अनुभवहरूबारे बोल्दा, आफूतर्फ अनावश्यक/अरुचिकर यौनिक आर्कषण नगराउने रणनीतिहरू नियमित अपनाउँदै आएको बताए। सामाजिक सञ्जालहरूमा हुने नकारात्मक ध्यानाकर्षणबाट जोगिन आफूलाई आफैले नै नियन्त्रण गर्दै आएको बताए। लक्षित समूह छलफलमा एक सहभागीले भने:

> *"हामी त्यस्तो कुनैपनि खालको कुराहरू त्यहाँ (सामाजिक सञ्जालमा) राख्दैनौं जसले नकारात्मक प्रतिक्रियाहरू ल्याउँछ,"*

...उक्त कुरामा कोठाभित्र भएको सहभागीहरुको स्पष्ट सहमति थियो।

अनलाइनमा अपाङ्गता भएका महिला केन्द्रित भाष्यहरूको अभावले पनि यौनिकता र अपाङ्गताको सवाल छायाँमा पर्ने गरेको छ। अपाङ्गता भएका व्यक्तिहरूको यौनिकताबारे छलफल गर्ने मोडल/भाष्यको अभावमा पनि अनलाइनमा यस बिषयमाथि छलफल गर्नु वा छलफल गर्ने कल्पना गर्न समेत गाह्रो छ।

जब यस्ता निहित कुराहरूबारे समाजमा बोलिन्छ, त्यसले विवाद निम्त्याउँछ भन्ने बुझाई रहेको छ। त्यसैले यस्ता संवादहरू महत्वपूर्ण मानिएता पनि अधिकारकर्मीहरूले काम गरिरहेका अन्य एजेण्डाहरू हुन सक्छन् र त्यहाँ उनीहरूले थप जोखिम नहोस् भन्ने चाहेका हुन सक्छन्। त्यस्ता "नकारात्मक टिप्पणीहरू" निम्त्याउने वा मानिसहरूले "भिन्न तरिकाले [उनीहरूलाई] हेर्न थाल्ने" खालका मुद्दाहरू उठाउँदैनौ भनेर आफ्ना समुदाय वा समूहहरूबाट उनीहरुलाई सुनिश्चित गराउन जरुरी पनि हुनसक्छ।

अरुले अतियौनिक मान्ने डर, र समुदायमा विश्वासनीयता गुमाएपछि आउने नोक्सानी वा परिणाम , विशेषगरी सक्रिय रहेका अधिकारकर्मीहरूका लागि उच्च जोखिमपूर्ण हुन्छ।

यदि महिला तथा अपाङ्गता भएका व्यक्तिको यौनिकता स्वीकार्न कठिन छ भनेर आत्मसात गर्ने हो भने उनीहरूको सुखानुभूति, आनन्ददायी सामाग्रीहरूमा साझेदारिताको कुरा त अति नै कठिन छ। एक सहभागीले स्वीकारोक्तिको रुपमा बताएको कुराः

> *"म आफू त्यस्तो (पोर्न) कुराहरू हेर्छु। तर म आफ्नै आत्मीय साथीहरूलाई समेत यो हेर्नुस् भनेर भन्न सक्दिन। (हाँसो)"*

अपाङ्गता भएका महिलाहरूको यौनिकताको सन्दर्भमा सामाजिक "मौनताको षडयन्त्र" बलियो छ। यौन सुख/आनन्दजस्तो प्राकृतिक कुरालाई पनि कुनै अप्राकृतिक कुरा 'भोग' गरे जस्तो बनाइएको छ र यौनकार्य/यौनसुखमा सामेल भएको कुरा खोल्नु भनेको आफु प्रति अरुको नकारात्मक धारणा बन्ने जोखिम मोल्नु हो।

## परिवर्तित समय

इन्टरनेट कसरी यौनिकता, यौन स्वास्थ्य र यौन सुखसम्बन्धी जानकारीको स्रोत भएको छ भन्ने कुरा यहाँ उद्दत सबै अनुसन्धान सहभागीका अनुभवहरूले देखायो। हाम्रा अधिकांश छलफलकर्ताहरू अपाङ्गता र यौनिकताबारे औपचारिक तथा अनौपचारिक स्वरुपमा गरिएका छलफलका हिस्सा बनिसकेका थिए। अपाङ्गता भएका मानिसहरूको यौनिकतालाई वृहत रुपमा स्विकार्नु पर्ने आवश्यकता रहेको कुरा छलफलमा आयो। साथै यौन तथा प्रजनन् स्वास्थ्य अधिकार र मन्जुरी/सहमतिको सवालमा पनि उनीहरूले आफ्ना कुरा राखेका थिए। जबकी यस्ता जानकारीहरू अन्य स्रोतहरूबाट आउन कठिन छ। र उनीहरूको आफ्नो समूह/सर्कलहरूभित्र यसबारे खुला संवादहरू नहुने भएकोले इन्टरनेटमाथि पहुँच हुनेहरुको लागि त्यो एक महत्वपूर्ण थलो हो।

तर, अपाङ्गता भएका व्यक्तिहरूका लागि ती सामाग्रीहरू माथिको पहुँच सजिलो छैन र ती उनीहरूको आवश्यकता विचार गरेर पनि बनाइएका छैनन्। साथ् साथै , खाली सामान्य जानकारीमा पहुँच राख्नु मात्रै पर्याप्त होइन। अर्थपूर्ण परिवर्तनका लागि आनन्द/सुख र सहमतिबारे सार्वजनिक संवादहरू हुनुपर्दछ।

एकजना सहभागीले भनेझैः

> *यौन एक आवश्यकता हो। यो आपसी सहमतिमा हुनुपर्दछ। तर केटीहरू यस बारेमा कुरा गरिरहेका छैनन्। किनकी, यदि उनीहरूले कुरा गरे भने अरु मानिसहरूले उनीहरूलाई नकारात्मक दृष्टिकोणले हेर्न थाल्नेछन्।*

यस प्रकारले, यौनिकता, सुख र सहमतिबारे कुरा गर्ने चाहना राख्दा गतिछाडा/चरित्रहीन भइने, सामाजिक अस्वीकार्यता झेल्नुपर्ने डरका कारण आनन्द/सुखको लागि सहमतीय, पारस्पारिक लाभको खोजी गर्ने कार्यलाई समेत रोक्छ।

केही सहभागीहरूले भने, अपाङ्गता भएका महिलाहरू माझ त्यस्ता संवादहरू हुनको लागि इन्टरनेटले बिस्तारै सहयोग पुर्याउन थालेको छ। केही अन्तर्वार्ताका सहभागीहरूले भनेअनुरुप, यस्ता कुराहरू गर्नु खुलस्त (उनीहरूको आफ्नै शब्दमा 'फ्रयान्क') हुनुको संकेत हो। जबकी त्यसको ठ्याक्कै विपरित सामाजिक रुपमा त्यस्ता व्यक्तिहरुलाई उत्तेजक वा अनैतीकको बिल्ला भिराइन्छ।

> *"यो सन्दर्भलाई इन्टरनेटले धेरै परिवर्तन गरेको छ।"*
>
> *"मैले अनलाइन स्रोतहरूबाट धेरै जानकारीहरू पाउने गरेकी छु। म यस्ता कुराहरूमा एकदमै खुलस्त छु।"*

यस्ता संवादहरू अर्को तरिकाबाट हुनु पनि महत्वपूर्ण छ भन्ने कुरामा हाम्रा सहभागीहरूले जोड दिएका थिएः

> *"नेपाल अपाङ्ग महिला सङ्घले अहिले यौन तथा प्रजनन् अधिकारबारे कुरा गरिरहेको छ। त्यसभन्दा पहिले, [अपाङ्गता भएकाहरूको सन्दर्भमा विवाहको कुरा गर्दा] म आफैले पनि विवाह गर्न सक्छु भनेर कल्पनै गर्न सक्दिनथे। तर म अहिले एक सुखद वैवाहिक जीवन बिताइ रहेको छु।"*

यो एउटा उदाहरण हो जसले , अपाङ्गता र यौनिकतासम्बन्धि छलफलबाट अपाङ्गता भएको महिलाले आफ्नो र आफ्नो बृहत भविष्यको कल्पना गर्न सक्छन् भन्ने देखाउछ चाहे त्यो भविष्यमा विवाह, परिवार र यौन सुखका कुराहरू होऊन् वा नहोऊन्। यस्ता संवादहरू अझै गर्न र यौनिक अभिव्यक्ति एवं अनलाइन सदृश्यता/उपस्थिति बढाउन थप थलोहरूको आवश्यकता छ।

इन्टरनेटले यौनिकताबारे छलफल गर्ने एउटा थलो प्रदान गरेको छ। तापनि यस्ता छलफलहरू नभइरहेका र आफ्नो यौनिक अभिव्यक्तिको लागि इन्टरनेटको प्रयोग नगरिरहेको कुरामा सहभागीहरूले जोड दिएका थिए।

यसको धेरै कारणहरू हुन सक्छन्। तीमध्ये प्रमुख चाहिँ "यौनिकता" र "यौनिक अभिव्यक्ति" भन्ने शब्द प्रतिको संकीर्ण बुझाई हो। वास्तवमा, हाम्रो अनुसन्धानकै क्रममा फेला पारेका थियौँ कि केही अधिकारकर्मीहरू अनलाइनमा यौनिकता सम्बन्धि संवादमा आफू संलग्न छैन भनेर सोच्ने गर्छन्। जबकि उनीहरूले अपाङ्गता र यौनिकता सम्बन्धि सम्मेलनहरूमा उपस्थित भएको र त्यस सम्बन्धी सामाग्रीहरू अनलाइनमा हालेको कुरालाई उदाहरणको रुपमा बताएका थिए।

त्यसमाथि, सहभागीहरूको ठूलो संख्याले अनलाइनमा स्व-अभिव्यक्ति दिन र आनन्द/सुखको खोजी गर्दा अपनाएको धेरै तरिकाहरूबारे बताएका थिए। उदाहरणको लागि, यौनिक अभिव्यक्तिको रुपमा नखुट्याइकन उनीहरूले सुन्दर/आकर्षक लाग्ने फोटोहरू हालेको, गाउदै र नाच्दै गरेको भिडियो हालेको, सौन्दर्य र सुखका लागि अरु खोज गरेको जस्ता कुराहरू हामीसँग भनेका थिए।

## यौनिकताबारे कुरा गर्दै

मानिसहरुले यौनिकताको सवालमा कुरा गर्न चाहे पनि भाषिक समस्या झेल्नुपर्दछ। यौनिकता भन्ने शब्द अंग्रेजी शब्द सेक्सुआलिटीबाट लिइएको हो। जुन "सेक्स" भन्ने मुख्य शब्दबाट बनेको हुँदा यसलाई एकदमै नाजुक विषय मानिन्छ।[33] त्यस्तै नेपालीमा "यौन" मूल शब्दबाट यौनिकता बनेको र यसको अर्थ अझ बलियोसँग "केवल यौन/सेक्स" मात्रै हो, अरु कुरै होइन भन्ने बुझिन्छ।

त्यसमाथि, यो शब्द केहि अघि मात्र अंग्रेजी भाषाबाट ल्याइएको हो र यो आम नेपाली समाजमा दैनिक बोलीचाली वा लेखनको अंग बनीसकेको छैन। त्यस्तै, यौनिकता भन्ने शब्द र यसको अवधारणाबारे साझा सांस्कृतिक बुझाई छैन। हामीले यही प्रतिवेदनमा ठाउँ-ठाउँमा बारम्बार पढ्दै आइरहेका छौँ कि धेरै अनुसन्धान सहभागीहरूले यसलाई साँघुरो परिभाषामा बुझेका छन्। जस्तो कि प्रत्यक्ष रुपमा शारीरिक सम्बन्ध राख्ने क्रियाकलापसँग मात्रै जोडेर यौनिकतालाई बुझिएको छ। व्यक्तिको दैनिक शारिरीक, सांस्कृतिक वा सामाजिक प्रस्तुतीकरणहरू पनि यौनिक (वा अयौनिक) कुराहरू नै हुन् भन्ने बुझाई कमै पाइन्छ।

नेपाली समाजमा "यौनिकता" शब्दसँग सम्बन्धित मुद्दाहरूको अर्थ, पहिले नै शिष्टता र अशिष्टताको मान्यतासँग जोडेर हेरिन्छ। त्यसको अलावा, यसलाई "आयातित अभियान"भन्ने आरोप लाग्ने सम्भावना पनि छ। यसै कारण अनुसन्धान सहभागीहरूले हामीसँग भनेका कुराहरुको सहि प्रसंग बुझ्न उनीहरुले प्रयोग गरेका शब्द/ वाक्य भन्दा बाहिर जानुपर्यो। यस्ता संवादहरू गर्नका लागि सौन्दर्य, प्रशंसा, स्व-अभिव्यक्ति, स्व-अन्वेषण र प्रजनन् स्वास्थ्यजस्ता अवधारणाहरूलाई एकै ठाउँमा ल्याउने वृहत शब्द अझैपनि उपलब्ध छैन।

33 vale, h. (2017). In plain sight: On sexuality, rights and the internet in India, nepal and Sri lanka. In APC's EROTICS South Asia exploratory research: Sex, rights and the internet (pp.13)

उदाहरणको लागि, यौनिकताबारे छलफल भइरहेको छैन भन्ने कुरामा सहभागीहरूको सर्बसम्मती थियो र यस्तो खाले छलफल गर्न समाज त्यति इच्छुक छैन भन्ने कुरा पनि उनीहरूले बारम्बार औँल्याइरहेका थिए। पक्कै पनि उनीहरुले भने जस्तो अवस्था नै विद्यमान छ। तथापि, धेरैले आफू अपाङ्गता अधिकार र यौन तथा प्रजनन् स्वास्थ्य अधिकारका क्षेत्रमा नेतृत्व लिइरहेका अधिकारकर्मी भएर पनि उनीहरू आफै अनलाइनमा यौनिकता सम्बन्धी छलफलहरूमा भाग लिन नसकिरहेको कुरा बताए।

यद्यपि, हामीसँग गरिएका केहि कुराकानीहरूले अरु कुरातर्फ पनि संकेत गरेको छ। यौनिकताको सवालमा कार्यरत अपाङ्गता अधिकारकर्मीसँगको अन्तर्वार्ताको एक झल्कोः

*सोधकर्ता: तपाई त यौनिकताकै मुद्दामा काम गरिरहनु भएको छ, तपाई फेसबुकमा यसबारे पोष्ट गर्नुहुन्छ ?*

*उत्तरदाता: ६ महिना भयो यौनिकतासम्बन्धी काम गर्न थालेको। मैले यौनिकताबारे केही पनि पोष्ट गरेकी छैन।*

*सोधकर्ता: जब तपाई यौनिकतासम्बन्धी विभिन्न कार्यक्रमहरूमा जानुहुन्छ र बोल्नुहुन्छ, त्यसलाई सामाजिक सञ्जालमा पोष्ट गर्नुहुन्न ?*

*उत्तरदाता: हजुर, गर्छु। मैले बोलेको छु भने वा कार्यक्रममा भाग लिएको छु भने पोष्ट गर्छु।*

*सोधकर्ता: त्यसको मतलब तपाईले यौनिकताबारे पोष्ट गर्नुहुन्छ ?*

*उत्तरदाता: सायद हुनसक्छ।*

यो संवादले शब्दमा नभनीकनै (सहभागीहरुको) यौनिकताबारे अर्को एउटा धारणा बाहिर ल्यायो त्यो हो, यौनिकता भन्नासाथ कसैको व्यक्तिगत जीवन र अंतरंगी सम्बन्धहरूको विवरणसँग जोडिएको हुनुपर्छ नकी उसको अभियान वा सार्वजनिक उपस्थितिसँग।

अर्को अधिकारकर्मी सहभागीले पनि आफूले यौनिकतासम्बन्धी विषयवस्तुमा सम्पन्न सम्मेलनहरूको ब्यानर छर्लङ्ग आउने गरी आफ्नो फोटो खिचेर पोष्ट गर्ने गरेको बताएका थिए। यद्यपि, उनको यस्तो क्रियाकलाप वा अभिव्यक्ति अनलाइन थलोहरूको प्रयोग गरि यौनिकताको बिषय उठान गर्ने कार्यमा गनिन्छ वा गनिन्न भन्नेबारे उनी अस्पष्ट थिए।

यस्ता उदाहरणहरूले यौनिकताबारे छलफल हुनु भनेको कसैको सुत्ने कोठाभित्र हुने अंतरंगी गतिविधिहरूको खुलासा मात्र हो भन्ने निहित धारणा बुझिन्छ। यस्तो धारणाले गर्दा नै यौनिकताबारे कुनैपनि कुराकानी वा छलफल सोचे भन्दा बढी जोखिमपूर्ण हुने मानिसहरुको बुझाइ रहने गर्छ।

माथिका अध्यायले अपाङ्गता भएका महिलाहरूको यौनिकतालाई समाजले स्वीकार्ने हो भने उनीहरूको जीवन सहज र राम्रो हुन सक्छ भन्ने कुरा हाम्रा सहभागीहरूले महशुश गरेको देखाउछ। तापनि यसतर्फ भने एकदमै थोरै ध्यान दिने गरिएको छ। अझ, जब यस्ता मुद्दाहरूमाथि अरुको ध्यानाकर्षण गराउने काम हुन्छ तब यो सकारात्मक भन्दा नकारात्मक किसिमको बन्दै जाने वा बनाइदै लगिने गरेको पाइन्छ।

## सुरक्षित थलोहरू अपाङ्गता र यौनिकताबारे सघन छलफलका लागि प्रस्थान विन्दु हुन्

धेरै सहभागीहरूले सुरक्षित थलोलाई यौनिक अभिव्यक्तिबारे (चाहे साथीहरू माझ, एउटै मुद्दामा काम गरिरहेका सहकर्मीहरूबीच, वा अन्तर्राष्ट्रिय सम्मेलनहरूमा) छलफल गर्न सकिने एकमात्र ठाउँको रुपमा लिएका थिए।

*“म पुरुषहरू सामु यस्तो विषयमा कुरा गर्दिन, तर यो समूहमा म सहज रुपमा कुरा गर्न सक्छु।”*

*“हामी यस्ता विषयहरूमा कुरै गर्दैनौं। कहिलेकाँही फोरमहरूमा यसबारे कुरा गर्ने गर्छौं, किनभने यस्तो कुरा हामी अन्त कतै गर्न सक्दैनौं। मूलतः हामी यस बारेमा जुनसुकै समय कुरा गर्दैनौं, त्यसैले जब यो इन्टरनेटमा देखिन्छ, म हेर्छु।”*

सहभागीहरूले आफ्नो लागि अनलाइनमा आफैले सुरक्षित ठाउँ निर्माण गरिरहेको पनि बताएका थिए। सुरक्षित स्थान बनाउनको लागि उनीहरूले कसरी आफ्ना फेसबुक मित्रहरूको सूचीलाई ध्यानपूर्वक छान्ने, नजिकका साथीहरू, परिवार र अपाङ्गता समुदायबाट आएको साथी बन्ने अनुरोध (फ्रेन्ड रिक्वेस्ट)लाई मात्रै स्वीकार्ने गर्दछन् भन्ने कुराहरू बताएका थिए। यसर्थ, अपाङ्गता भएका महिलाहरूमाथि गरिने अपमानजनक व्यवहार र गलत ठहर्याउन खोज्ने प्रवृत्तिबाट उनीहरूले आफूलाई टाढा राखीरहेका छन्। त्यस्ता व्यवहार र प्रवृत्तिहरू उनीहरूले मूलप्रवाहमा बढी सामना गरिरहेका छन्।

यी प्रतिक्रियाहरूले दुइटा कुराको संकेत गर्छ- पहिलो, यस्ता अनलाइन थलोहरूमा अपाङ्गता र यौनिकतासम्बन्धी अर्थपूर्ण संवादहरू गर्न र गराउन सक्नुपर्छ भन्ने चाहना। दोस्रो, अहिलेसम्म उनीहरूले त्यस्तो गर्न नसकी रहेकोले एकखालको असन्तुष्टि।

यहाँ, सामाजिक सञ्जाल र इन्टरनेटको मिश्रित योगलाई पनि ध्यान दिनुपर्ने हुन्छ। विशेषगरी नेपाल जस्तो देशमा इन्टरनेटको पहुँच बृद्धि सँगसँगै ‘फेसबुक युग’ पनि जोडिएको छ। नेपालमा इन्टरनेट सब्क्रिप्सन दर ५५.६ प्रतिशत[34] र

34 Internet World Stats. (2019). Asia Mobile and Broadband Report [Report]. https://www.internetworldstats.com/stats3.htm

मोबाइल प्रयोगकर्ता १३६ प्रतिशत[35] रहेको छ। अनलाइन अनुभवबारे हामीले सोध्दा, हाम्रा सबै उत्तरदाताहरूले सबैभन्दा पहिले उनीहरूको फेसबुक अनुभवबारे बताएका थिए। यसले नेपालका थेरै मानिसहरूको अनलाइन जीवन फेसबुकमा बितिरहेको संकेत गर्दछ। एक लक्षित समूह छलफलमा, १० जनामध्ये ९ जनाले इन्टरनेट प्रयोग गर्ने गरेको र १ जनाले भने इमेल मात्रै प्रयोग गर्ने गरेको बताए। त्यसो भनिरहँदा इमेललाई "इन्टरनेट"को रुपमा नहेरेको पनि संकेत पाइन्छ। फेसबुक सबैको लागि एक साझा सामाजिक सञ्जालको थलो हो। समुदायभित्र कुराकानी गर्नको लागि फेसबुक म्यासेन्जरको प्रयोग सबैले गर्ने गरेको तथ्यांक छ। फेसबुकले मात्रै नेपालमा सामाजिक सञ्जाल प्रयोगको ९७ प्रतिशत ओगटेको छ।[36]

यो प्रतिवेदनमा पछि पनि हामी पढ्न सक्नेछौँ कि हाम्रा अनुसन्धान सहभागीहरूले साथी र परिवारहरूसँग जोडिन, नयाँ साथी बनाउन, र समसामयिकदेखि अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी जानकारी राखीरहन र अपाङ्गता भएकाहरूको सन्दर्भमा वृहत क्रियाकलापहरूको लागि फेसबुकको प्रयोग गर्ने गरेका छन्। तापनि, फेसबुकको सीमितताले अनलाइनमा हुने यौनिक अभिव्यक्तिलाई निरुत्साहीत गर्न सघाएको पनि हुनसक्छ। फेसबुक एउटा यस्तो थलो हो जहाँ अभिभावक, सहकर्मी, साथीहरु देखि प्रेमीप्रेमिकासम्म सबैको उपस्थिति हुन्छ त्यसैले उनीहरूको अपेक्षा र (गलत) बुझाई/दृष्टिकोणहरू हुन् सक्ने डरको कारण पनि आफुले आफैलाई नियन्त्रण गर्ने काम हुन्छ।

हाम्रा अन्तर्वार्ताकारहरूको समूहले फेसबुकमा अधिक निर्भर रहने कुराबारे हामीलाई बारम्बार सुनाइरहेः

> "अर्थपूर्ण संवादका लागि इन्टरनेटको थलोलाई एकीकृत एवं समृद्ध बनाउनु जरुरी छ। र संवादलाई सामाजिक सञ्जालमा मात्रै सीमित र केन्द्रित गरिनुहुँदैन। [...] सामाजिक सञ्जालले उपलब्ध गराएको प्रदर्शन र प्रदर्शनात्मक ढाँचाको सुविधालाई बेवास्ता गर्दै गोपनियता सहितको आफ्नो फरक मत राख्न उनीहरूलाई आदरपूर्ण र नैतिक तवरले बनेको स्थानहरूको आवश्यकता पर्दछ।"[37]

यस्ता मुद्दाहरूमा अनलाइन छलफल गर्नु त्यत्ति सजिलो छैन तथापि प्रारम्भिक र आशावादी छलफल भइरहेको संकेत भने देख्न सकिन्छ।

35 Nepal Telecom. (2020 May 24). Mobile, Broadband and Internet Penetration in Nepal. https://www.nepalitelecom.com/2017/07/mobile-internet-broadband-penetration-nepal.html

36 Pandey.S, Raj.Y. FREE FLOAT INTERNET POLICIES OF NEPAL. Studies in Nepali History and Society 21(1): 1–60 June 2016 © Martin Chautari (pp. 37)

37 vale, h. (2017). In plain sight: On sexuality, rights and the internet in India, nepal and Sri lanka. In APC's EROTICS South Asia exploratory research: Sex, rights and the internet (pp.11)https://www.apc.org/en/pubs/erotics-south-asia-exploratory-research-sex-rights-and-internet )

# स्व-अभिव्यक्तिको लागि अपाङ्गता भएका व्यक्तिहरूद्वारा इन्टरनेटको प्रयोग



# स्व-अभिव्यक्तिको लागि अपाङ्गता भएका व्यक्तिहरूद्वारा इन्टरनेटको प्रयोग

*“जब म कुनै कार्यक्रममा जान्छु, कार्यक्रमबारेको विस्तृत विवरण पोष्ट गर्छु। परिवारका सदस्यहरूसँग रमाइलो गरेको पनि पोष्ट गर्छु। यदि म साथीहरूसँग कतै गए भने, त्यसबारेमा पनि पोष्ट गर्छु...म टिकटक पनि चलाउँछु। म भिडियोहरू बनाउने गर्छु। धेरै बहिरा व्यक्तिहरूले यो चलाउदैनन्। जब मैले टिकटक चलाउँछु, मलाई लाग्छ म आफैलाई सुन्न सक्छु र म बहिरा व्यक्ति होइन भन्ने महशुश गर्छु। त्यसैले म टिकटक चलाउँछु र भिडियोहरू बनाउँछु।”*

हाम्रा अधिकांश सहभागीहरूले स्व-अभिव्यक्ति र यौनिक अभिव्यक्ति एक अर्कासंग सम्बन्धित बिषय हुन् भनी सोचेको पाइएन। जबकी यौनिक अभिव्यक्तिसम्बन्धी प्रश्नमा अपाङ्गता भएका महिलाहरूको यौनिकताबारे अर्थपूर्ण अनलाइन संवादहरू गर्न नसकीरहेकोमा धेरैले निराशा पोखेका थिए। स्व-अभिव्यक्ति सम्बन्धि प्रश्नमा भने हाम्रा सहभागीहरू संलग्न रहेको अनलाइन गतिविधिहरू सहितको वृहत उत्तरहरु आएका थिए।

जब हामीले अड्रे लर्डको परिभाषामार्फत् यौनिकता र कामुकतालाई महिलाको अस्तित्व र भावनाको गहिरो परिपूर्णता र पूर्ण अभिव्यक्तिको बोधको रुपमा बुझ्यौं,[38] तब हामीले अनलाइन, खासगरी फेसबुकमा संलग्न हुनु भएका हाम्रा अनुसन्धान सहभागीहरूको प्रणयात्मक/कामुक अभिव्यक्तिको विविध तरिकाहरू बुझ्न र कदर गर्न सक्ने भयौं। यो खण्डले हाम्रा अनुसन्धान सहभागीहरू अनलाइन स्व-अभिव्यक्तिका साथै सचेत भएर यौनिक अभिव्यक्तिको नाम दिएर वा नदिइकनै पनि यौनिक अभिव्यक्तिमा संलग्न भएको अनेक तरिकाहरू खोतल्ने चेष्टा गरेको छ।

धेरैजसो हाम्रा सहभागीहरूले जन्मदिनको बधाई तथा शुभकामना आदानप्रदान गर्नेजस्ता व्यक्तिगत कुराहरू साटासाट गर्नको लागि फेसबुक प्रयोग गर्ने गरेका छन्। अधिकांशले कामकाजसम्बन्धी जानकारीहरू, जस्तै अपाङ्गता समुदायका निमित्त जागिरका लागि खुलेका आवेदनहरू र तालिम/प्रशिक्षणको अवसरहरू लगायतका कुराहरू पनि अधिक मात्रामा पोष्ट गर्ने गरेका छन्। फेसबुकको अलावा, सहभागीहरूले अपाङ्गता भएका व्यक्तिहरूका लागि उत्प्रेरक गीत, सिनेमा र भिडियोहरू हेर्नका लागि युट्यूब पनि चलाउने गरेको बताएका थिए। केहीले पढ्नको लागि गुगल र कामकाजको लागि इमेल प्रयोग गर्ने गरेको बताएका थिए।

केही उत्तरदाताहरूले भने कसरी आफुले फेसबुकलाइ स्व-अभिव्यक्ति, स्व-प्रेम र आफ्ना रचनात्मक प्रस्तुतिका साथै कहिले काही आवेग पोख्ने थलोको रुपमा प्रयोग गरिरहेका छन् भन्ने कुरा राखेका थिए। यहाँ भनिए जस्तैः

*“म अभिनय गर्छु। नाच्छु। त्यसैले म भिडियो हाल्छु।”*

*“मेरो स्टाटस अपडेटहरूमा म धेरै तस्बीर राख्छु। मलाई लेख्न पनि मनपर्छ। म कविता पनि लेख्छु र फेसबुकमा हाल्छु। मलाई आफ्नो तस्बीर र लेखनहरू पोष्ट गर्न राम्रो लाग्छ। म हप्ताको एकपटक स्टाटस अपडेट गर्छु वा कविता लेख्छु र म सँधै नै फेसबुक चलाउँछु। यो मेरोलागि एउटा साथी जस्तै हो।”*

*“जब म चिन्तित हुन्छु, वा केही कुरा कसैलाई सामुन्ने भन्न सक्दिन, म लेख्छु र त्यसलाई फेसबुकमा हाल्छु।”*

लर्डको दृष्टिकोणमा “एकातिर हुने प्रणय र, अर्कोतिर हुने राजनीतिक, रचनात्मक र दैनिक क्रियाकलापहरू बिचका रेखाहरु धमिलो हुन्छ ” भने जस्तै, यी अभिव्यक्तिहरूलाई हामी “क्रान्तिकारी परिवर्तनका लागि रचनात्मक शक्ति” को रुपमा हेर्न सक्छौं।[39]

हाम्रा अनुसन्धान उत्तरदाताहरूले सौन्दर्य, यौनिकता र यौन स्वास्थ्यसम्बन्धी जानकारीहरू प्राप्त गर्नको लागि नियमित इन्टरनेटको प्रयोग गरिरहेको बताएका थिए। तैपनि थोरैले मात्रै त्यस्ता क्रियाकलापहरू यौनिक वा कामूक/प्रणयात्मक अभिव्यक्ति भित्रै पर्छन् भन्ने कुरा बुझेको पाइयो। अनलाइन स्रोतहरूबाट लिएको विस्तृत जानकारीहरूबारे सहभागीहरूका केही उद्धरणहरू तल छन्:

*“म कसरी डण्डीफोर र अनुहारको दागधब्बा हटाउने, कपालको हेरचाह गर्ने र राम्री देखिने भन्नेबारेको भिडियोहरू हेर्छु। मलाई (महिनावारीको बेला)एकदमै दुख्छ, त्यो दुखाई कसरी कम गर्न सकिन्छ भनेर हेर्छु। तातो पानीले सेक्ने, चकलेट खाने, त्यसले कसरी दुखाई कम गर्छ भन्ने बारेमा सिके।”*

38 Lorde.A. (1984). Uses of the Erotic: The Erotic as Power. Tucson, AZ: Kore press. https://uk.sagepub.com/sites/default/files/upm-binaries/11881_Chapter_5.pdf

39 Lorde.A. (1984). Uses of the Erotic: The Erotic as Power. Tucson, AZ: Kore press. https://uk.sagepub.com/sites/default/files/upm-binaries/11881_Chapter_5.pdf

यहाँ, सहभागीले उनी आफ्नो लागि महत्वपूर्ण रहेको प्रणयसम्बन्धी बिबिध पक्षहरूका साथै आफ्नो सुन्दरता र हेरचाहका लागि सौन्दर्य, यौनिकता संगै प्रजनन् स्वास्थ्य सम्बन्धि अनेक जानकारीहरू अनलाइनमा खोज्ने गरेको कुरा खुलाउनुभयो। तर त्यस्ता धेरैजसो अनलाइन सामाग्रीहरू अपाङ्गता भएका महिलाहरूलाई ध्यानमा राखेर बनाइएका हुँदैनन् जबकी अपाङ्गता भएका महिलाहरूको शारिरीक असक्षमता ती जानकारी लिनको लागि बाधक हुदैन बरु उनीहरूको अनलाइन अनुभवहरूले अफलाइन जीवनलाई समृद्ध बनाउने गरेको छ। अवश्य पनि, धेरै सहभागीहरू- खासगरी दृष्टि र श्रवणसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूलाई त्यस्ता अनलाइन सामाग्रीहरू माथि पहुँच राख्न अवरोधहरु छन्। उनीहरूले अन्य महिलाका लागि लक्षित गरि बनाइएका भिडियो र अरु सामाग्रीहरूबाट लाभ लिन सक्दैनन्।

अर्का सहभागीको यो उद्धरणले अपाङ्गता भएका समुदाय अनुरुपको अनलाइन सामाग्रीहरूको आवश्यकतालाई स्पष्ट दर्शाउँछः

> *"...अनि धेरै साथीहरू यौन खेलौना (सेक्स टोय) बारे सोधखोज गर्ने, त्यसबारे बुझ्न खोजिरहेका छन्। मेरुदण्डसम्बन्धी समस्या (स्पाइनल कर्ड इन्जुरी) भएको धेरैजसो विवाहित महिलाहरूको यौनिक जीवनमा समस्या छ। सामान्यत गाउँभन्दा शहरी क्षेत्रका अविवाहित महिलाहरूले समेत यौन खेलौना प्रयोग गर्ने गरेका छन्।"*

अपाङ्गताको केही प्रकारहरू जस्तै स्पाइनल कर्ड इन्जुरी ले यौनकार्यबाट पाउने यौनिक सुखको "परम्परागत" बाटो कसरी छेक्छ भन्ने संकेत हामीले हाम्रो अनुसन्धान सहभागी मार्फत् पायौं। जब अपाङ्गता भएकै कारणले यौन सुख भोग्नु असहज वा असम्भव झैं बन्छ, यौन खेलौनाले यौन आवश्यकता पूर्ति गर्ने एक विकल्प दिन्छ। यहाँ पनि, श्रवण वा दृष्टिसम्बन्धी समस्या भएका व्यक्तिको तुलनामा मेरुदण्डसम्बन्धी समस्या भएकाहरूका लागि इन्टरनेटको पहुँच सहज हुन्छ। उनीहरूले यौन खेलौना र त्यसको प्रयोग जस्ता विकल्पबारे अनलाइनमा खोज्न सक्छन्।

यद्यपि, अन्य शरिरहरूका लागि बनाइएका सामाग्रीहरूको पहुँचमा समस्या नभएता पनि अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्वको समस्या/अभाव भने वास्तविकता हो। अनलाइन सामाग्रीहरूमा आफूलाई देख्न पाउनु एक मूल्यवान अनुभव हो जसले उक्त थलो आफ्नै हो भन्ने महशुश गराउँछ।[40] त्यस्ता सामाग्री निर्माणमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गरिनु भनेको अपाङ्गता भएकाहरूको अनुभव र मुद्दाहरूको सम्बोधन गर्ने सम्भावना ल्याउनु हो; जुन मुद्दाहरू मूलप्रवाहका सामाग्री बनाउनेहरूको नजरमा कमै पर्ने गर्छ।

एक सहभागीले पोर्न भिडियो हेरेको आफ्नो अनुभव साट्दै त्यसमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व नभएको पाएपछि निराश भएको अनुभव पनि सुनाएका थिए:

> *"म अपाङ्गता भएकाहरूले यौनसम्बन्ध राखेको पोर्न भिडियोहरू खोज्दै थिएँ, तर मैले भेट्न सकिनँ हामी अपाङ्गता भएका महिलाहरूलाई [...] अयौनिक भनेर हेरिन्छ [...]।"*

शुरु-शुरुमा पोर्नको लागि इन्टरनेट प्रख्यात कुरा मानिन्थ्यो,[41] तर अहिले पनि पोर्नसाइटहरु अपाङ्ता भएका शरिरहरूको लागि लक्षित भने छैन। पहुँचयोग्य पोर्नको जिकिर गर्दै हाम्रा उत्तरदाताहरूले पनि पोर्न अन्य दर्शकहरूका लागि मात्रै भएको, उनीहरुको लागि नभएको संकेत गरेका थिए।

## अनलाइन व्यक्तित्वमा स्व-नियन्त्रण

यस अनुसन्धानमा अधिकारकर्मीहरूले सामाजिक कार्यकर्ता एवं अभियन्ता लगायतका सार्वजनिक व्यक्तित्वहरूले 'राम्रो' कामको लागि इन्टरनेट कसरी प्रयोग गरेका छन् भन्ने कुरा उल्लेख गरेका थिए। अझ विस्तृतमा जान्न खोज्दा, उनीहरूले जानकारीहरू साटासाट गर्ने र अपाङ्गता अधिकार समूह र समुदायहरूमा के भइरहेको छ भन्ने समाचारहरू थाहा पाउन, र उनीहरूको संस्थागत क्रियाकलापहरू र त्यसबारे कुराकानी गर्न इन्टरनेटको प्रयोग गर्ने गरेको बताए। अर्कोतिर, अधिक व्यक्तिगत सूचनाहरू राख्न, खासगरी आफ्ना दुःख वा कष्टपूर्ण कुराहरू खुलाउन प्रोत्साहन नगरिएको र अपाङ्गता भएका व्यक्तिहरूलाई अनलाइन थलोहरूमा प्रोत्साहन र उत्साह मिल्ने खालको प्रस्तुती हुनुपर्ने महशुश गरिएको बुझाई देखियो।

> *"म धेरै अपलोड गर्ने गर्दिन। म धेरैजसो प्रोत्साहित हुने खालका कुराहरू राख्ने गर्छु ताकि मानिसहरू प्रोत्साहित होऊन् केही सिकून्। अनि मेरो मन छुने कुराहरू पनि म राख्ने गर्छु।"*

> *"मानिसहरू आत्महत्यासम्बन्धी कुराहरू पोष्ट गर्छन्। जस्तै उनीहरू आफैले आफैलाई कसरी मार्न चाहन्छन्। कहिलेकाही यस्तो कुराहरू मलाई व्यक्तिगत रुपमै म्यासेज गरी पठाउछन् ती कुराहरू मसँग भन्छन्। यसले उनीहरूलाई मात्रै सताउँदैन हामीलाई पनि एकदमै नराम्रोसँग सताउँछ। मानिसहरूले यस्तो कुराहरू फेसबुकमा हाल्नु हुँदैन। उत्प्रेरक कुराहरू मात्रै हाल्नुपर्छ।"*

> *"त्यो नयाँ वर्षको दिन थियो। म र केही साथीहरू एउटा क्लबमा थियौँ। मैले त्यसलाई फेसबुकमा पनि हालेँ। त्यसको भोलीपल्ट संस्थाको प्रमुखले मलाई त्यस्तो कुराहरू फेसबुकमा पोष्ट नगर्नुपर्थ्यो भनेर फोन*

40 Moses.G. (2018 August 28). Why Disability Representation Matters (And not just in Media). The Body is not an Apology. https://thebodyisnotanapology.com/magazine/why-disability-representation-matters-and-not-just-in-the-media/

41 Kusher. D. (2019 September 4). Brief History of Porn on the Internet. Wired. https://www.wired.com/story/brief-history-porn-internet/

*गर्नुभयो। उहाँले मलाई तपाई भविष्यको नेता हो त्यसैले त्यस्तो कुराहरू पोष्ट गर्नु हुँदैन भनेर भन्नुभयो। उहाँले मलाई मेरा अरु निजी तस्बीरहरू पोष्ट नगर्न भन्नुभयो। संस्थासँग सम्बन्धित नभएका कुनैपनि कुराहरू नराख्न भन्नुभयो। मैले उहाँले भन्नुभएको क्लबको पोष्टहरू नगर्ने कुरामा सहमति जनाएँ तर मेरो निजी तस्बीरहरु पोष्ट नगर्नु भनेर भन्नुभएको कुरामा सहमत हुन सकिनँ। अँ ! यो मेरो छनौट हो। पूर्णरुपमा !"*

आन्दोलनका नेता/नेतृहरू समुदायका अरुहरूका लागि प्रेरणादायक हुनुपर्छ भन्ने मान्यता पनि समुदाय आफैले थोपरेको छ। दुःख-कष्टसँग सम्बन्धित भावनाहरूलाई 'नराम्रो' मानिन्छ।

*सहभागी१: म पनि इन्टरनेटमा दिनदिनै धेरै तस्बीरहरू पोष्ट गर्ने गर्थे। मेरा केही दिदीबैनीहरू (आन्दोलनकै सहकर्मीहरू)ले संस्थाको सदस्य भएकोले क्याप्सनसहित [जसले दुःखसहितको व्यक्तिगत भावनाहरू दर्शाउँछ] धेरै तस्बीरहरू नहाल्नुपर्थ्यो भने... उनीहरूले यदि मैले त्यस्तो पोष्ट गरेमा मलाई नराम्रो रुपमा लिइनेछ भनेपछि मैले सकेजति कमभन्दा कम पोष्ट गर्छु भनेर प्रयास गरिरहेको छु। तस्बीरहरू पोष्ट गर्नबाट म आफैले आफूलाई रोक्ने गर्छु... उनीहरूले भने, "ओहो, तपाईले तस्बीरहरू इन्टरनेटमा पोष्ट गर्नुभयो ! किन ?"। उनीहरूले मलाई झपारे। मलाई थाहा छ, उनीहरूले मेरो राम्रोको लागि त्यस्तो भनेका हुन् त्यसैले मैले त्यसलाई नराम्रो मानिन। हामी एउटै संस्थामा काम गरिरहेका मान्छेहरू हौँ, हामीबाट सिक्नेहरू पनि धेरै छन यहाँ। हामीले उनीहरूलाई (दुःखद भन्दा पनि राम्रो र सकारात्मक कुराहरूबाट) प्रेरित गर्नुपर्छ। म अझैपनि आफूलाई रोकीरहेको छु। म आफूलाई सुधार्ने कोशीसमा छु।*

*सहभागी२: उहाँले लेख्न सक्नुहुन्न भन्ने होइन। यो यस्तो भयो कि उहाँले इन्टरनेटमा लेखेपछि उहाँको फलोअरहरूले त्यो देख्छन्। उनीहरूले गलत सोच राख्छन्, गलत सन्देश लिन्छन् त्यसले पछि उनीहरूलाई निरुत्साहित पार्छ। यदि तपाई क्याप्सनसहित तस्बीरहरू पोष्टगर्न चाहनुहुन्छ भने गर्नुस्। तर क्याप्सनहरू सकारात्मक र राम्रा होस् भन्ने ख्याल राख्नुस्।*

सामाजिक सञ्जालमा 'प्रेरणादायी' र सकारात्मक जानकारीहरू मात्रै राख्ने दबाबले सहभागीहरूलाई चाहेअनुरुप आफ्नो यौनिकता व्यक्त गर्नबाट पनि रोक्छ।

*"मैले एउटा लुगा लगाएर एउटा तस्बीर पोष्ट गरें। केही मानिसहरूले मलाई त्यस्तो लुगा नलगाउन र जिन्समा म एकदम राम्री देखिन्छु भन्ने खालका म्यासेजहरू पठाए। मैले त्यो लुगा न काममा जाँदा लगाएकी थिए न त काममा मलाई कसैले त्यो लुगा लगाएको देखेका नै थिए। मैले केवल त्यो अनलाइनमा मात्रै पोष्ट गरेकी थिएँ।"*

*"मेरो श्रीमान् र मैले चुम्बन गरेर एउटा तस्बीर खिच्यौँ। त्यसलाई मैले सामाजिक सञ्जालमा अपलोड गरेँ। मेरो श्रीमान् नहाल्ने पक्षमा हुनुहुन्थ्यो। त्यस्तो तस्बीर मैले किन सामाजिक सञ्जालमा हाले भनेर उहाँले सोध्नुभयो। मैले उहाँलाई 'यो मेरो लागि एकदमै अनमोल क्षण थियो त्यसैले मैले पोष्ट गरे' भनेर जवाफ दिएँ। कहिले हो मलाई थाहा भएन, तर पछि मैले त्यो पोष्ट हटाएँ, र, [त्यसलाई हटाएकोमा] पछुताएँ। आजभोलि अनलाइनमा के हाल्छु , के पोष्ट गर्छु भन्नेबारेमा म एकदमै सचेत छु। व्यक्तिगत कुराहरू पोष्ट गर्दाखेरी पनि [हाम्रो] संस्था त्योसँग जोडिएको हुन्छ। त्यसैले सजग हुनु जरुरी छ।"*

*"मुख्य प्रश्न भनेको- अधिकारकर्मी भएको हुँदा हामीले अनलाइनमा के पोष्ट गर्छौं भन्नेबारे सचेत र होशियार हुनुपर्छ र हामीले पोष्ट गर्न चाहेको कुराहरू हामी पोष्ट गर्दैनौं। हामी यसलाई व्यक्त गर्न सक्दैनौं, हैन ! जस्तै म आफ्नो पार्टनरसँग चुम्बन गरेको कुरा पोष्ट गर्न चाहन्छु र त्यो मेरो यौनिकताको पाटो हो। त्यसैले हामीले हाम्रो यौनिकतालाई अभियानको खातिर नियन्त्रण गरिरहेका छौं...। मलाई मनपर्ने सयौं सेल्फीहरू पोष्ट गर्नु मेरो लागि फेन्सी हुन सक्छ, जुन पूर्णतया मेरो रोजाइ हुन्छ। तर हाम्रो काम, अभियान र जुन डर हामीसँग छ, त्यसैको कारणले हामी [गर्न सक्दैनौं]..."*

## अपाङ्गता भएका शरिरहरुलाई अनलाईनमा कसरी प्रतिनिधित्व गराईन्छ

अपाङ्गता भएका मानिसहरूको शरिर सम्बन्धि संकथनहरूमा- उनीहरूको शरिर सौन्दर्यमा मात्र कुरूप नभई कामकाजको हिसाबले पनि बेकामे- खासगरी प्रजननको काम गर्न असक्षम हुन्छन् भन्ने खालका धारणा पाइन्छ।

अपाङ्ताको चिकित्सकिय अवधारणा र सामाजिक निर्माणको दृष्टिकोणले अपाङ्गता भएका शरीरहरुलाई "निष्क्रिय र अरूमा आश्रित शरिरको रुपमा गरिएको व्याख्या "[42]ले अपाङ्गता भएका शरिरहरूलाई काम नलाग्ने र अवाञ्छनीय शरिरको रुपमा हेर्दछ। महिलाको यौनिकतासम्बन्धि यस्ता धारणाहरु जसले महिलालाई अमानवीय र कच्चा ठान्छ, त्यस्ता कुराले पनि अपाङ्गता भएका शरिरप्रतिको विद्यमान धारणालाई थप बलियो बनाउँछ।[43] यस्ता अन्तरबर्गीय भेदभावहरू एकआपसमै बढ्दै जान्छ जसले अपाङ्गता भएका महिलाहरुको सम्मान, एजेन्सी र उनीहरुको अन्य शरीरहरू जस्तै आफ्नै व्यक्तित्व हुन्छ भन्ने कुरालाई अस्विकार गर्दछ।

हाम्रा अनुसन्धान उत्तरदाताहरूले भने अनुसार सबैभन्दा ठुलो कुरा उनीहरूका शरिरहरू अनलाइन थलोहरूमा अपेक्षित समेत हुँदैनन्। धेरैजसो सहभागीहरूले भनेका थिए कि

42 Christina S.A., Lucia S.A. (2017). Yes, we fuck! Challenging the misfit sexual body through disabled women's narratives. Sage Journals. 21(3), 303-318. https://journals.sagepub.com/doi/full/10.1177/1363460716688680
43 Ibid.

अन्य शरिर भएकाहरू (अपाङ्गता नभएका शरिरहरु)ले जब अनलाइनमा कोही अपाङ्गता भएको व्यक्ति देख्छन् उनीहरू जहिले पनि आश्चर्यमा पर्छन्।

*"अपाङ्गता भएका मानिसहरू प्रायः फेसबुक र इन्टरनेट प्रयोग गर्छन् तर अरु मानिसहरूलाई थाहा छैन कि अपाङ्गता भएका मानिसहरूले पनि फेसबुक चलाउन सक्छन्।"*

हाम्रा अनुसन्धान उत्तरदाताहरूले अनलाइनमा तस्बीर अपलोड गरेपछि भरोसा गरेकै आफ्नै फेसबुक समूहबाट समेत नराम्रो टिप्पणीहरू पाएको अनुभवहरू साटेका थिए। यस्ता टिप्पणीले नेपालमा अपाङ्गता भएका महिलाहरूको शरीर आखिर कस्तो हुनु पर्ने हो र कसरी आफुलाई प्रस्तुत गर्नु पर्ने हो भन्ने एक खालको अपेक्षाको चित्रण गर्छ र अपाङ्गता भएका महिलाहरूको यौनिक अभिव्यक्ति कुन हद/ परिधि भित्र मात्र स्वीकार्य हुन्छ भन्ने समेत देखाउछ।

हाम्रा सहभागीहरूले बिभिन्न प्रशंसाहरुले भरिएको सन्देशहरू आफुले पाएको तर पछि मुल्यांकन गर्दै जाँदा ती प्रशंसा नै नभएको अनुभव गरेको बताएका थिए। बरु ती त हाम्रा सहभागीहरूका अपेक्षा बिपरित सोचहरू थिए। जस्तैः अपाङ्गता भएका शरिरहरू सुन्दर हुँदैनन्, र सुन्दर शरिर भन्नासाथ अपाङ्गता नभएको मानिसको शरिर हो भन्ने सोचिन्छ। परम्परागत सुन्दरताको (सामाजिक) मापन भित्र अटाउने अपाङ्ता भएका महिलाहरूले अनलाइनमा "तपाई त अपाङ्गता भएको जस्तो देखिनु हुन्न" भन्ने साझा प्रतिक्रिया धेरै पाउने गर्छन्।

उदाहरणका लागि, तपाईको तस्बीरमा कस्तो खालको प्रतिक्रियाहरू पाउनुहुन्छ भनेर एक सहभागीलाई प्रश्न सोध्यौंः

*"धेरैजसो त प्रशंसा। मानिसहरूले म अपाङ्गता भएको समुदायमा पर्छु भन्ने कुरा मेरा तस्बीरहरूमा नदेखिने बताउछन। कहिलेकाहीँ म कार्यक्रमहरूमा बोलीरहेको, विभिन्न कार्यक्रमहरूमा सहभागी भएको, विभिन्न ठाउँहरू घुमेको तस्बीरहरू पोष्ट गर्ने गर्छु। मानिसहरू मलाई कार्यक्रमहरूमा सहभागी भएको सुन्दर तस्बीरहरू मैले पोष्ट गरेको कुरा भन्छन्। म जब विदेशतिर जान्छु त्यसबेलाका मेरा तस्बीरहरू पनि पोष्ट गर्छु। र, मानिसहरू छक्क पर्छन्। (हाँसो)।"*

शुरुमा त यस्तो कुराहरू प्रसंशा जस्ता देखिन्छन्, र धेरैजनाले यसलाई प्रसंशा कै रुपमा लिने पनि गर्छन्। जब यस्तो प्रतिक्रिया पाउने व्यक्तिले यसको अर्थ र सन्दर्भलाई भित्रैदेखि बुझ्छन् तब त्यहाँनेर विविध खालका धारणाहरू हुन्छन्। एक त अपाङ्गता र सुन्दरता परस्परमा वहिष्कृत छन्- तसर्थ यदि कसैलाई सुन्दर भएको भनी मूल्याङ्कन गरिएको खण्डमा अपाङ्गता भएको हुन सक्दैन भन्ठानिन्छ।

त्यस्तै अपाङ्गता भएका महिलाको विदेश भ्रमणको तस्बीरमा आएको"आश्चर्यजनक " प्रतिक्रिया पनि अर्को उदाहरण हो जसले अपाङ्गता भएको व्यक्तिको रुपमा उसको जीवन अनुभवहरु सिमित हुन्छन भनी पूर्वआँकलन गरिने कुरालाई पनि देखाउँछ। जसमा बधाई दिनेहरूको अपेक्षा भनेको अपाङ्गता भएका व्यक्तिहरूले अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा बोल्न र सहभागी हुन सक्दैनन् भन्ने हो।

त्यस्तै गरेर, सुन्दरता र शृंगारमा अधिक रुचि राख्ने अर्को सहभागीको अनुभवः

*"पहिले म पुरै शृंगार गर्ने गर्थे...र मानिसहरूले म अपाङ्गता भएको व्यक्ति हुँ भनेर सोच्दैनथे। 'जब तपाईलाई तस्बीरहरूमा देख्छु...तपाई अपाङ्गता भएको जस्तो देखिनुहुन्न (अपाङ्गता शब्दको आपत्तिजनक शब्द प्रयोग गर्दै)'। 'के तपाई मानिसहरूलाई आकर्षित गर्ने र झुक्याउने कोशीस गर्दै हुनुहुन्छ ?' यस्ता खालका टिप्पणीहरू फेसबुकमा र [अपाङ्गता भएकाहरूको] समुदाय भित्रैबाट पनि आउने गर्छ। मैले त्यस्ता टिप्पणीहरू हटाउन थाले, अहिले मसँग अपाङ्गता समुदायका मानिसहरू, र मेरो परिवारका केही सदस्यहरू मात्रै [फेसबुकमा] छन्।"*

यहाँ पनि, अपाङ्गता भएका शरिरहरू कसरी सुन्दरताको हकमा असान्दर्भिक मानिन्छन् भन्ने हामी देख्छौं। अझ, इच्छा र यौनिकतालाई द्बलिंगी आकर्षणको परम्परागत कोणबाट पुरुषले महिलालाई सुन्दर देख्छ। ऊ अपाङ्गता भएको व्यक्ति हो भन्ने कुरा थाहा पाएपछि भने उसले त्यो कुरा नियोजित रुपमै अरुलाई आफूप्रति आकर्षित गर्न र छक्याउन गरेको हुनुपर्छ भन्ठानिन्छ। प्राय सहभागीहरुले सुन्दर छ र छैन भन्ने कुरालाई शरिरको सक्षमताको आधारमा दुइ बाकसमा राख्ने भाषाहरु प्रयोग गर्दै सोहीअनुरुप उनीहरू आफैले आफूलाई आकर्षक नभएको सोच्ने कुरा पनि गरेका थिए।

## प्रविधिले यौनिकताको अभिव्यक्तिमा कसरी सहजीकरण गर्छ

यौनिकता, प्रजनन् स्वास्थ्यका थप जानकारीहरू पाउन र पोर्नोग्राफीबाट आफ्नो यौनिकताको अन्वेषण गर्नुका साथै सहभागीहरूले निजी च्याट वा अनलाइन डेटिङ साइटहरू मार्फत आफ्नो यौनिकता अभिव्यक्त गर्ने माध्यमको रुपमा इन्टरनेट प्रयोग गरेको बताए।

*"अफलाइनमा त्यस्तो पहुँचयुक्त ठाउँहरू छैनन् जहाँ हामी डेटमा जान सक्छौं वा मानिसहरू भेट्न सक्छौं। कसैलाई भेट्नुभन्दा पहिले हामीले उनीहरूको तस्बीर हेर्नुपर्छ, भिडियो च्याट गर्नुपर्छ।""खासमा मानिसहरू यौनबारे खुलस्त छैनन्। तर उनीहरूले भिडिओ च्याट, तस्बीरहरू आदानप्रदान गर्ने जस्ता यौनिक क्रियाकलापहरू भने गर्ने गर्छन्। मेरा केही साथीहरूले पनि त्यसो गर्छन् तर मानिसहरू खुलेर कुरा गर्दैनन्। त्यसैले अनलाइनमा आफ्नो यौनिकताबारे अन्वेषण गरिरहेका मानिसहरूको यथार्थ तथ्याङ्क उपलब्ध छैन। इन्टरनेटले जोडी/पार्टनरहरूबीचमा हुने यौनिक क्रियाकलापको लागि प्रमुख भूमिका खेलेको छ। यो सजिलो छ। हामीले मान्छे भेट्नै पर्दैन। भौतिक रुपमा*

*सम्पर्क गर्नैपर्दैन र यौनजन्य सरुवा रोगहरू लाग्ने वा सर्ने सम्भावना पनि रहँदैन। यो सुरक्षित र गोप्य छ।"*

यी उद्धरणहरूले देखाउँछ कि अफलाइन थलोहरू अपाङ्गता भएका व्यक्तिहरूको यौनिक प्रस्तुतीकरणका लागि निषेधित छन्। यस्तो अवस्थामा प्रविधिले कसरी उनीहरुको मदत गर्छ भन्ने पनि यसले देखाउछ। भिडिओ च्याट र तस्वीर आदानप्रदान मार्फत अपाङ्गता भएका महिलाका केही जमात अनलाइन यौनसुख/आनन्दको खोजीमा संलग्न हुन सकेका छन्। जसले सुरक्षाको हिसाबमा-यौनजन्य सरुवा रोगहरूबाट सुरक्षा, गोपनीयताको सुरक्षा, र तुलनात्मक रुपमा सहज पहुँचजस्ता व्यक्तिगत अन्वेषणको सुविधा समेत उपलब्ध गराएको हुनसक्छ। तैपनि, यसको नकरात्मक पक्ष भनेको अपाङ्गता भएका महिलाहरूले इन्टरनेट चलाउँदा अझैपनि उनीहरुको सुरक्षा र गोपनीयता सिमित रहेको छ। किनभने त्यस्ता यथार्थहरूलाई आन्दोलनमा खासै ख्याल गरिएको छैन। अहिले यो एकदमै महत्वपूर्ण कुरा हो। यिनलाई अब कसरी सम्बोधन गरिँदा अपाङ्गता भएका महिलाका आवश्यकता र इच्छाहरू त्यसमा समावेश हुन सक्छन् भन्ने प्रमुख कुरा हो।

## एक व्यक्तिको बहु-पहिचानहरूको खोजी गर्ने थलो

अपाङ्गता भएका व्यक्तिहरू, खासगरी दृष्टिविहिन भएकाहरूले सामान्यतया आफ्नो अपांगताको अवस्थालाई अलग अलग राखेर सोहीअनुरुप पहिचान गर्न र गराउन सक्दैनन्। प्रायः यस्तो हुन्छ कि समाजको नजरमा उनीहरूको अपांगताको अवस्थाले उनीहरूको व्यक्तित्वको अरु पक्षहरू समेत ढाकीदिन्छ। अरू मानिसहरूले घुरेर हेर्छन् तर उनीहरूले देख्दैनन्; अपाङ्गता भएको शरिरलाई हेर्छन् तर व्यक्तिलाई चाहिँ देख्दैनन्।"[44]

तथापि, इन्टरनेटमा कुरा बेग्लै हुन्छ। मानिसले आफ्नो बहु-पहिचानमध्ये कुनै एकलाई देखाउन वा गोप्य राख्ने छनौट गर्न सक्छ। हाम्रा सहभागीहरूले भनेका थिए, विशेषगरी दृष्टिविहिनहरूले सहयोगी उपकरण र सरसामानहरू प्रयोग गर्छन्। उनीहरूका लागि इन्टरनेट एक यस्तो पहिलो माध्यम बन्यो, जसले उनीहरूको अपाङ्गता भएको पहिचान मात्रै उनीहरूलाई हेर्ने कोण होइन भन्ने कुरा सुनिश्चित गर्न सघायो। त्यसले अपाङ्गता भएको अवस्था खुलाउने वा नखुलाउने बिकल्प उनीहरूलाई उपलब्ध गरायो। उनीहरुलाई हेर्ने दृष्टिकोण भनेको उनीहरुको अपाङ्गता भएको परिचय मात्र होईना भन्ने कुरा पनि सुनिस्चित गर्यो। धेरैका लागि यस्तो कार्यले उनीहरूको कमै देखिएको अरू पहिचानको पक्षहरू अन्वेषण गर्ने अवसर दियो। यस्ता धेरै अनुभवहरूले कसरी यति सामान्य बिकल्प/छनौटले पनि उनीहरूलाई अपाङ्गता भएको व्यक्ति भएकै कारण अरुको नजरमा विचराको पात्र बन्नबाट जोगिन सघायो भन्ने देखाउछ। यसले अफलाइन दुनियाँमा उनीहरूको अपांगताको अवस्थालाई बारम्बार औँल्याइरहने कुराबाट केही हदसम्म छुटकारा पनि दिएको छ।

धेरैजनाले यस्तो खालको परिक्षण गरिरहेको उदाहरण दिएका थिए:

*"मलाई लाग्दैन फेसबुक एउटा सही प्रतिविम्ब हुनु जरुरी छ...हामी त्यहाँ हाम्रो अपाङ्गतालाई प्रचारप्रसार गर्न चाहँदैनौँ... हामी आफूले त्यहाँ राख्ने कुरालाई सीमित गर्न सक्छौँ। जसलाई (मेरो अपाङ्गताबारे)थाहा छ, थाहा छ, जसलाई थाहा छैन उनीहरूलाई थाहा हुनु जरुरी छैन।"*

केही अपाङ्गता भएका महिलाहरूका लागि यो एजेन्सीको एउटा उदाहरण हो जसले अनलाइनमा यस्तो कुराहरू अभ्यास गरिरहेका छन्।

सहभागीहरूले आफ्नो अपाङ्गताको अवस्थालाई फेसबुकमा सबैसँग सेयर नगर्ने आफ्नो निर्णय भएको बताएका थिए। जब उनीहरूलाई आफू सेयर गर्न तयार छु भन्ने लाग्छ त्यसबेला व्यक्तिगत रुपमा सेयर गर्ने गरेको खुलाएका थिए। उनीहरू अपाङ्गता भएका व्यक्ति हुन् भन्ने कुरा थाहा पाएपछि मानिसहरूले अपाङ्गता भएका महिलाहरूलाई फेसबुकमा या त पूर्णरुपमा बेवास्ता गर्ने वा त्यसको उल्टो, धेरै प्रश्नहरू सोधेर हैरान गर्ने गर्छन्। जुनसुकै रुपमा भएपनि वास्तविकता थाहा पाउनु अघि र पछिको सम्बन्धमा परिवर्तन आएकै हुन्छ।

*"मेरो फेसबुक स्टाटसमा म अपाङ्गता भएको व्यक्ति हुँ भन्ने पहिचान मैले राखेको छैन। केही व्यक्तिहरूले म दृष्टिविहिन हो भन्ने कुरा थाहा पाएपछि उनीहरूले मसँग बोल्न बन्द गरे। केहीले भने त्यसपछि अति जिज्ञासु बनेर अझ बढी कुराकानी गर्न थाले।"*

यस्ता अनलाइन सामाजिक परिक्षणहरूले हाम्रा सहभागीहरूलाई विस्तारै उनीहरूका अरु पहिचानका पक्षहरू खोज्ने अवसर मात्रै दिएन, उनीहरू वरपर भएका मानिस/संसारले वास्तवमा उनीहरूबारे कसरी सोच्छन वा महशुश गर्छन् भन्ने थाहा पाउन समेत मदत गर्यो।

एक सहभागीले आफ्नो एक साथीको उदाहरण दिँदै पहिले उनले आफ्नो अपाङ्ता भएको पहिचानलाई जानीजानी फेसबुकमा अज्ञात राखेको र पछि अनावश्यक ध्यानाकर्षणको निशाना बन्नबाट बच्नको लागि आफ्नो पहिचान खुलाएको कुरा राखेका थिए।

*"एउटी राम्री देखिने नजिकको साथीले आफ्नो तस्बीर यस प्रकारले अपलोड गरिन् की त्यसमा ह्वीलचेयर देखिएन। पुरुषहरूबाट नचाहेको म्यासेन्जर कलहरू*

44 Cohen-Rottenberg, R. (2017, September 28). Where Are All the Disabled People in the Body Positivity Campaigns? The Body is Not an Apology. https://thebodyisnotanapology.com/magazine/where-are-all-the-disabled-people-in-the-body-positivity-campaigns/

*उनलाई यति धेरै आउन थाल्यो कि उनलाई धेरै तनाब भयो। उनले मसँग सल्लाह मागिन् मैले उनलाई पूरा देखिने आफ्नो तस्बीर अपलोड गर्नु भने। जब उनले आफ्नो त्यस्तो तस्बीर अपलोड गरिन् तब कलहरू आउन बन्द भए। अनि हामीले महशुश गर्यौं कि यस्ता कुराहरू (हाम्रो अपाङ्गता) बारेमा कुरै नगरिएको हुन सक्छ। तर यसले मानिसहरूलाई असर गर्छ।"*

यो उद्धरणले अपाङ्गता भएका शरिरहरूमाथि कसरी विभेद गरिन्छन् भनेर बताउँछ। जब मानिसहरू "सहिष्णु" वा "संवेदनशील" भएको छवि प्रस्तुत गर्न खोजिरहेका हुन्छन् तब अपाङ्गता भएका महिलाहरूको यौनिकताबारे उनीहरुको सोच संकीर्ण नै रहेको देखिन्छ। जुनबेला हाम्रो सहभागीलाई पुरुषहरूले पुरातन सौन्दर्यको मानक बमोजिम मन पराए, त्यो खासमा सुन्दर शरीर भनेको अपाङ्गता भएको शरीर हुनै सक्दैन भन्ने अनुमानमा आधारित थियो।जब उनको अपाङ्गताको अवस्था थाहा भयो त्यो चाहना पनि खतम भयो। पुरातनी सोच अनुसार अपाङ्गता भएका महिलाहरूको शरीर वाञ्छनीय/रुचिकर नहुने हुदा अपाङ्गता भएका व्यक्तिहरूको यौनिकतालाई स्वीकार्य बनाउन अझै कति लामो यात्रा तय गर्नु छ भन्ने कुरा देखाउँछ। त्यस्ता शरीरहरु पनि वाञ्छनीय/रुचिकर हुन्छ भन्ने मान्यता स्थापित गर्नु त् झन् परको कुरा हो।

हाम्रो अनुसन्धानमा यौन तथा प्रजनन स्वास्थ्य अधिकारकर्मीहरूले प्रजनन् स्वास्थ्यसम्बन्धी जानकारी पाएका कुरा त छँदैछ। महत्वपूर्ण पक्ष, अझ उनीहरू एक कदम अघि सरेर जोखिम छँदाछँदै पनि अनलाइनमा अरुहरूले राखेका सामाग्रीहरू पनि सेयर गरेको अनुभव राखेका थिए।

*"त्यहाँ महिनावारीबारेको एउटा पोष्ट थियो। मैले त्यो आफ्नो फेसबुकमा हाले। किनकी मान्छेले महिलाहरूलाई खराब कुराहरू भन्छन् जुन महिलाहरूका लागि नकारात्मक र हेप्ने खालको हुने गर्छ। त्यस्तो मेरो न्यूजफिडमा देखियो। म त्यस्तो पोष्टहरू सेयर गरिरहन्छु।"*

यहाँ, हाम्रो छलफलकर्ताले त्यस्ता सामाग्रीहरू सेयर गरेर विभिन्न तरिकाबाट आफुले अनलाइनमा उपस्थिति जनाउने कुरा राखेका थिए। म त्यस्ता कुराहरू "सेयर गरिरहन्छु" भन्ने कुरा र अनलाइन प्रतिरोधका कार्यहरूमा संलग्न भइरहने समर्पण भाव उनको एजेन्सीको अभिव्यक्ति हो। साथै वैकल्पिक संकथनहरू बिस्तार गर्ने कामको लागि एक महत्वपूर्ण योगदान पनि हो।

यद्यपि, यस्ता थलोहरूमा सुरक्षाको सुनिस्चितता छैन। महिलाका अफलाइन व्यवहारलाई नैतिकताको कसीमा राख्ने पितृसत्तात्मक शक्तिहरूले अनलाइनमा पनि त्यही शक्तिको उपस्थिति भएको अनुभूति गराइरहन्छन्। अनलाइन डेटिङ थलो प्रयोग गर्ने केही सहभागीहरूमध्ये धेरैजसोले आफ्ना नराम्रा अनुभवहरू सुनाएका थिए:

*"एकपटक, [...] म मेरो डेस्कटपमा हेर्दै थिएँ र मैले त्यहाँ एउटा साइट भेटें। त्यहाँ मैले आफ्नो प्रोफाइल बनाउनुपर्थ्यो। [...] अनि मैले टेक्स्टहरू पाउन थाले। मैले किन त्यस्तो टेक्स्टहरू पाइराखेको छु भनेर म छक्क परें। मैले हेरें तर जवाफ दिइनँ। मैले एउटा म्यासेज पाएँ, एकजना मान्छेबाट। ऊ सही नै जस्तो देखिन्थ्यो। हामीले शुरुमा राम्रोसँग कुराकानी गर्यौं। उसले भन्यो "मलाई थाहा छ, तपाई यो साइटको बारेमा केही थाहा नपाइकनै आइपुग्नु भएको हो। तपाई यस्तो ठाउँमा आउने मान्छे होइन। त्यसैले यी सबै डिलिट गरेर बाहिरिनुस्।" मैले यो सबै केको बारेमा हो ? भनेर सोधें। उसले धेरै कुरा भनेन। तर, अँ, म सम्झिन्छु, मैले अज्ञानमै त्यस्तो एप र त्यस्तो ठाउँमा पुगेकोले त्यस्तो भइरहेको कुरा। पछि, मैले हत्त न पत्त डिलिट गरे।"*

*"म अरुको बारेमा भन्न सक्दिन तर मैले एकदमै नराम्रो अनुभव गरेँ। मेरो श्रीमानसँग छुट्टिएको ६ महिनापछि मैले अनलाइन डेट गर्ने प्रयास गरे। तर मेरो दाइले मलाई गाली गर्नुभयो, मेरो पहिलेको अनुभवको कारण। म पनि डराएँ। मलाई अनलाइन डेटिङ सुरक्षित लाग्दैन।"*

यी दुई अनुभवहरूले कसरी पितृसत्तात्मक संरचनाले महिला र अपाङ्गता भएका महिलाका यौनिकतामाथि आफ्नै परिवारले समेत अनलाइन र अफलाइन दुबैमा नियन्त्रण गर्छ भन्ने देखाउँछ। हाम्रो अनुसन्धान सहभागीलाई पनि गलत ठहर्याइयो, किनभने उसलाई "तिमी त्यस्तो खालको मान्छे होइनौं" भनेर बुझिइयो र उनको प्रोफाइल डिलिट गर्न भनियो। अर्को एकजनालाई भने उनी नडराएसम्म उनको दाइले गाली गरिरहे। अनलाइन डेटिङ साइटमा प्रोफाइल हुनु पनि अर्को एउटा यस्तो काम हो जसले व्यक्तिलाई अतियौनिकको रुपमा हेर्ने ठाउँ बनाएको मानिन्छ। महिलाहरूले डेटिङ साइटमा प्रोफाइल बनाइ आफ्नै यौनिकता स्विकार्दा उनीहरूको निकटतम व्यक्तिहरूलाई नै कुरा बुझाउन अति गाह्रो भएको देखियो।

लक्षित समूह छलफलका सहभागीहरू अनलाइन डेटिङ साइटहरू जोखिम लिनका लागि लायक छैनन् भन्नेमा सहमत थिए। किनकी त्यस्तो कुराले आफूतर्फ नकारात्मक ध्यानाकर्षण र निश्चित कुराको आधारमा आफ्नोबारे नकारात्मक सोच्ने अवस्था निम्त्याउँछ भन्ने थियो। उनीहरूको धारणामा अरु सामाजिक साइटहरू (खासगरी फेसबुक)मा च्याटिङमार्फत् मानिसहरूसँग भावना साटासाट गर्नु पर्याप्त हो भन्ने धारणा देखिन्थियो।

तर, अनुसन्धानमा सहभागी भएका क्वेर अपाङ्गता भएका व्यक्तिको अनुभव भने भिन्न छ-

*"म आफूलाई क्वेर व्यक्तिको रुपमा चिनाउँछु [...], पार्टनरको लागि म डेटिङ एप प्रयोग गर्छु तर नेपालका अधिकांश डेटिङ एपहरू प्राय: जसो यौनिक मनोरञ्जनको लागि मात्रै प्रयोग गरिन्छ। यदि मैले यौन चाहने हो भने*

*एप खोलेर म पार्टनर भेटाउन सक्छु...”*

उनले अझै थपे,

*“डेटिङ एपहरूबाट मैले आफूले चाहेअनुरुपको पार्टनरहरू खोज्न सक्छु। हामी कुरा गर्छौं, गोप्य तरिकाले कुरा गर्छौं। हरेक कुरा अनलाइन मै शुरु हुन्छ, अनि अफलाइनमा जान्छ। क्वेर समुदायमा हरेक कुरा अनलाइनबाटै शुरु हुन्छ।”*

# अनलाइनमा सुरक्षित ठाउँको अभाव



# अनलाइनमा सुरक्षित ठाउँको अभाव

अपाङ्गता भएका महिलाहरूलाई आफ्नो यौनिक अभिव्यक्तिबारे छलफल गर्न अझ बढी सुरक्षित थलोहरूको खाँचो रहेको कुरा सहभागीसँगको कुराकानीले औंल्याएको थियो। यद्यपि, अपाङ्गता भएका महिलाहरूसँगको कुराकानीको क्रममा उनीहरूको आफ्नै फेसबुक पेजको अलावा सुरक्षित थलोको त्यस्तो कुनै विशेष नमूनाहरूबारे हामीले सुनेनौं। तुलनात्मक रुपमा, पहिलो चरणमा समलिंगी पुरुष र अधिकारकर्मी महिलाहरूबीच गरिएको इरोटिक्स सर्भेक्षणमा सहभागीहरूले आफ्नो गोप्य समूहहरू रहेको बताएका थिए, जसले सुरक्षित थलोहरूको रुपमा काम गर्ने गर्छन्।

अगाडी भनिए जस्तै , अपाङ्गता हक अधिकारका अभियन्ताहरूले आफ्नै फेसबुक समूहहरूभित्रै अपाङ्गता भएका समुदाय बाहेक बाह्य अन्जान मानिसहरूलाई फेसबुकमा नजोडेर आफ्ना लागि सुरक्षित अनुभवहरू बटुलिरहेका बताएका छन्। समुदायभित्र इच्छाएको ठाउँ बनाउनको लागि व्यक्तिहरूले एजेन्सीलाई प्रयोग गरिरहेका छन्। बदमासी र दूर्व्यवहार गर्नेहरूलाई रोक्नको लागि यस्तो उपाय अपनाउनु अतिआवश्यक कुरा पनि हो। तर यदि उनीहरू वृहत समुदायसँग कुराकानी गर्न अरु तारिकाहरू मार्फत् जोडिएका छैनन् भने यो रणनीतिले अपाङ्गता भएका महिलाहरूको यौनिक अभिव्यक्तिको छलफलहरूलाई उनीहरूकै समूहभित्र मात्रै सीमित राख्छ।

अपाङ्गता भएकाहरूका हकमा ध्यान दिएर बनाउन नसकिएको एउटा अर्को थलो हो, युट्यूव। लक्षित समूह छलफलकर्ताहरूले आफ्ना यूट्यूव अनुभव पनि साटे:

> *"हामी एउटा नेपाली सिनेमा हेर्न गयौं। उक्त सिनेमाका कलाकारहरूले हामीसँग भेटे। उनीहरूले हामीसँग अन्तर्वार्ता पनि गरे। हामीले सिनेमा मनपर्यो भनेका थियौं। त्यसको एउटा भिडिओ युट्यूबमा राखियो। त्यो भिडियोमा मैले थुप्रै नकारात्मक प्रतिक्रियाहरू देखें। त्यहाँ "अब, दृष्टिविहिन मान्छे, जसले सिनेमा हेर्न सक्दैन, उनीहरूले सिनेमा राम्रो छ भने। सायद बहिरा मान्छेहरूले पनि नसुनीकनै सिनेमा राम्रो छ भन्नेछन् !!! भन्ने खालका प्रतिक्रियाहरू थिए"*
>
> *त्यहाँ यत्ति धेरै घीनलाग्दो टिप्पणीहरू थिए।*
>
> *मलाइ लाग्छ,पछि उनी [मोडरेटर]हरूले टिप्पणीहरू हटाए।"*

कोही एक व्यक्तिले मूलप्रवाहको दर्शक सामु पर्नासाथ झेल्नु परेको अनलाइन हिंसाको यो अनुभवले अपाङ्गता भएका महिलाहरूले किन अनलाइन सामाजिकीकरणको सीमित घेरा नै छनौट गर्छन् भन्ने बुझ्न सघाउँछ। त्यसरी सीमित घेराको छनोट गर्दा इन्टरनेटमा व्यक्तिको अनुभव धेरै हदसम्म सकारात्मक र सुखद बन्न सक्छ भनेर बुझ्न सकिन्छ। यसरी अपाङ्गता हुनुको कलंक (stigma) बोकाइ इन्टरनेटमा दैनिक गतिविधिहरूको आनन्द लिंदा उपहास गरिन्छ र अपाङ्गता भएका व्यक्तिहरूको आफ्नो अनुभव अन्य व्यक्तिहरू सामु बाँड्न नसक्ने बनाइन्छ।

## अपाङ्गता भएका महिलाहरूको अनलाइन हिंसा अनुभव

अनलाइन हिंसालाई सामान्यतः डिजिटल/ प्रविधिसम्बन्धि थलोहरूमा हुने अनिच्छित यौनिक व्यवहारको रुपमा बुझ्ने गरिएको छ। अनलाइन हिंसामा हिंसा, धम्की वा कसैले प्रविधि वा इन्टरनेटको प्रयोग गरेर गर्ने हिंसाहरू पर्दछन्। यस्तो कार्यात्मक परिभाषामा, प्रापकले नरुचाएको जुनसुकै तहको हिंसालाई पनि हिँसा मानिन्छ चाहे त्यो जुनसुकै अभिप्रायले गरिएको होस्। अपाङ्गता भएका महिला छलफलकर्ताहरूको आफ्नै फेसबुक पेज, साथै अनलाइन डेटिङ साइट र युट्यूव अनुभवले उनीहरूले व्यापक रुपमा सामना गरेको अन्तरबर्गीय हिंसालाई दर्शाउँछ। त्यस्ता हिंसाहरू उनीहरूको महिला र अपाङ्गता भएको व्यक्तिको पहिचान लक्षित हुने गर्छन्। केही हिंसा सुक्ष्म-आक्रोशको स्वरुपमा प्रकट हुने गर्छन्। जहाँ अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरू सुन्दर वा सफल देखिएकोमा आदरभाव प्रकट गर्दा "उनीहरू त त्यस्तो (अपाङ्गता भएकोजस्तो) देखिदैनन्" भनेर प्रशंसाको आड लिएर उपहासपूर्ण व्यवहार गरिन्छ। अन्य आक्रमणहरू भावनात्मक श्रमको स्वरुपमा पनि बाहिर आउने हुन्छन्। जहाँ आफ्ना प्रश्नको उत्तर पाउँन र कौतुहलता मेट्न अन्य व्यक्तिहरूले अपाङ्गता भएका महिलाहरूलाई लगातार प्रश्न सोधीरहन्छन्। यो खण्डमा अपाङ्गता भएका महिलाहरूले खेप्नु परेको सुक्ष्मदेखि वृहत खालका अन्तरबर्गीय अनलाइन हिंसाबारे खोतल्ने छौं।

सामाजिक मान्यता अनुरुप के चाहिँ स्वीकार्य छ/छैन र कसैको आफ्नै सामाजिकीकरणले हामी कसरी/कहाँ हिंसाको महशुश गर्छौं भन्ने कुरालाई प्रभाव पार्न सक्छ। हाम्रा केही उत्तरदाताहरूले कहिलेकाहीं उनीहरूलाई अनलाइन प्रशंसा र हिंसा छुट्याउन कठिन भएको कुरा गरेका थिए। जस्तै एक सहभागीको फेसबुक पोष्टमा आएको निम्न प्रतिक्रियाको

> *"धेरैजसो म सकारात्मक टिप्पणीहरू पाउँने गर्छु। तर केही पुरुषले - "सेक्सी शरीर"भनेर टिप्पणी गरे ,---*

*मलाई थाहा भएन त्यो राम्रो हो कि नराम्रो हो।"*

दर्शक र टिप्पणीकर्ताले कसैको शरिरलाई यौनिकीकरण गरिदिँदा सराहनीय प्रतिक्रियाहरूलाई समेत यौनिक प्रतिक्रिया हो भन्ने "जोखिम" रहन्छ र असजिलो पार्छ। परिणाममा त्यस्तो प्रतिक्रिया असान्दर्भिक/अनुपयुक्त छ कि भन्ने प्रश्न उब्जिन्छ।

अपेक्षित प्रापकहरूभन्दा बाहिर तस्बीरहरू सेयर गरिनु अर्को एउटा समस्या भएको कुरा छलफलकर्ताहरूले बताए। एक क्वेर सहभागीले भने:

*"डेटिङ साइटमा यौनिकता अभिव्यक्त गर्न तस्बीरहरू पोष्ट गरिन्छ अनि मानिसहरूले खराब नियतका साथ घुमाउरो पारामा टिप्पणी गर्छन्। केही मान्छेले मेरो फोटोहरूको स्क्रिनसट लिएर अरु मान्छेलाई पठाइदिए। [...] र उनीहरूले त्यसरी सेयर गरेको नग्न तस्बीरको व्यक्ति, अर्को फरक व्यक्ति हुन सक्छ।"*

अर्का सहभागीले पनि उस्तै खालको दूर्व्यवहारको अनुभव गरेको र आफू बच्ने कदम चालेको अनुभव साटेका थिए। जबकी त्यस्तो व्यवहारको सामना गरिरहँदा त्यो दूर्व्यवहार थियो कि थिएन भन्नेबारे उनी आफू स्पष्ट नभएको कुरा पनि राखेका थिए।

*"एकपटक, म सारी लगाएर एउटा विहेमा गएँ। मैले ढाड देखाएको एउटा फोटो मेरो भाइले खिचिदियो। त्यो मलाई मनपर्यो। त्यसैले मैले त्यो फेसबुकमा पोष्ट गरे। त्यो फोटोमा ढाडमा थोरै मात्रै ब्लाउजले छोपिएको थिएन। एउटा केटाले त्यो फोटोमा टिप्पणी गर्यो "तिमी धेरै सेक्सी छ्यौं, म तिमीलाई भेट्न चाहन्छु"। त्यस्तो टिप्पणीले मलाई धेरै नराम्रो लाग्यो। र, मैले उसलाई ब्लक गरिदिएँ। मैले उसलाई त्यस्तो राम्रोसँग चिनेकी पनि थिइन।"*

यी दुबै घटनामा भनिएझैं कसरी अनावश्यक/अरुचिकर ध्यानाकर्षणलाई सुरुमै हटाउन र भविष्यमा नचाहेको स्थानमा त्यस्ता कुराकानीहरूलाई पुग्न नदिनुको लागि सावधानी र पूर्व-सावधानी अपनाउनु अपाङ्गता भएका महिलाहरूको अनलाइन जीवनको एउटा ठूलो हिस्सा हो भन्ने कुरा देखाउछ।।

हाम्रो छलफलले सहभागीहरूमा अनलाइनमा अपरिहार्य दूर्व्यवहार हुन्छ भन्ने निश्चित खालको बुझाई रहेको कुरा पनि देखायो। छलफलको क्रममा सार्वजनिक छवि भएका व्यक्ति दुर्व्यबहारमा परेको केहि घटनाहरूबारे पनि कुराकानी भएको थियो। उनीहरूले आफ्नो ख्यातीको लागि त्यस्ता दूर्व्यवहारहरू झेल्नुपर्छ भन्ने कुरा स्वीकार्ने गरेको पनि चर्चा भएको थियो। जस्तै, एक सहभागीले भने:

*"एकजना व्यक्ति छन्,छ...उनी नृत्यांगना हुन्। उनको धेरै तस्बीरहरू दुरुपयोग भएको छ। उनको तस्बीर प्रयोग गरेर बनाइएका नक्कली पेजहरू पनि छन्। मैले उनलाई त्यसबारेमा बताए र रिपोर्ट गर्नु पनि भनें। तर उनले लोकप्रियतासँगै यस्ता कुराहरू आउँछन् भन्ठानेर त्यसमा त्यत्ति ध्यान दिइनन्। तर, मेरो व्यक्तिगत सोचमा, त्यो सही होईन जस्तो मलाई लाग्छ। सायद उनलाई त्यो सही हो भन्ने लागेको हुनसक्छ र केही कदम चालेनन्। त्यसैले उनको तस्बीरहरू एकदमै दुरुपयोग भएका छन्।"*

हाम्रा सहभागीहरूको विचारमा पनि महिलाहरूको आफ्नै जोखिमपूर्ण र अपाङ्गताको कष्टकर चेतनाको समिश्रणको कारण उनीहरूले अझ बलियोसँग दूर्व्यवहारको अनुभव गर्छन् भन्ने थियो।

*"हो , समुदायमा यस्ता धेरै घटनाहरू भइरहन्छन्। जस्तो कि भेटौ न भनेर भन्ने अनि बलात्कार गर्न खोज्ने भएपछि बलात्कार प्रयासको शिकार हुनुपर्छ। यस्तो घटना अपाङ्गता भएका मानिसहरू आफूले आफैलाई मद्दत गर्न सक्ने अवस्थामा हुँदैनन् भन्ने बुझाइमा आधारित हुने गर्छ।"*

*"हामी मुलतः शरिरका कुनै अंग गुमाएकाहरूलाई प्रायः के हुन्छ भने, मानिसहरूले सबैभन्दा पहिले हामीलाई भावनात्मक तवरले ब्ल्याकमेल गर्न खोज्छन्। उनीहरूलाई हाम्रो शरिर र घाउ-चोटपटकको स्तरबारे थाहा हुन्छ र त्यही अनुरुप टिप्पणी गर्छन्। उदाहरणको लागि मलाई जतातत्तै चोटपटक लागेको छ। मैले स्टकिन्स लगाउँदा त्यो सबै प्रष्टसँग देखिन्छ। उनीहरू मेरो शरिरको अंग काटिएका ठाउँहरूको तस्बीर खिच्नको लागि सोध्छन्। मानिसहरूले मसँग त्यसकै तस्बीर खिच्नको लागि बढी सोध्ने गर्दा रहेछन् भनेर मैले सुरुमा महसुस गरिनँ। जब हामी हाम्रो अंग काटिएका ठाउँहरूको तस्बीर खिच्छौ, हाम्रो संवेदनशील र गुप्तांगहरू तस्बीरमा कैद हुने सम्भावना बढी हुन्छ। नेपाली केटाहरू त्यत्ति धेरै अगाडि छैनन् अनि उनीहरूले त्यत्ति सोध्ने ओर्ने गर्दैनन् पनि। तर बाह्य मुलुकका मानिसहरूले त्यस्तो [काटिएका ठाउँहरूको] फोटो खिच्नको लागि धेरै नै सोध्ने गर्छन्।"*

यी अनुभवहरूले अपाङ्गता भएका महिलाहरूले तहगत अनलाईन हिंसा झेल्नु परिरहेको तथ्य देखाउँछ। अपाङ्गता भएको शरिरमाथि लादिएको एउटा सीमा र यसले सिर्जना गरेको/गर्न सक्ने जोखिम छः यदि आक्रमण भइहालेको खण्डमा प्रभावकारी आत्मरक्षा गर्न धेरै गाह्रो हुन सक्छ।

अपाङ्गता भएका महिलाहरूमाथि हुने अनलाइन हिंसाको अलग्गै परिक्षण हुनुपर्छ। किनभने उनीहरूमाथि लक्षित हिंसा र दूर्व्यवहार विशेष प्रकारका छन् र उनीहरू आफैले खेपेका दूर्व्यवहारका अनुभवहरू अरु समुदायको भन्दा फरक हुन सक्छ। त्यसमाथि, दुर्व्यबहार गर्नेले बठ्याईका साथ् कसैको संवेदनशील/गुप्त अंगहरू नियाल्नकै लागि उनीहरुको अपाङ्गताको तस्बीर हेर्नु खोज्नुले अपाङ्गता भएका महिलाहरू कम जोखिमपूर्ण जस्तो लाग्ने दैनिक अनलाइन ब्यबहारमा पनि कति सतर्क रहनुपर्दछ भन्ने देखाउँछ। यी उदाहरणहरुले अनलाइनमा हुने जोखिमप्रति उच्च सजक रहेको र त्यसलाई

रोक्न सक्रिय आत्म-सुरक्षाका उपाय अपनाइएको कुरा उत्साहजनक देखिन्छ।

अनि, फेसबुकमा जथाभावी यौन समूहहरूमा मिसाईदिने, अनलाइन यौन क्रियाकलापको लागि याचना गरिने, र यौनजन्य सन्देशहरू पठाउने/पाउने उदाहरणहरू पनि छन्। जसको कारण अपाङ्गता भएका व्यक्तिहरू- खासगरी दृष्टिविहिनहरूले यौनिक तस्बीरहरू प्राप्त गरिरहँदा आफूले के कुरा पाइरहेको छु भन्ने थाहा नपाउँनाले पनि थप समस्या सृजना हुन पुग्छ।

त्यसमाथि, यो अनुसन्धानका दुई सहभागीहरूले आफ्नो आइडी ह्याक गरिएको, अनावश्यक र अरुचिकर तस्बीर र भिडियोहरू पाएको, र कुनै सहमति बेगर उनीहरूका तस्बीरहरू सार्वजनिक गरिएका लगायत साइबर अपराधबाट पीडित हुनुपरेको अनुभव पनि सुनाएका थिए।

हाम्रो एक अन्तर्वार्ता सहभागीले भनेको एउटा कथा सहित यो खण्डको अन्त्य गर्दछौः

> *"मेरो अर्को एउटा अनुभव, एकचोटि एकजनाले मलाई फेसबुकमा साथी बन्न अनुरोध पठायो। उसले मलाई सन्देश पठायो, मैले त्यसमा प्रतिक्रिया दिइनँ। मेरो दाइले पनि मेरो फोन प्रयोग गर्नुहुन्थ्यो। अनि दाइले जवाफ फर्काउनुभयो "हाइ, तपाईंलाई कस्तो छ ?"। त्यो सन्देश विदेशीबाट आएको थियो...। म उसको नाम अहिले सम्झिन्न। मलाई लाग्छ उसको नाम रिचार्ड वा त्यस्तै केही थियो। त्यो नक्कली आइडी थियो भन्ने कुरा मलाई थाहा थियो। उसले मेरो नम्बर पाएछ। मलाई थाहा भएन कहाँबाट हो कुन्नी। उसले अर्को केटीलाई प्रयोग गरेर मलाई फोन गर्यो। त्यो केटीले मलाई "युकेको रिचार्डको तर्फबाट तपाईलाई पार्सल छ, त्यसैले चार सय डलर सहित एयरपोर्टमा आउनुस्" भनिन्। म त्यो बेला भर्खर काम गर्न सुरु गरिरहेको थिए र मसँग त्यत्ति पैसा थिएन। भएको भएपनि म उनीहरूलाई दिनेवाला थिइनँ। अनि त्यसपछि मैले त्यहाँ युकेमा मेरो कोही त्यस्तो मान्छे छैनन् जसले मलाई पार्सल पठाउँछ। त्यसैले मलाई फोन नगर्नुस् नत्र म पुलिसकोमा जान्छु भने।*
>
> *अनि त्यो मान्छेले मलाई "म तपाईको तस्बीरहरू तपाइको साथी र परिवारलाई पठाइदिन्छु" भन्दै ब्ल्याकमेल गर्न थाल्यो। त्यो मेरो तस्बीर थिएन, त्यसलाई फोटोसप गरेर कसैको नाङ्गो शरिरमा मेरो अनुहार गाँसेर राखिएको थियो। म एकदमै तनाबमा परें। म मेरो कार्यलयमा थिए र मैले मेरो दाइसँग कुरा गरें। उहाँले मलाई पुलिसकोमा गएर रिपोर्ट लेखाउने सल्लाह दिनुभयो। मैले त्यसै गरें; म टेकुको पुलिस चौकीमा गए, त्यो फोटो र नक्कली फेसबुक आइडी देखाएर साइबर अपराध रिपोर्ट दायर गरें। त्यसपछि त्यो फेसबुक आइडी ब्लक गरियो तर मलाई फोन आएको नम्बर भने पत्ता लगाउन सकिएन- उनीहरूले मलाई त्यो फोन भारतबाट आएको थियो भने। तर त्यो फोन गर्ने केटी नेपालीमै बोल्दै थियो। यो घटना करिब दुईवर्ष अघि भएको थियो।*
>
> *यो कुरा मैले मेरो ठूलो दाइबाहेक अरु कसैलाई भनिनं। मैले मेरो आमालाई समेत भनिनं किनकी उहाँले मलाई र मेरो चरित्रलाई गलत मान्नु हुनेथियो। यदि मैले मेरा साथीहरूलाई भनेकी भए मैले नै त्यस्तो खाले तस्बीरहरू पठाएकी थिएँ भन्ठान्थे होलान्। नेपालको सन्दर्भमा यौन र यौनिकताबारे साथीहरूसँग कुरा गर्न एकदमै अप्ठ्यारो छ। म कसैसँग कुरा गर्न सक्दिन। तपाइँ सिर्फ तपाईको श्रीमान् वा यौन साथीसँग वा यो विषयमा केही जाने-बुझेका मानिसहरूसँग मात्रै [यसबारेमा] कुरा गर्न सक्नुहुन्छ। मेरो सन्दर्भमा, म आफ्नै श्रीमानसँग पनि कुरा गर्न सक्दिन। म मेरो श्रीमानसँग सँधैजसो पोर्न हेर्ने गर्थे। खासमा, उसले नै मलाई पोर्न हेर्न सिकाएको थियो। तर जब हामी छुट्टियौं, उसले मलाई, म एक चरित्रहीन पोर्न हेर्ने केटी हो भनेर दोष लगायो।"*

यो कथामा हामी अनलाइन हिंसाको एक उत्तम नमूना देख्न सक्छौं। जहाँ अनलाइन हिंसाका आयामहरू, अपराधको प्राविधिक पक्षहरू (तोडमोड र जोडजाड पारेर तयार पारिएको तस्बीर), ठगी, प्रतिरुपण (पहिचान चोरी), महिलाको यौनिकता र अपाङ्गता भएका महिलाको यौनिकता प्रतिको नैतिकताको दृष्टिकोण सबै एकैसाथ आएको पाउँछौं।

यस्तो चित्रणले अपाङ्गता भएका महिलाहरूले आज अनलाइन दुनियाँमा सामना गर्नु परिरहेको चुनौतीका रुपहरू देखाएको छ। अर्को खण्डप्रति आशावादी हुँदै यही नेर हामी हाम्रो विश्लेषणको बिट मार्छौं।

## इन्टरनेटबिनाको जिवन सुस्त हुनेछ

इन्टरन्टबारे अन्तिम शब्दका लागि हामी घरैमा बसेर काम गर्ने एक अधिकारकर्मीको अनुभवको एक अंश प्रस्तुत गर्दछौः

> *"म अपाङ्गता भएको व्यक्ति हुँ। मेरो परिवार र साथीहरूले मलाई बाहिरी दुनियाँबाट 'सुरक्षित' राख्न चाहेकोले वा मैले काम गरेको उनीहरू चाहदैनन्, त्यसैले मलाई मेरो घरभन्दा बाहिर जान दिँदैनन्। इन्टरनेटबिना म मेरो जीवन कल्पनै गर्न सक्दिन। मेरो जीवन सुस्त हुनेछ।"*

अपाङ्गता भएका व्यक्तिहरूका लागि इन्टरनेटमार्फत् जोडिनु र गतिशील हुनु लाभदायक भएको छ। इन्टरनेट अपाङ्गता भएका महिलाहरू रमाउने एउटा थलोको रुपमा विकास गर्नका लागि यसको पहुँचमा भएको अवरोध, वहिष्करण र अफलाइन थलोहरूमा रहेको हिंसालाई थप खोतल्नु जरुरी छ।



# सम्मानजनक अनलाइन जीवनका लागि सुझावहरू

# सम्मानजनक अनलाइन जीवनका लागि सुझावहरू

हाम्रा एक सहभागीले अपाङ्गता भएका महिलाहरूको जीवन सुधार्न इन्टरनेटले कसरी एक सकारात्मक पूँजीको रुपमा काम गर्दछ भन्ने कुरा गरेका थिए:

> *“अपाङ्गता भएका व्यक्तिहरूले सम्मानजनक र सामान्य जीवन जिउन सबै कुरा, जस्तै- शिक्षा, रोजगार, सम्बन्ध, सन्तान आदिको आवश्यकता पर्दछ। र, सामाजिक सञ्जाल र इन्टरनेट एक सामान्य कुरा जस्तो देखिनुपर्छ। इन्टरनेटले अपाङ्गता भएका व्यक्तिहरूले अन्य व्यक्तिहरू सरह जीवन बाँच्नु सामान्य कुरा हो भन्ने महशुश अपाङ्गता नभएका व्यक्तिहरूलाई गराउनुपर्दछ। यदि ह्वीचेयर प्रयोग गर्ने महिलाले विहे गरिन्, सन्तान जन्माइन भने मानिसहरूले सोच्छन् कि- “के उनलाई विहे गर्नु जरुरी थियो र ?के उनलाई बच्चाको खाँचो थियो र ?” अनि, यदि दृष्टिविहिन केटीले विहे गरिन् बच्चा जन्माइन् भने मानिसहरूले सोच्छन् कि “किन उनीहरूलाई बच्चा जन्माउनु परेको होला, जबकी उनीहरू दृष्टिविहिन हुन्”, आदि। मानिसहरू अनौठो र असहज खालका प्रतिक्रिया जनाउँछन्। त्यसैले, म आशा गर्छु, दश वर्षपछि हामी केही परिवर्तन देख्नेछौं। म आशा गर्छु, अपाङ्गता भएका व्यक्तिहरूले विहे गरेको, बच्चा जन्माएको जस्ता कुरालाई अन्य व्यक्तिहरूले पूर्णरुपमा सामान्य मान्नेछन्। र, मलाई लाग्छ इन्टरनेट र सामाजिक सञ्जालले यसमा हामीलाई सहयोग पुर्याउँनुपर्छ।”*

हाम्रो अध्ययनको आधारमा, यी सुझावहरू अपाङ्गता भएका महिला र क्वेर व्यक्तिहरूको अनलाइन यौनिक अभिव्यक्ति स्वतन्त्रता प्रबर्द्धन गर्ने हितमा रहेका छन्।

## सरकार तथा सरकारी निकायहरूका लागि सुझाव

राष्ट्रिय नीतिहरूले अभिव्यक्ति स्वतन्त्रताको हनन् गर्दछ। प्रायः यौनिक अभिव्यक्तिलाई अपराधीकरण गर्दछ। मानिसहरूले कसरी उनीहरूको विचार र चाहनाहरू व्यक्त गर्छन् भनेर सीमा तोक्ने र नियन्त्रण पनि गर्ने गर्दछ। विद्युतीय कारोबार ऐन, दफा ४३[45] र सूचना प्रविधि विधेयक, दफा ४४[46]ले व्यक्तिको अनलाइन यौनिक अभिव्यक्तिमा प्रतिबन्ध लगाएको छ। राष्ट्रिय नियम तथा कानूनहरूको बाबजुद स्थानीय सरकारले आफ्ना नागरिकहरू, विशेषगरी महिला र बालिकाहरूलाई नैतिकताको कसीमा कस्ने गर्छ। त्यस्तै, राष्ट्रिय नीतिहरू ‘साङ्गवादी’ र महिला-पुरुषको द्वलिंगी मान्यतामा निर्मित भएकोले अपाङ्गता भएका महिला र क्वेरहरूका लागि मैत्रीपूर्ण छैनन्। मुलुकी देवानी संहिता ऐन,२०७४ को पारिवारिक कानून र गोपनीयता सम्बन्धी ऐन २०७५ ले समेत अपाङ्गता भएका महिलाहरूलाई अझै बहिष्कृत अवस्थामा पुर्याउने खतरा छ।[47] यी ऐन र कानूनहरूले नागरिकहरूको अभिव्यक्ति स्वतन्त्रता र यौनिक अभिव्यक्तिलाई बन्देज लगाएको छ। अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरूको मानव अधिकारको उपभोग गर्नबाट रोकेको छ। तसर्थ यिनको संशोधनको खाँचो तड्कारो छ।

थेरै अपाङ्गता भएका व्यक्तिहरू सूचना, सेवा लिनको लागि अनलाइन थलो र डिजिटल प्रविधिहरूमा भर परेका छन्। अन्यत्रबाट त्यस्तो सूचना र सेवा पाउनको लागि उनीहरूको पहुँच छैन। तैपनि उपकरण र इन्टरनेट जडानको मूल्य अझै महंगो छ। राज्यले सीमित छुट मात्रै उपलब्ध गराएको छ। सरकारले पछिल्लो समयमा बहिरा व्यक्तिहरूको लागि इन्टरनेट प्रयोगको हकमा दिएको केही छुटको प्रावधान सराहनीय छ। यद्यपि, यसलाई विस्तार गर्न सकिने छ। उपकरण सर्वसुलभ भएमा र सुपथ मूल्यमा इन्टरनेट प्रयोग गर्न पाएमा अपाङ्गता भएका व्यक्तिहरू त्यसबाट लाभान्वित हुनेछन्। अपाङ्गता भएका व्यक्तिहरूलाई केवल ती सेवासुविधा ग्रहण गर्ने लाभग्राही/सेवाग्राही समूहको रुपमा मात्रै हेरिनु हुँदैन। मुख्य साझेदार समूहको रुपमा सूचना सञ्चार र प्रविधिसम्बन्धी राष्ट्रिय नीति र रणनीति निर्माणको प्रक्रियामा उनीहरूसँग परामर्श गरिनुपर्छ।

45 Dahal.T. et. al.(2016) Freedom of Expression on Internet in Nepal. Freedom Forum. https://ifex.org/images/nepal/2016/08/05/nepal_freedom_expression_internet_freedomforum.pdf

46 (2019). Policy Paper: Information Technology Bill 2019, from a feminist lens. Body and Data. https://files.bodyanddata.org/nextcloud/index.php/s/WCRo3DL6XcBGLiJ

47 The Privacy Act2018. s. 6 (Nep). वैयक्तिक गोपनियता सम्बन्धि ऐनको दफा ६ अनुसार, ‘होश ठेगानमा नरहेको’ व्यक्तिको प्रजनन स्वास्थ्य र गर्भावस्थाको सूचना निजको परिवार वा हेरचाहकर्तालाई दिन सकिन्छ। यसो गर्नु भनेको व्यक्तिको गोपनियतामाथि सिधा हस्तक्षेप हो। यसले व्यक्तिको आफ्नो शरीरलाई बुझेर आफ्नो बारे निर्णय लिने स्वायत्तताको सम्मान गर्दैन। त्यसैले यसमा संसोधनको खाँचो छ। ‘होश ठेगानमा नरहेको’ भन्ने शब्द आफैमा सक्षमतावादी दृष्टिकोणबाट आएको छ र यसले बौद्धिक तथा मनोसामाजिक अपाङ्गता भएको महिलाहरुलाई अझ सीमान्तीकरणमा पार्ने सम्भावना रहन्छ।

## अपाङ्गता भएका समुदायका लागि सुझाव

अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकताहरू जसरी पहिचान गरिएका छन्, ती भिन्न पृष्ठभूमि र परिवेशबाट आएका मानिसहरूका लागि समावेशी छैनन् र ती सबै कुराहरूको नेतृत्व ब्राह्मण त्याचलैंगिक (सिसजेण्डर)व्यक्तिहरूले लिइरहेका छन्। यसले आवश्यकताहरूको उचनीचक्रम निर्धारण गरिदिएको छ। जहाँ यौनिकताका पक्षहरूलाई 'आधारभूत आवश्यकता' मानिदैनन्। त्यसैले समुदायभित्र धेरैको आवाजहरू समावेश भइरहेका छैनन्। अपाङ्गता अधिकार आन्दोलनको एजेण्डा निर्धारणमा अपाङ्गता भएका महिला र क्वेर व्यक्तिहरूलाई जात, जातीयता, वर्ग, शैक्षिक अवस्था, भौगोलिक अवस्थिति, र उमेर समूहको हिसाबले समावेश गरिनु आवश्यक छ। गम्भीर अपाङ्गता भएका व्यक्तिहरू अपाङ्गता अधिकारको छलफलहरूमा छुटिरहेका छन्। उनीहरूलाई समावेश गर्नको लागि अझ धेरै मेहेनत गर्नुपर्छ। इन्टरनेट र अनलाइन थलोहरूको 'राम्रो' वा 'खराब' प्रयोगको सन्दर्भमा हुने बहस भित्र कुनै पनि व्यक्तिको अनलाइन थलोमा हुने सुक्ष्म र अस्तव्यस्त (messy) अभिव्यक्तिको पाटो समेट्दै त्यसको पुनर्संरचना गरिनु आवश्यक छ।एकजनाले मात्रै यौनिकताको विषयमा कुरा गर्नुको जोखिमबाट निस्कनको लागि एकीकृत अभियानमा केन्द्रित हुनुपर्दछ। जहाँ- सबैको सहभागिता हुन्छ, समस्याहरूमाथि ध्यानाकर्षण गरिन्छ, जोखिम र नकारात्मक ध्यानाकर्षणहरूलाई एक व्यक्तिको रुपमा हैन समुदायको रुपमा संबोधन गर्ने सुनिश्चित गरिन्छ।

अपाङ्गता भएका अभियन्ताहरूमाथि समुदायको लागि उदाहरणीय र प्रेरक व्यक्ति बनीराख्न स्व-नियन्त्रण गर्नुपर्ने दबाबबारे पुनर्विचार गरिनुपर्दछ। यसलाई व्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको अधिकारको कोणबाट हेरिनुपर्दछ। अपाङ्गता भएका महिला र क्वेर व्यक्तिहरूको यौनिकतालाई आन्दोलनभित्र प्राथमिकताको रुपमा स्वीकार गरिनुपर्दछ। ताकी उनीहरूले आफ्नो 'अभियन्ता छवि'को अलावा अरु पक्षहरूसहित पूर्णतया स्वीकारिएको महशुश गर्न सकून्।

हिंसामा परेपछि अपाङ्गता समुदायले एकाअर्कालाई भरथेग गर्ने गरेको छ। तैपनि अपाङ्गता र यौनिकतासम्बन्धी चलिरहेका छलफलहरूमा अपाङ्गता भएका महिलाहरूका लागि कुनै स्थान छैन। छलफलका लागि आवश्यक सुरक्षित थलोको अभाव छ। अन्तर्राष्ट्रिय फोरमहरूमा आमन्त्रण गरिएपछि मात्र त्यस्ता छलफलहरूमा उनीहरू सहभागी हुन सक्छन्। तसर्थ उनीहरू तिनै छलफलहरूमा मात्र सीमित भइरहेका छन्।

## प्रविधि विज्ञ र प्रविधि विकासकर्ताहरूका लागि सुझाव

प्रविधि र इन्टरनेटमा पहुँच हुनु भनेको कसैको लागि आफूलाई स्वतन्त्र र खुला रुपमा अभिव्यक्त गर्ने माध्यम हुनु हो, र पहिलो कदम चाल्नु पनि हो। यद्यपि, डिजिटल प्रविधिहरू कामकाज र/वा इन्टरफेसको हिसाबले प्राय: जसो अपाङ्गता भएका व्यक्तिहरूका लागि मैत्रीपूर्ण छैनन्। त्यस्ता प्रविधिहरू माथिको पहुँच लगायतका कुराहरु पछि विचार गरिनु वा थप्नुपर्ने कुराको रुपमा मात्रै आउने गर्दछ। सबै सामाजिक सञ्जालहरू र तिनको विषयवस्तुहरू अपाङ्गता भएकाहरूको पहुँचयुक्त छैनन्। अपाङ्गता भएकाहरूलाई सहयोग गर्न बनाइएका प्रविधि परियोजनाहरूले पनि (खाका तयारीको चरणहरूमा होइन) तयार भइसकेपछि मात्रै उनीहरूसँग सल्लाह र सुझाब लिने गर्छ। अपाङ्गता भएका व्यक्तिहरूबाट त्यस्तो रचनात्मक समीक्षा र कामकारी सुझावहरू बिना कुनै मुआब्जा 'बाध्यात्मक स्वयंसेवी' तवरमा उपलब्ध होस् भन्ने अपेक्षा पनि गरिन्छ। डिजिटल प्रविधिहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा पुर्याउनका लागि उनीहरू समक्ष सिधै लगिएको होस् वा नहोस्, ती परियोजनाको शुरुआतदेखि कार्यन्वयनको चरणसम्म नै उनीहरूको अर्थपूर्ण सहभागिता हुनुपर्दछ र अपाङ्गता समुदायसँग परामर्श गरिनुपर्दछ। समुदायसँग नियमित सल्लाह सुझाव लिने अभ्यासको अवलम्बनले मात्र उत्पादित वस्तुको गुणस्तर र समावेशितामा सुधार ल्याउन सकिन्छ।

## वृहत समुदायलाई सुझाव

अपाङ्गता र यौनिकताको छलफलहरू जसरी भइरहेका छन्, त्यसको लागि समाजले वृहतत्तर रुपमा उत्तरदायित्व वहन गर्नुपर्ने आवश्यकता छ। अपाङ्गता भएका महिला र क्वेर व्यक्तिहरूलाई 'दया' र सहयोग चाहिरहने पात्रको रुपमा मात्रै हेरिने प्रवृत्तिभन्दा पर गएर उनीहरूको प्रतिरोधका कथाहरूलाई समाजले सदृश्य बनाउनुपर्दछ र उनीहरूको एजेन्सीको कदर गर्नुपर्दछ। अपाङ्गता र यौनिकतासम्बन्धी छलफलहरूले एउटा अपाङ्गता भएको महिलाले आफ्नो बारेमा कल्पना गर्न सक्छ भनेर आशावादी बनाउन सक्छ। चाहे त्यो भविष्यमा विवाह गर्ने कुरा होस्, परिवार बसाल्ने कुरा होस्, र यौन आनन्द लिने कुरा होस्, यी कुराहरू गर्ने वा नगर्ने भन्ने लगायतका कुराहरू सोच्न सक्षम छ भनेर उनको भविष्यको दायरा फराकिलो पार्न सक्छ। उनीहरूका लागि सुरक्षित र खुला थलोहरू निर्माण गरिनुपर्दछ जहाँ यस्ता कुराकानीहरू गरिदा गलत ठहर्याइने वा मुल्यांकन हुने प्रवृत्तिबाट मुक्त हुन सकियोस्। नेपालमा अपाङ्गता भएका समुदायहरू केन्द्रीत, अझ समुदायभित्रैका महिला र क्वेर व्यक्तिहरू केन्द्रित प्राज्ञिक अनुसन्धानहरूको खाँचो पनि तड्कारै छ। यस सम्बन्धी अहिलेसम्म उपलब्ध भएका अनुसन्धान तथा नयाँ उत्पादन गरिने ज्ञानहरू पहुँचयोग्य ढाँचाहरूमा व्यापक रुपमा वितरण गरिनुपर्दछ।

## अन्य आन्दोलनहरूका लागि सुझाव

अन्तरबर्गीय आन्दोलन निर्माणका लागि- क्वेर अधिकार आन्दोलन, महिला अधिकार आन्दोलन र यौनिक अधिकारका पहलहरूले अपाङ्गताको विषयलाई उनीहरूको मुद्दा र

क्रियाकलापहरूसँग अंतर्सम्बद्ध /अन्तरबर्गीय गरिनुपर्छ। हाम्रो अध्ययनले देखाए अनुरुप, अभियन्ताहरू माझ पनि यौनिकताबारे खुला संवाद हुँदैन। महिलाको यौनिक अभिव्यक्तिलाई गलत मानी स्वीकार नगर्ने मुलप्रवाहको प्रवृति अझै छ। यौनिकतासम्बन्धी सोच अझैपनि संकीर्ण छ र सीमित छलफलमा मात्र छन्। नेपालमा यौनिकताको परिभाषा र बुझाईलाई विस्तार गर्ने खालको अभियानहरूको खाँचो छ। यौनिकताको छलफलहरूमा अनलाइन गोपनीयता, सहमति र सुरक्षाका मुद्दाहरूको सम्बोधन हुनु उत्तिकै महत्वपूर्ण छ। गोपनीयता, सहमति र डाटा सुरक्षासम्बन्धी हाम्रा सहभागीहरूको बुझाई कम छ। उनीहरूको सहमतिबिना अरुको सामाग्रीहरू पोष्ट गरेर गोपनीयताको अधिकार उल्लंघन गरेको घटना सहभागीहरूले छलफलमा ल्याएका थिए। अपाङ्गता भएका महिला अधिकारकर्मीहरूलाई यस्ता अवधारणाहरू बुझ्न/बुझाउन र ती अवधारणाहरूलाई उनीहरूको समुदायमा अवलम्बन गर्न/गराउनका लागि तालिमद्वारा सहयोग पुर्याउनु महत्वपूर्ण हुनेछ।

# अनूसुची

## समुह केन्द्रित छलफल निर्देशिका

तपाई आफ्नो परिचय दिनुस् ।

के तपाई मल्टीमेडिया फोन प्रयोग गर्नु हुन्छ? के त्यसमा इन्टरनेट छ? तपाइको बसोबास गर्ने ठाउँमा इन्टरनेट उपलब्ध छ?

के तपाई सरकारबाट उपलब्ध कुनै इन्टरनेट वा अन्य विधुतीय सेवा- सुबिधा लिनु हुन्छ?

के तपाई आफ्नो अपाङ्गतासंग सम्बन्धित कुनै बिशेष एपहरु प्रयोग गर्नु हुन्छ? ति प्रयोग गर्न कत्तिको सहज छ?

तपाई कुनै सामाजिक संजालमा हुनुहुन्छ? कुन सामाजिक संजाल केको लागि प्रयोग गर्ने भनेर छुटाउनु भएको छ कि? धेरै जसो कुन सामाजिक संजाल प्रयोग गर्नु हुन्छ ? कुन प्रयोग गर्न रुचाउनु हुन्छ?

सामाजिक संजालमा आफ्नोबारे कत्तिको जानकारीहरु राख्नु हुन्छ? (जस्तै फोटो, अनुभव, भावना, सूचना, आदि)

सामाजिक संजालमा आफुले राख्नु भएको पोस्टमा कस्तो खाले प्रतिक्रिया र कमेन्टहरु पाउनु हुन्छ र त्यसको तपाई कसरी जवाफ दिनु हुन्छ?

सामाजिक संजालमा कस्तो प्रकारको सामग्रीलाई तपाई यौनिकता सम्बन्धि सामग्री भनेर सोच्नु हुन्छ? के तपाई त्यस्ता सामग्री पोस्ट गर्नु हुन्छ?

के तपाईले इन्टरनेटमा आफ्नो यौनिकता ब्यक्त गर्दा कुनै किसिमको दुर्ब्यबहारपूर्ण कमेन्टहरु वा गालि पाउनु भएको छ? तपाइलाई आफ्नो अपांगता सम्बन्धि कमेन्टहरु पनि आउछन्?

के तपाइले डेटिंग एपबारे सुन्नु भएको छ? के तपाई अथवा तपाइको साथीहरुले यी एप प्रयोग गर्नुहुन्छ? गर्नु हुन्छ भने तपाईको अनुभब कस्तो रह्यो?

यौनिकतालाई ब्यक्त गर्न र खोज्ने कार्यको लागि इन्टरनेटको महत्व कस्तो देख्नु हुन्छ?

के तपाई आफ्नो यौनिकता व्यक्त गर्न र आनन्द पाउनको लागि कुनै इन्टरनेटका प्लेटफर्म प्रयोग गर्नु हुन्छ? (जस्तै पोर्न हेर्ने, टिक-टक हेर्ने अथवा बनाउने)

के तपाई इन्टरनेटमा शरीर र यौनिकता सम्बन्धि बिषयको छलफलमा संलग्न हुनु हुन्छ? कसरी?

तपाई इन्टरनेटमा कस्तो खालको शरीरहरूको प्रतिनिधित्व देख्नुहुन्छ ? इन्टरनेटमा शरीर सम्बन्धि कस्ता खाले कुराहरु भएको देख्नु हुन्छ? तपाईको यसमा के विचार छन्?

के तपाईलाई इन्टरनेटमा अपाङ्गता भएको शरीरमाथि विभेदकारी र दुर्ब्यबहारयुक्त ब्यबहार गरिन्छ जस्तो लाग्छ ? तपाईले कस्तो खालको विभेद देख्नु वा भोग्नु भएको छ?

के तपाई कुनै धम्कि, नकरात्मक प्रतिक्रिया वा हिंसाको डरले आफुलाई इन्टरनेटमा स्व-नियन्त्रण (self-censorship) गर्नुहुन्छ?

इन्टरनेटमा आएका नकरात्मक प्रतिक्रिया वा हिंसाको प्रतिरोध गर्न केहि उपाय अपनाउनु भएको छ? (जस्तै, मान्छेहरुसंग वाद-विवाद गर्ने, सामाजिक संजालमा रिपोर्ट गर्ने, पुलिसमा रिपोर्ट गर्ने)

के इन्टरनेटले तपाईलाई साथी, समूह अथवा वेबसाइटको माध्यमबाट आवश्यक मदत पाउन सहयोग गरेको छ?

# अन्तर्वार्ता फारम

सामान्य जानकारी

नाम

उमेर

जात

जातीयता/आदिवासी पहिचान

व्यवसाय

लैंगिक/ यौनिक अभिमुखीकरण

वैवाहिक अवस्था

पहुँचयुक्तता

तपाई इन्टरनेटको प्रयोग गर्नु हुन्छ कि हुन्न? हुन्छ भने कुन स्थान र कुन साधन (device) मा प्रयोग गर्नु हुन्छ?

तपाईले प्रयोग गर्ने साधन र अनलाइन थलोहरु तपाइको दैनिक जीवनयापन प्रयोगको लागि कतिको सहयोगी छन्?

तपाईं धेरै जसो कस्ता अनलाइन थलोहरु/प्लेटफर्म र अप्लिकेशनहरु प्रयोग गर्नु हुन्छ? त्यसमा केहि पहुच सम्बन्धी समस्या छन्?

यस्ता प्लेटफर्म प्रयोग गर्दा के कस्ता कठिनाईहरु हुन्छन ? के तपाइँ आफ्नो अपांगताको अवस्था र आवश्यकता अनुसार कुनै बिशेष एप वा कार्यक्रम/साधन प्रयोग गर्नु हुन्छ?

के तपाइले सरकारबाट प्रदान गरिएको टेलिफोन वा इन्टरनेटको प्रयोग र पहुँचयुक्ततासँग सम्बन्धित नीति/सेवा सुबिधाबाट उचित लाभ पाइराख्नुभएको छ?

के तपाइँसामु कुनै व्यक्ति (नीतिनिर्माता या टेक्नोलोजी कम्पनिका प्रतिनीधि) इन्टरनेट या प्रबिधिको पहुँचयुक्तता सम्बन्धि तपाईको आवश्यता या तपाईको अनुभवबारे परामर्श या छलफल गर्न आउनुभएको छ ?

**अभिव्यक्ति/प्लेटफर्म र अनुभव**

तपाइँ अनलाइनमा आफ्नो व्यक्तिगत जानकारी (फोटो, बिचारहरु) कत्तिको सेयर गर्नु हुन्छ ?

तपाई आफ्नो बिचारहरु सेयर गर्न कस्तो खाले प्लेटफर्म प्रयोग गर्नु हुन्छ ? कस्तो खाले प्लेटफर्महरु आफ्नो यौनिक अभिव्यक्ति सेयर गर्न प्रयोग गर्नु हुन्छ ?

तपाइँ यौन स्वास्थ र यौनिकतासँग सम्बन्धित जानकारी पाउनको लागि कस्ता खाले प्लेटफर्म/वेबसाइट प्रयोग गर्नुहुन्छ?

तपाईं इन्टरनेटमा प्राय कस्ता खाले शरीरहरु देख्नु/पाउनु हुन्छ ? त्यहाँ अपाङ्गता भएका शरीरहरुलाई कसरी देखाइन्छ वा बुझिन्छ?

**अनलाइन अनुभव**

के तपाइले कुनै अनलाइन दुर्व्यबहार या प्रशंसा प्राप्त गर्नु भएको छ? तपाईको त्यसमा कस्तो अनुभव रह्यो?

के तपाइले कुनै अपाङ्गता भएको व्यक्ति या यो समुदायको सदस्यले अनलाइन दुर्व्यबहार भोगेको देख्नुभएको छ?

के तपाइले आफ्नो यौनिकतासंग सम्बन्धित अभिव्यक्तिकै कारण अनलाइन दुर्व्यबहार या प्रशंसा प्राप्त गर्नु भएको छ? आफ्नो अनुभव बाड्नुहोस् !

आफ्नो निश्चित (भावना, बिचार, फोटोहरु) पोस्ट गर्दा तपाईंले कस्तो खाले प्रतिक्रिया पाउनु भएको छ ?

के तपाईंले सम्भावित धम्कि र अनलाइन हिँसा या आफ्नो मौलिक अभिव्यक्तिको कारण आफुलाई अनलाइनमा ब्यक्त गर्नबाट रोक्ने (सेन्सर) गर्नुभएको छ ?

अनलाईनमा हुने हिंसाको प्रतिरोध गर्न या आफुलाई बचाउन कस्ता उपाय/मापदण्डहरु प्रयोग गर्ने गर्नुभएको छ ? (मानिससंग अनलाईन बिबाद/बहस गर्ने, पोस्ट या कमेन्टलाई रिपोर्ट गर्ने, मेटाउने, पुलिसमा रिपोर्ट गर्ने इत्यादी )

**अनलाईन प्लेटफर्ममा यौनिक अभिव्यक्ति**

नेपाल सरकारले महिला तथा बालबालिका माथि हुने हिँसालाई देखाउदै पोर्नोग्राफी बन्द गरेको छ, यस बारेमा तपाईको धारणा के छ ?

के तपाईं आफ्नो यौनिकता व्यक्त गर्न या आफ्नो आनन्द/सुखको लागि कुनै प्लेटफर्म प्रयोग गर्नुहुन्छ ? (पोर्न भिडियोहरु हेर्ने/सुन्ने, टिकटक बनाउने/हेर्ने, डेटिंग एप प्रयोग गर्ने )

यदि तपाईंको कुनै अंतरंगी साथी/पार्टनर छ भने, तपाईंको अनलाईन अभिव्यक्ति जस्तै तपाईंले आफ्नो फोटोहरु सेयर गर्दा उहाँले कस्तो प्रतिक्रिया दिनुहुन्छ ? यदि तपाई एक्लो/सिंगल हुनुहुन्थ्यो भने के यो अवस्था केहि फरक हुन्थ्यो होला ?

**अभियानको थालनी/ समुदायको निर्माण**

बिभिन्न अभियानको सुरुवात गर्न इन्टरनेटले कतिको सहयोगी भूमिका खेलेको छ ? के यसले नेपालको अपाङ्गता अभियान/आन्दोलनलाई योगदान पुर्याएको छ ?

# पहुँचभन्दा परः
# अनलाइनमा अपाङ्गता भएका महिला
# र क्वेर व्यक्तिहरूको स्व-अभिव्यक्ति र यौनिकताको अन्वेषण

Body & Data

बडी एण्ड डाटा नेपालमा डिजिटल अधिकार सम्बन्धि काम गर्ने संस्था हो
जसले महिला र क्व्येर व्यक्तिहरुको अभिव्यक्ति, स्वायत्तता र एजेन्सीका लागि
उपयुक्त उपाय/रणनीतिहरु प्रदान गरी  डिजिटल स्थानहरुमा
उनीहरुको संलग्नता बढाउने लक्ष्य राखेको छ।

**bodyanddata.org**